भारतको पहिलो रङ्गीन नेपाली/गोर्खा दैनिक

# हिमालय दर्पण




स्पिनरहरूका स्वर्गमा चीरप्रतिद्वन्द्वी पाकिस्तानको चुनौती स्वीकार्न तयार टीम इण्डिया **खेल दर्पण**

कालेबुङ जिल्लाको ९औं स्थापना दिवस दुई दिने फूल प्रदर्शनीसहित पालन **कालेबुङ दर्पण**


जमीनको हक दिलाउनु खोज्दा अफवाहमा विरोध गरे त्यसले पछि धेरै दुख्नेछ : अनित **दार्जीलिङ दर्पण**

भारत माता की जयबाट संविधान शुरु हुँदैन : ओवैसी **राष्ट्रिय दर्पण**




सिलगढ़ी, १५ फरवरी २०२६ आइतवार वि.सं. २०८२, फागुन ३ गते | वर्ष : २४ अङ्क २१५ पृष्ठ १२ | मूल्य : ७.०० रुपियाँ | Vol: XXIV Issue: 215 Page 12 | Siliguri 15 February, Sunday 2026 | ₹ 7.00


## आज कोलम्बोमा भारत-पाकिस्तान महासंग्राम



पाकिस्तानसित टी-२० विश्व कपको म्याचअघि शनिवार कोलम्बोमा अभ्यास गर्दै भारतीय ब्याटर अभिषेक शर्मा।

### संक्षेपमा

## इलेक्टोरल ट्रस्टको ८२ प्रतिशत चन्दा भाजपालाई

**नयाँ दिल्ली, १४ फरवरी (निसं):** आर्थिक वर्ष २०२४-२५ मा इलेक्टोरल ट्रस्टहरू (चुनाउ कोषमार्फत चन्दा दिने संस्था)-ले राजनीतिक दलहरूलाई कुल ३,८२६ करोड़ रुपियाँभन्दा बढ़ी रकम वितरण गरेका छन्। यो विवरण एसोसिएशन फर डेमोक्रेटिक रिफर्मस् नामक संस्थाले सार्वजनिक गरेको रिपोर्टमा उल्लेख गरिएको छ। रिपोर्टअनुसार, यी ट्रस्टहरूले जम्मा ३,८२६.३४ करोड़ रुपियाँ चन्दा सङ्कलन गरेका थिए र लगभग सोही बराबर अथवा ३,८२६.३५ करोड़ रुपियाँ दलहरूलाई बाँड़े। नियमअनुसार ट्रस्टहरूले सङ्कलित रकममध्ये कम्तीमा ९५ प्रतिशत रकम प्रत्येक वर्ष राजनीतिक दलहरूलाई वितरण गर्नै पर्छ। कुल २० वटा दर्ता भएका ट्रस्टमध्ये १० वटाले मात्र चन्दा पाएको विवरण सार्वजनिक गरेका छन्। बाँकी ५ वटा ट्रस्टको विवरण भने समयसीमा सकिएको तीन महीनापछि पनि चुनाउ आयोगको वेबसाइटमा उपलब्ध थिएन। सबैभन्दा धेरै रकम सत्तारूढ़ दल भाजपाले पाएको छ। भाजपालाई ३,१५७.६५ करोड़ रुपियाँ, अर्थात कुल रकमको

▶ रहल पृष्ठ ८ मा

### छेस्का



**हामी त यस्ता साना-तिना बीमा-सीमा गरिरहने कहाँ हौ र? डल्लै ब्याड्क हौं। सरकारलाई उकास्ने भोट ब्याड्क।**

## राज्यसभाका पाँच आसनमा को-को

# अड़कलबाजी दुई फूलमा

**कलकत्ता, १४ फरवरी (निसं):** २०२६ को विधानसभा चुनाउअघि पश्चिम बङ्गालका पाँचवटा राज्यसभा आसनको निम्ति मतदान हुने सम्भावना छ। २ अप्रेल २०२६ मा तृणमूलका राज्यसभा सांसद सुब्रत बक्सी, ऋतब्रत ब्यानर्जी र साकेत गोखलेको कार्यकाल समाप्त हुँदैछ। त्यसै दिन माकपाका राज्यसभा सांसद विकास रञ्जन भट्टाचार्यको कार्यकाल पनि समाप्त हुँदैछ।

२ अप्रेल मौसम बेनजीर नूरको पनि कार्यकाल सकिने थियो। तर केही साताअघि तिनी तृणमूल छाड़ेर कङ्ग्रेसमा सामेल भइन् अनि राज्यसभाको सदस्य पदबाट राजीनामा दिइन्। तृणमूल नेतृत्वको अनुमान अनुसार आगामी मार्चमा नै यी ५ आसनको लागि चुनाउ हुनसक्छ।

सत्रौं विधानसभामा अहिलेको दलगत संरचना अनुसार पाँचमध्ये चार आसन तृणमूलको पक्षमा जाने सम्भावना छ भने एउटा आसन भारतीय जनता पार्टीले जित्न सक्छ। विधानसभामा वामपन्थी दलहरूको कुनै विधायक नरहेकाले पश्चिम बङ्गालबाट माकपाको प्रतिनिधि अब राज्यसभामा नहुने देखिन्छ।

राज्य विधानसभामा कुल २९४ विधायक छन्। यद्यपि कहिलेकाहीं कसैको निधन वा अस्वस्थताको कारण सबै २९४ मत खस्दैनन्। त्यस हिसाबले एउटा राज्यसभा आसन जित्न ४७-४९ मत आवश्यक हुन्छ। यही गणनाअनुसार तृणमूलले चार आसन जित्ने र भाजपाले एउटा आसन जित्ने अनुमान गरिएको छ।

यस पृष्ठभूमिमा दुवै खेमामा कसलाई उम्मेद्वार बनाउने भन्ने चर्चा तीव्र भएको छ। मौसम बेनजीर नूर कङ्ग्रेसमा फर्किएपछि तृणमूलबाट एउटा नयाँ अनुहार राज्यसभामा जाने लगभग निश्चित छ। अहिले तृणमूलको राज्यसभा टोलीमा मुस्लिम प्रतिनिधि दुईजना मात्र छन्- नादिमुल हक र सामिरुल इस्लाम।

तृणमूलको संसदीय दलका एकजना सदस्यले बताएअनुसार सुब्रत बक्सीको उमेर भइसकेको छ र स्वास्थ्य समस्या पनि छ। तिनले यसपालि अवकाश माग्न सक्छ। यदि नेतृत्वले तिनलाई विश्राम दियो भने नयाँ व्यक्तिले टिकट पाउन सक्छ। मौसम बेनजीर नूरको स्थानमा अल्पसंख्यक समुदायबाट नयाँ अनुहार चयन गर्न सकिन्छ।

अर्को एकजना सदस्यले बताएअनुसार ऋतब्रत र साकेत दुवैले ६ वर्षको पूर्ण कार्यकाल पाएका छैनन्। २०२३ मा लुइजिन्हो फेलैरोको स्थानमा

▶ रहल पृष्ठ ८ मा

## युवासाथीको आजदेखि आवेदन

**कलकत्ता, १४ फरवरी (निसं): राज्य सरकारले मुख्यमन्त्री ममता ब्यानर्जीको स्वनिर्भर बङ्गाल बनाउने लक्ष्यमा ठूलो कदम चाल्न लागेको छ। आगामी १ अप्रेलदेखि राज्यमा औपचारिक रूपमा युवसाथी (युवासाथी) योजना शुरु हुँदैछ। यस योजनाको कार्यान्वयन र तयारीको समीक्षा गर्न आइतवार बिदाको दिन राज्यका सबै जिल्लाका जिल्लापाल (डीएम)-हरूसँग मुख्य सचिव नन्दिनी चक्रवर्तीले आपतकालीन बैठक गरिन्।**

**मुख्य सचिवको निर्देशअनुसार, १५ फरवरीदेखि २६ फरवरीसम्म राज्यका २९४ वटा विधानसभा क्षेत्रमा विशेष शिविरको आयोजना गरिँदैछ। बिदाको दिनबाहेक प्रत्येक दिन बिहान**

▶ रहल पृष्ठ ८ मा

## चुनाउ एक मुद्दा अनेक

# कोही दिल्ली त कोही कलकत्तातिर

**दार्जीलिङ, १४ फरवरी (निसं):** पश्चिम बङ्गाल विधानसभाको चुनाउ कार्यक्रम अझसम्म घोषणा नभए पनि कलकत्तादेखि दार्जीलिङ पहाड़सम्म चुनाउको माहोल गर्मिंदै गइरहेको छ। पहाड़बाट कोही दिल्लीतिर धाइरहेका छन् भने कोही कलकत्तातिर धाइरहेका छन्। हुनत आजसम्म न त कलकत्ता धाउनेहरूले समग्र गोर्खा जातिलाई न्याय दिन सकिरहेका छन् न त दिल्ली धाउनेहरूले नै। यस्तो स्थिति र अवस्थाबीच केवल जातीय हित, माग र मुद्दाको नाममा राजनैतिक यात्रा मात्र हावी भइरहेको देखिएको छ। पहाड़को राजनीतिमा आरोप-प्रत्यारोप व्याप्त छ। कतिले जीटीएले पहाड़मा समग्र विकास गर्न नसकिरहेको ठोकुवा गर्छन् त कतिले केन्द्र सरकारले गोर्खाहरूलाई न्याय नदिने दाबी गर्छन्। हुनत पहाड़का जनताले कतैबाट पनि आजसम्म चाहेको र आशा गरेको कुरा पाउन सकेका छैनन्। आउने राज्य विधानसभा चुनाउमा गोर्खाहरूको जातीय मुद्दा र मागले मेल नखाए पनि क्षेत्रीय दलहरू भने खुबै सक्रिय बनिरहेका छन्। सक्रिय हुनुको मुख्य कारण केन्द्रमा रहेको भाजपा सरकारले चुनाउअघि गोर्खाहरूलाई न्याय दिन्छ कि दिँदैन? भन्ने एउटा कुरा पनि हो। भाजपासित राजनैतिक ठुस्का-ठुक्सी क्षेत्रीय गठबन्धन दलहरूको छ। यदि यसपालि चुनाउ अघिसम्म केन्द्र सरकारले गोर्खाहरूलाई केही नदिए भाजपाले पहाड़बाट जित हासिल गर्नु खुबै

> ■ **क्षेत्रीय दलहरूसित यसपालि आपसी तालमेल नमिलेर भाजपाले आफ्नै बलबुतामा उम्मेद्वार खड़ा गरे गोरामुमो, गोजमुमो जस्ता दलहरूले पनि चुनाउबारे कुनै अड़ान र निर्णय अवश्य लेलान्।**
>
> ■ **क्षेत्रीय दलहरू क्षेत्रीयता बचाउन चुनाउमा जाने हुन् कि कुनै राष्ट्रिय राजनैतिक दलको शरणमा जाने हुन्?**

चर्को पर्ने जानकारहरूको एउटा समूहको मत छ। कारण आजसम्म भाजपाले पहाड़का राजनैतिक दलको समर्थन र जनताको साथले नै भोट जित्दै आइरहेको छ जुन कुरा भाजपालाई पनि राम्रोसित थाहा छ। यस्ता कतिपय कुराहरूले गर्दा आउने विधानसभा चुनाउ पहाड़को निम्ति खुबै रोचक बन्ने सम्भावना देखिँदैछ। कतिले आउने विधानसभा चुनाउलाई त्रिकोणीय दृष्टिकोणले हेरिरहेका छन्। एकातिर राज्य सरकार छ भने अर्कोतिर केन्द्र सरकार अनि बीचमा जीटीए। पहाड़को सत्तामा बस्ने दल भागोप्रमोले केवल विकासलाई प्राथमिकता दिँदै आइरहेको दाबी गरिरहेको छ। अरू क्षेत्रीय दलहरू दिल्ली धाइरहेको भए पनि जातीय मुद्दा तथा अलग राज्यको माग लिएर भागोप्रमो टोली दिल्ली गएको छैन। भाजपाले गोर्खाहरूको निम्ति केही नगर्ने स्पष्ट भनाई भागोप्रमोको छ भने अरू दलहरूको आ-आफ्नै बयानबाजी छन्। भागोप्रमोले आउने विधानसभा चुनाउमा पहाड़का तीन आसनमा आफ्नै उम्मेद्वारहरू उठाउने घोषणा गरिसकेको छ। भाजपासित गठबन्धनमा रहेका दलहरूको पनि चुनाउमा ठूलो भूमिका हुन्छ। त्यही ठूलो भूमिका निभाएकै कारण भाजपाले दार्जीलिङबाट सांसद अनि विधायकहरू पाइरहेको छ। तर के आउने विधानसभा चुनाउमा भाजपासित गठबन्धनमा रहेका दलहरूले फेरि भाजपालाई नै साथ र समर्थन देला त? भन्ने प्रश्न पनि खड़ा भएको छ। कारण चुनाउ अघिसम्म केन्द्र सरकारले केही नगरे भाजपाको साथ छोड़ेर आफ्नै बाटो हिंड़्ने कुरा क्षेत्रीय दलहरूले गर्दै आइरहेका छन्। पहाड़का तीनवटा आसनमा भाजपाले आफ्नै उम्मेद्वार उठाए क्रामाकपाले पनि आफ्नो उम्मेद्वार उठाउने जनाएको छ। क्षेत्रीय दलहरूसित यसपालि आपसी तालमेल नमिलेर भाजपाले आफ्नै

▶ रहल पृष्ठ ८ मा






## एघार वर्ष बित्यो, सकिएन रोपवेको निर्माण कार्य



**खरसाङ, १४ फरवरी (निसं):** खरसाङको गिद्धे पहाड़देखि रोहिणीको आलेटपसम्मको निम्ति शुरु गरिएको रोपवे निर्माण कार्य एघार वर्ष बितिसक्दा पनि सकिएको छैन। गत आठ वर्षदेखि रोपवेको निर्माण कार्य नै ठप्प छ। गिद्धे पहाड़मा यस परियोजनाको निम्ति लगभग ७० प्रतिशत कार्य भइसकेको पाइएको छ भने रोहिणीको आलेटपमा पनि संरचनाहरू बसाउने कार्य भइसकेको छ।

जीटीएको खरसाङ अभियान्त्रिकी विभागद्वारा रोपवे निर्माण कार्य २०१४ मा आरम्भ गरिएको थियो। काम बन्द हुँदै, पुनः शुरु हुँदै निर्माण गरिएको रोपवेको निर्माण कार्य २०१७ देखि यता सम्पूर्ण रूपमा ठप्प छ। १६ करोड़ रुपियाँको लागत खर्चमा पुरा गरिने भनिएको रोपवेको निम्ति सरकारको मोटो रकम खर्च गरिएपछि पनि कार्य पूरा नभएकोले धेरैले यसको आलोचना गरिरहेका छन्। रोपवेको निर्माण कार्य यतिका वर्षसम्म पूरा नगरिएको अथवा थाँतीमा राखिएकोमा धेरैले असन्तुष्टि जाहेर गरिरहेको भए पनि खुलेर अघि आएर यसको आलोचना गर्न सकिरहेका छैनन्। तथापि धेरै मानिसहरूले यसको आलोचना भने गरिरहेका छन्। यो रोपवेको निर्माण कार्य पूरा भएर सञ्चालनमा आए खरसाङमा पर्यटकहरूको

▶ रहल पृष्ठ ८ मा


AmbujaNeotia

दिल की देखभाल के लिए आधुनिक उपचार।
अनुभवी डॉक्टरों के हाथों में।

हृदय रोग का संपूर्ण इलाज यहां एक ही स्थान पर उपलब्ध है, प्राथमिक जांच से लेकर जटिल उपचार तक। अनुभवी हृदय रोग विशेषज्ञों और आधुनिक तकनीक की सहायता से मरीजों को समय पर और सही इलाज दिया जाता है। सुरक्षित उपचार, संवेदनशील देखभाल और बेहतर परिणाम ही हमारा मुख्य लक्ष्य है।

उपलब्ध सेवाएँ
- ईको, टी.एम.टी और होल्टर मॉनिटरिंग
- कोरोनरी एंजियोग्राफी और एंजियोप्लास्टी
- स्थायी पेसमेकर इम्प्लांटेशन (संस्थापन)
- कोरोनरी आर्टरी बाईपास ग्राफ्टिंग
- हार्ट वाल्व सर्जरी / हृदय वाल्व प्रतिस्थापन
- एओर्टिक सर्जरी
- ओपन हार्ट सर्जरी



Emergency
0353 660 3030

Neotia Getwel Multispecialty Hospital
Uttorayon | Behind City Centre | Matigara | Siliguri



Global Pre-School COSMOS
Little Steps To A Bigger World
ISO CERTIFIED

SCHOOL ADMISSION
OPEN FOR 2026-27

CLASSES
TODDLERS
PLAY GROUP
NURSERY
LKG
UKG
CLASSES 1-4

- Low Teacher-Student Ratio
- Strong Safety Measures
  - CCTV
  - Fire Extinguishers
  - Anti-Choking Device
- Trained & Caring Educators
- Safe & Child-Friendly Infrastructure
- Activity-Based & Play-Way Learning
- Regular Parent Communication
- Daycare Facility
- Transport Facility With Female Attendant
- Regular Field Trips & Events



Get Full Guidance & Support
NEP 2020-BASED, DEVELOPMENT APPROPRIATE CURRICULUM
ENROLL NOW

www.cosmospreschool.com Contact Us: +91 96099 32000
BRANCHES: SALUGARA | SALBARI | PUNJABIPARA

# मिरिक महाविद्यालयमा एक दिवसीय राष्ट्रिय संगोष्ठी

**मिरिक,१४ फरवरी (निसं):** मिरिक महाविद्यालयमा वेटल्यान्ड एन्ड ट्रेडिसनल नलेज सेलेब्रेटिङ कल्चरल हेरिटेज विषयमा एक दिवसीय राष्ट्रिय संगोष्ठी सफलतापर्वूक सम्पन्न भयो। मिरिक महाविद्यालयको भूगोल विभाग र आइक्युएसीको संयुक्त आयोजना अनि पश्चिम बंगाल सरकारको वेटल्यान्ड अथरिटि, पर्यावरण विभागको प्रायोजनामा संगोष्ठी आयोजित गरिएको थियो। यस कार्यक्रमको मुख्य उद्देश्य सिमसार क्षेत्रको सरंक्षण, सांस्कृतिक सम्पदाको दिगो विकास तथा परम्परागत ज्ञानको महत्वलाई उजागर गर्नु थियो। विश्वव्यापीरूपमा जलवायु परिवर्तनर्त, जैविक विविधताको ह्रास र तीव्र शहरीकरणका कारण सिमसार क्षेत्रहरू संकटमा परिरहेका छन्। यस्ता चुनौतीहरूको समाधान खोज्न आधुनिक विज्ञानसँगै स्थानीय तथा आदिवासी समदुायको परम्परागत ज्ञानलाई समेट्नु आवश्यक भएको सन्दर्भमा यस संगोष्ठीको आयोजना गरिएको थियो। कार्यक्रर्यममा महाविद्यालय सञ्चालन समितिका अध्यक्ष श्रीमति पुनम विश्व, सिक्किम राज्यस्थित अल्पाइन विश्वविद्यालयका भूगोल विभागका प्राध्यापकद्वय डा. प्रिबत राई अनि डा. मनोरमा थापा, दार्जीलिङ सरकारी महाविद्यालयका प्राणी शास्त्र विभागका एसोसिएट प्रोफेसर डा. रूजस योनले, मिरिकका वैज्ञानिक एवं पर्यावरणविद् डा. टाशी वाङ्दी, दार्जीलिङ फोसेफका संयोजक भरत प्रकाशराई, प्राचार्य डा. शेराप भूटिया, प्राध्यापकगण, गैर शिक्षण कर्मचारीहरू एवं विद्यार्थीहरूको बाक्लो उपस्थिति र उत्साहजनक सहभागिता थियो। कार्यक्रमको उद्घाटन महाविद्यालयका प्राचार्य डा. शेराप भूटिया अनि आमन्त्रित अतिथिहरूद्वारा दीप प्रज्ज्वलन गरी गरिएको थियो। कार्यक्रर्यममा स्वागत भाषण प्रा. सफल राईद्वारा राखिएको थियो भने संगोष्ठी आयोजनको उद्देश्य संगोष्ठी संयोजक प्रा. सिनोर लामाले उजागर गरेका थिए। उद्घाटन सत्रमा डा. टाशी वाङ्दीले विचार पोखेका राखेका थिए। तिनले सिमसार क्षेत्र मानव जीवन, कृषि, मत्स्यपालन, जैव विविधता र सांस्कृतिक सम्पदाको आधारस्तम्भ भएको उल्लेख गरे। साथै स्थानीय समदुायमा पुस्तादेखि सञ्चित परम्परागत ज्ञान जस्तै जलस्रोत व्यवस्थापन, औषधीय वनस्पतिको प्रयोग, माछापालन विधि तथा चाड़-पर्व सम्बन्धित सांस्कृतिक अभ्यास सरंक्षणका लागि अमूल्य सम्पत्ति भएको बताए। उपस्थित विशिष्ट अतिथि स्रोत व्यक्तिहरूले सिमसार क्षेत्रको अन्तरराष्ट्रिय महत्वबारे चर्चा गर्दै रामसार कन्भेन्सनको सन्दर्भ प्रस्तुत गरे। उक्त सन्धिले विश्वभरिका सिमसार क्षेत्रहरूको सरंक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको कुरा पनि उल्लेख गरे। पहिलो सत्रमा विज्ञजनले सिमसार क्षेत्रको वैज्ञानिक महत्व, सिमसार क्षेत्रको पारिस्थि र महत्वबारे विस्ततृ प्रस्तुति दिए। तिनीहरूले सिमसार क्षेत्रले भू-जल सहयोग पुऱ्याउँदछ, बाढ़ी नियन्त्रणमा महत्वपर्णू भूमिका निर्वाह गर्दछ, कार्बन सञ्चय गरेर जलवायु परिवर्तन न्युनीकरणमा योगदान पुऱ्याउँदछ तथा विभिन्न चरा, माछा तथा वनस्पतिका लागि वासस्थान प्रदान गर्दछ भन्ने जानकारी गराए।

यस संगोष्ठीमा पर्यावरण सरंक्षण सम्बन्धि नियम, काननू उद्धृत गर्दै सिमसार क्षेत्रको तीव्र क्षयीकरण चिन्ताजनक रहेको कुरा प्रस्तुत गरियो। वैज्ञानिक तथ्यांकका आधारमा स्थानीय सिमसार क्षेत्रको सरंक्षणका लागि सामदुायिक सहभागिता अनिवार्य भएको निष्कर्ष प्रस्तुत गरियो भने पारम्परिक र आधनिुनिक वैज्ञानिक ज्ञान प्रणालीद्वारा कसरी पर्यावरणलाई सुरक्षित राख्न सकिन्छ भन्ने विषयमा पनि विचार विमर्श गरियो। सत्राध्यक्षीय भाषणको रूपमा प्राचार्य डा. शेराप भूटियाले संगोष्ठी आयोजनको प्रयोजन, उद्देश्य र व्यावहारिककतामाथि ध्यानाकर्षण गराउँदै सिमसार क्षेत्रको सरंक्षणमा सबैको उत्तरदायित्व रहेको कुरा उल्लेख गरे। प्राविधिक सत्रमा परम्परागत ज्ञान प्रणालीको महत्वमाथि प्रकाश पारियो। वक्ताहरूले ग्रामीण तथा आदिवासी समदुायले जलस्रोत सरंक्षण, वर्षा पानी सकंलन, औषधीय वनस्पति उपयोग तथा माछा पालनका क्षेत्रमा विकसि गरेका विधिहरूको उदाहरण प्रस्तुत गरे। तिनीहरूले परम्परागत ज्ञानलाई केवल पुरानो अभ्यास नभई, दिगो विकासका लागि मार्गदशक सिद्धान्तको रूपमा लिनपुर्ने धारणा राखे। स्थानीय मिरिक झिल सिमसार क्षेत्रसँग सम्बन्धित सांस्कृतिक अभिव्यक्तिहरूको उल्लेख गर्दै सांस्कृतिक सम्पदाको सरंक्षण पनि वातावरणीय सरंक्षणसँगै जोड़िएको कुरा स्पष्ट पारियो। यस सत्रमा प्राध्यापिका पेमु शेर्पालगायत भूगोल विभागका विद्यार्थीद्वय त्रिशा तामाङ र सजुल राईले कार्यपत्रहरू प्रस्ततु गरेका थिए भने सत्राध्यक्षको पदभार प्रा. निमा लामाले गरेका थिइन। संगोष्ठीको अर्को आकर्षणर्ष सांस्कृतिक कार्यक्रम थियो। विद्यार्थी निशल राईले आफ्नो वाद्ययन्त्र मुरुलीको मनमोहक धनु प्रस्ततु गरेका थिए भने अन्य विद्यार्थीहरूले लोकनृत्य पनि प्रस्ततु गरेका थिए। उक्त प्रस्तुतिहरूले कार्यक्रर्यमलाई रोचक अनि मनोरञ्जन पूर्ण बनाएका थिए। कार्यक्रमको सञ्चालन प्रा. मेरी बल र प्रा. सभु भट्टाचार्यले गरेका थिए भने प्राविधिक व्यवस्थापनमा आयोजक समितिका सचिव प्रा. प्रह्लाद कार्कीले सहयोग गरेका थिए। धन्यवाद ज्ञापन आइक्युएसीका कोअडिनेटर प्रा. विक्रम राई गरेका थिए भने संगोष्ठीमा अंग्रेजी प्रतिवेदकका रूपमा प्रा. निमु शेर्पा, प्रा पेमु शेर्पा अनि नेपाली प्रतिवेकका रूपमा प्रा. विक्रम राई र प्रा. सफल राईले भूमिका निर्वाह गरेका थिए।


# मदुरोको गिरफ्तारी अपरेशनमा एआई प्रयोग गरेको खुलासा




**न्युयार्क, १४ फरवरी :** गत महिना काराकासमा भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरो र उनकी श्रीमतीलाई नियन्त्रणमा गरिएको सैन्य अपरेशनमा पेन्टागनले एन्थ्रोपिकको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रणाली 'क्लाउडे' प्रयोग गरेको द वाल स्ट्रिट जर्नल र रोयटर्सका छुट्टाछुट्टै रिपोर्टहरूले खुलासा गरेका छन् ।यसलाई सक्रिय सैन्य कारबाहीमा अमेरिकी एआई प्रणाली प्रयोग गरिएको र विश्वभरका भूराजनीतिक तनावमा बढ्दो एआई प्रयोग बलियो उदाहरणमध्ये एकका रूपमा हेरिएको छ ।वालस्ट्रिट जर्नलमा प्रकाशित एक रिपोर्टका अनुसार अमेरिकी रक्षा मन्त्रालयले अपरेशनको तयारीका क्रममा एकदमै ठूलो मात्रामा संकलित गुप्तचर सूचनाको विश्लेषण र संश्लेषण गर्न क्लाउडेको सहारा लिएको थियो । भूउपग्रह तस्बिर, जासूसी उपकरणको प्रयोगबाट थुपारिएका सञ्चार सामग्री तथा अन्य अति गोप्य डेटा स्ट्रिमहरू विश्लेषण गरी मदुरोको गतिविधि, सम्बन्धित दैनिक जीवनको ढाँचा र सम्भावित स्थानहरू पहिचान गर्न एआई प्रयोग गरिएको रिपोर्टमा उल्लेख छ । रिपोर्टअनुसार उक्त प्रणालीलाई स्वचालित रूपमा आक्रमणको स्थान छनोट वा आक्रमणका लागि स्वीकृति दिनका लागि प्रयोग गरिएको थिएन, बरु निर्णय प्रक्रियाको गति बढाउन अधिकारीहरूको सहयोगी उपकरणका रूपमा प्रयोग गरिएको थियो ।रोयटर्सले पनि वालस्ट्रिट जर्नलको रिपोर्ट उद्धृत गर्दै समाचार प्रकासित गरेको छ । अमेरिकी उच्च अधिकारीहरूले एन्थ्रोपिकद्वारा विकसित एआई प्रणाली अपरेशनका क्रममा प्रयोग गरिएको पुष्टि गरेका छन् । तर सो परिचालनबारे विस्तृत विवरण दिन अस्वीकार गरेका छन् ।रोयटर्सले जनाएअनुसार, पेन्टागनले यसलाई उन्नत एआई प्रविधिहरूलाई गुप्तचर र योजना प्रक्रियामा समावेश गर्ने व्यापक प्रयासको एक हिस्साको रूपमा व्याख्या गरेको छ । यद्यपि, अन्तिम निर्णय र प्रमुख आदेश मानव सैन्य अधिकारीहरूले नै लिएको स्पष्ट पारेको छ ।वालस्ट्रिट जर्नलका अनुसार मदुरोको उपस्थितिको पुष्टि गर्न काराकास अपरेशनमा ठूलो संख्यामा मानवलगायत अन्य प्रविधिमार्फत् गुप्तचर सामग्री संकलन र कमाण्डो सैनिक प्रमुख स्थानहरूमा परिचालन गरिएका थिए ।

एआईको सहायतामा गरिएको विश्लेषणले कैयौं डेटा फिडहरू क्रस-रेफरेन्स गर्न र गुप्तचर पुष्टि गर्न लाग्ने समय छोट्याउन प्रमुख भूमिका खेलेको बताइएको छ । रिपोर्टका अनुसार अधिकारीहरूले एआई प्रणालीका कारण परम्परागत विधिबाट मात्र सम्भव नहुने गतिमा सूचना प्रशोधन गर्न विश्लेषकहरूलाई सहयोग गरेको बताएका छन् ।सान फ्रान्सिस्कोमा अवस्थित एआई कम्पनी एन्थ्रोपिकले यसअघि आफ्ना मोडेलहरूको सैन्य प्रयोगबारे निश्चित शर्तहरू रहेकोमा जोड दिँदै आएको थियो । कम्पनीले आफ्ना प्रणालीहरू प्रत्यक्ष युद्ध नियन्त्रणभन्दा विश्लेषण र सारांश तयार पार्ने कार्यका लागि डिजाइन गरिएको बताएको छ ।तर पेन्टागन वा एन्थ्रोपिकले उक्त सहकार्यको वित्तीय विवरण सार्वजनिक गरेका छैनन् । अमेरिकी रक्षा र सैन्य क्षेत्रमा पछिल्ला वर्षहरूमा एआई आधुनिकीकरण सम्बन्धी प्रयासका लागि अर्बौं डलर विनियोजन गरिएको छ । समाचारहरूका अनुसार लगभग १४ अर्ब अमेरिकी डलर यही एक आर्थिक वर्षका लागि माग भएको छ ।यो खुलासाले एआई प्रयोगात्मक रक्षा कार्यक्रमबाट वास्तविक युद्ध वा सैन्य परिचालनतर्फ बढ्दै गरेको तथ्य थप स्पष्ट बनाएको छ । अमेरिकाले यसअघि 'प्रोजेक्ट माभेन' जस्ता प्रयासमार्फत आतंकवादविरुद्धका कारबाहीमा ड्रोन फुटेज विश्लेषण गर्न मेसिन लर्निङ प्रणाली प्रयोग गरेको थियो । इजरायलले पछिल्ला द्वन्द्वहरूमा आक्रमणको योजना र लक्ष्यसम्बन्धी डेटा प्रशोधन गर्न एआई उपकरण प्रयोग गरेको स्वीकार गरेको छ ।

# फोटो शेयर गर्दै भाजपाले उठायो गम्भीर प्रश्न




**नयाँ दिल्ली,१४ फरवरी:** राहुल गान्धीले आफ्नो संसद कार्यालयमा किसानहरूको प्रतिनिधिमण्डलसँग भेटे र प्रस्तावित भारत-अमेरिका व्यापार सम्झौताको बारेमा उनीहरूको चिन्ता सुने। भारतीय जनता पार्टीले यस कदमप्रति तीव्र प्रतिक्रिया जनायो, बैठकलाई योजनाबद्ध भन्यो र कांग्रेस नेतालाई गलत सूचना फैलाएको आरोप लगायो।लोकसभामा विपक्षी दलका नेता गान्धीले देशभरका १७ प्रमुख किसान संघका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरे। सहभागीहरूका अनुसार, संघहरूले व्यापार संरचनाले भारतीय किसानहरू, विशेष गरी मकै, भटमास, कपास, फलफूल र बदाम खेती गर्नेहरूलाई प्रतिकूल असर पार्न सक्छ भन्ने चिन्ता व्यक्त गरे। यसले किसानहरूको आय घटाउन सक्छ र कृषि क्षेत्रको सुरक्षालाई कमजोर बनाउन सक्छ भन्ने तर्क दिँदै किसान प्रतिनिधिहरूले सम्झौताको विरोध गर्न राष्ट्रव्यापी आन्दोलनको आवश्यकतामा जोड दिए।भाजपाले इन्स्टाग्राममा एक पोस्टमा राहुल गान्धीको बैठकको फोटो साझा गर्यो, जसमा हरियाणा र पञ्जाबका सहयोगी देशका कंग्रेस नेताहरू सहित धेरै व्यक्तिहरू उपस्थित थिए। पार्टीले पोस्टमा लेख्यो, राहुल गान्धीको अर्को झूट, राष्ट्रको अगाडि पर्दाफास भयो। किसानहरूसँगको बैठकको रूपमा वर्णन गरिएको कुरा वास्तवमा कंग्रेस कार्यकर्ताहरूको भेला थियो। राहुल गान्धीले देशको लगभग हरेक संस्था र समुदायलाई राजनीतिकरण र अपमान गरेका छन्, र अब उनी किसानहरूलाई पनि छोडिरहेका छैनन्। योजनाबद्ध राजनीतिले वास्तविक नेतृत्वलाई प्रतिस्थापन गर्न सक्दैन। देशलाई इमानदारी चाहिन्छ, कंग्रेसको बनावटी बयान र राजनीतिक रणनीति होइन।

# विलयबारे अन्तिम निर्णय अमित शाहले लिनेछः सञ्जय राउत

**मुम्बई, १४ फरवरी :** शिव सेनाका सांसद सञ्जय राउतले एक प्रमुख बयान दिए। उनले राष्ट्रवादी कंग्रेस पार्टीका दुई गुटबीचको विलयलाई स्वागत गर्ने बताए, तर यसबारे कुनै पनि निर्णय केन्द्रीय गृहमन्त्री अमित शाहमा निर्भर रहनेछ। पत्रकारहरूसँग कुरा गर्दै राउतले महाराष्ट्रका उपमुख्यमन्त्री एकनाथ शिन्देको नेतृत्वमा रहेको शिव सेना र भारतीय जनता पार्टीबीचको विलयको सम्भावना उठाए।मुम्बईमा पत्रकार सम्मेलनमा बोल्दै राउतले एनसीपी गुटहरूको विलय अनिश्चित रहेको र यस विषयमा अमित शाहको ठूलो भूमिका हुने बताए। राउतले भने, मलाई लाग्दैन कि दुई एनसीपी गुटहरू विलय हुनेछन्, तर यदि यो भयो भने, म खुसी हुनेछु। प्रफुल्ल पटेलले अमित शाहले भनेको कुरा भनिरहेका छन्।सञ्जय राउतले थप भने, के तपाईंसँग दुई बीचको विलयको बारेमा कुनै ठोस जानकारी छ? एनसीपी र भाजपाको विलयको निर्णय अमित शाहको इच्छा अनुसार लिइनेछ। एनसीपी भाजपामा विलय हुनेछ। एकनाथ शिन्देको पार्टी पनि भाजपामा विलय हुनेछ।यसअघि एनसीपीका प्रमुख शरद पवारले अजित पवार र जयन्त पाटिलबीच दुई गुटको सम्भावित विलयको बारेमा छलफल भएको स्पष्ट पारे। उनले महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीस संलग्न नभएको बताए। बारामतीमा आयोजित पत्रकार सम्मेलनमा पवारले भने, सुनेत्रा पवारले उपमुख्यमन्त्रीको रूपमा शपथ लिएकोमा म खुसी छु। अजित पवार र जयन्त पाटिलबीच विलयको बारेमा छलफल भएको थियो। मुख्यमन्त्री फडणवीस वार्तामा संलग्न थिएनन्। यसबारे बोल्ने उनको कुनै अधिकार छैन।जनवरी ३१ मा, वरिष्ठ नेता जयन्त पाटिलले खुलासा गरे कि पार्टीले विलयको वार्ता शुरु गरेको थियो किनभने स्वर्गीय अजित पवार एकतामा जोड दिइरहेका थिए। उनले छलफल अगाडि बढाउनु अघि सबै पार्टी सदस्यहरूको सहमति प्राप्त गरेको बताए।पाटिलले अजित पवारलाई उद्धृत गर्दै भने, उनले बारम्बार भने, मेरा ४० विधायकहरू मध्ये ३९ जना, वा सबै ४० जनाले मैले भने जस्तै मतदान गर्नेछन्। एक वा दुई जनाले यहाँ र त्यहाँ राय व्यक्त गर्न सक्छन्, तर कसैले पनि मेरो भन्दा फरक अडान लिने छैन। ६६ वर्षीय अजित पवारको जनवरी २८ को बिहान मृत्यु भयो। पुणे जिल्लाको बारामती विमानस्थलमा अवतरण गर्ने प्रयास गर्दा उनको विमान दुर्घटनाग्रस्त भयो।

# मानवीय संकट बन्दैछ जटिल

**राष्ट्रसंघ ,१४ फरवरी :** सुडानको कोर्डोफान क्षेत्रमा पछिल्ला दिनमा ड्रोन आक्रमण तीव्र रूपमा बढेका छन् । ती आक्रमणले व्यापारिक सवारी साधन, सञ्चार सञ्जाल तथा यातायात मार्गमा अवरोध पुर्याएको छ, जसका कारण मानवीय सहायता वितरण प्रभावित भएको बताइएको छ । यसै गरी दक्षिण कोर्डोफानको राजधानी काडुग्ली तथा आसपासका क्षेत्रमा स्वास्थ्य केन्द्र लक्षित आक्रमण हुँदा कम्तीमा चार स्वास्थ्यकर्मीको मृत्यु भएको र २० भन्दा अधिक व्यक्ति घाइते भएको जानकारी दिइएको छ। यसले पहिले नै कमजोर अवस्थामा रहेको स्वास्थ्य सेवा प्रणालीमा थप दबाब सिर्जना गरेको छ ।संयुक्त राष्ट्रसंघका अनुसार उत्तर कोर्डोफानमा लगभग ८०० भन्दा अधिक व्यक्ति सुरक्षित स्थानतर्फ सरेका छन् भने अन्य क्षेत्रमा हजारौं मानिस विस्थापित भएका छन् । विस्थापितलाई आश्रय, खाद्यान्न, स्वच्छ पानी, स्वास्थ्य सेवा तथा सुरक्षाको तत्काल आवश्यकता रहेको उल्लेख गरिएको छ । मानवीय सहायता छिटो, सुरक्षित र अवरोध रहित रूपमा उपलब्ध गराउन सम्बन्धित सबै पक्षलाई आग्रह गरिएको छ।

**PG Available**

Girls Working Lady PG Available - Siliguri (College Para, Near Girls' School) Safe and comfortable PG accommodation available for working ladies in a prime location of Siliguri. Location: College Para (Near Girls' School) Fooding + Lodging: 8,000/- per month Only Lodging: 5,000/- per month. **Contact : 94746-89132**

**AFFIDAVIT**

I Mr. Anmol Giri son of Mr. Binod Giri, resident of Rangli Rangliot Tea Garden P.O., P.S.Rangli Rangliot & District Darjeeling. I was born on 18/01/2008 at above mentioned address.I am swearing this affidavit in order to obtain the Digital Birth Certificate from authority concerned Affidavit No.1502, date: 06-02-2026. In the Court of the Executive Magistrate at Darjeeling .

Darj

**AFFIDAVIT**

I, Indira Zimba D/o Dip Tshering Zimba, resident of School Gaon, Nagri Farm Tea Garden,P.O Nagrispur, P.S Sukhiapokhri and Dist Darjeeling, I was born on 25.09.1979 at above mentioned address and my mother name is smt. Sabitri Zimba. I am swearing this affidavit to register and to obtain a Digital Birth Certificate from the concerned authority.Affidavit No.4669.dt 29.04.2025.In the court of Executive Magistrate at Darjeeling

Darj

**AFFIDAVIT**

I, Anisha Pradhan daughter of Shyam Pradhan, resident of Pampawati Road, Shankar Gram, Darjeeling, P.O.,P.S. and Dist Darjeeling. I declare that I am the daughter of Shyam Pradhan and in my Birth Certificate, Aadhar Card and some documents my father's name has also been recorded as Shyam Pradhan.But in my school documents,my father's name has been recorded as Prakash Pradhan, which is incorrect. Shyam Pradhan and Prakash Pradhan are one and same identical person. Affidavit No.10, Date 11/2/2026, Before the 1st Class Judicial Magistrate at Darjeeling.

Darj

**AFFIDAVIT**

I,Bharati Tamang wife of Pema Tshering Lepcha resident of Dawai Pani Busty, Dawaipani, Darjeeling.School Dhura, P.O. School Dhura, P.S. Rangli Rangliot. Dist. Darjeeling. My correct name/ surname is BHARATI TAMANG wife of Pema Tshering Lepcha mentioned in my Voter ID and Pan card .But at the time of issued my Aadhaar card Number 5562 1353 1600 my name/surname has been mentioned as Bharati Tamang (Lepcha) instead of Bharati Tamang.I am swearing this affidavit to say that Bharati Tamang and Bharati Tamang (Lepcha) is one and same identical person. Affidavit No. 08 Jdt13/ 2/2026 Before the Judicial Magistrate at Darjeeling

Darj

**URGENT VACANCY**

Female Receptionist Salary 25K. PRT English, Salary 25K, TGT Science,Social Science - 30K Class IX toX. Social Science & English- 35k
PGT Accountant, Economics, History and Political Science - 45K
Fine Art - 45K.
Free Accommodation. Send your CV to **7029188620 9851948026.**

**SUNSHINE SCHOOL**
**BIRPARA- ALIPURDUAR WB- 735204**
(Affiliated to ICSE & ISC, New Delhi)
**Applications are invited for the following posts:-**
**PGT- English,Chemistry, P.Ed.**
**PRT- Hindi**
**Pre Primary: NTT, D.El. Ed. B.Ed.**
**Hand written application with Bio Data and photocopies of Mark Sheets should reach the Principal before 28/02/2026.**

**DELHI PUBLIC SCHOOL**
**(DPS- Dooars)**
(Under the aegis of The DPS Society, New Delhi)
**ETHELBARI- ALIPURDUAR- 735204**
**(Affiliated to CBSE- New Delhi)**
Applications are invited for the following posts:-
**PGT** - English, Computer Science & P.Ed.
**TGT**- English & Math
**Dance**
**Music**
**Salary will not be a constraint for deserving candidates.**
**Aspiring candidates may forward hand written Application,Bio Data and Mark Sheets to the Principal by 28/02/2026.**

**VACANCY ANNOUCEMENT**
**East Horizon English High School, Dhulabari, Jhapa**
invites applications from competent and committed candidates for the post of English Teachers (Lower Secondary & Secondary Level) and Wardens.
**Requirements:**
* Bachelor's degree in English (minimum)
* Teaching experience preferred but freshers are welcome too.
* Excellent command of spoken and written English.
We Offer:
***Attractive package**
***Growth opportunities**
Apply with: CV and testimonial
Email:info@easthorizon.edu.np
WhatsApp only :+91 8670967066

**TEACHER'S REQUIRED**

Teacher's Required for **D.A.V School**, Jagdishpur, Bhojpur Bihar.
Send resume on
**davschooljagdishpur@gmail.com**
**Contact : 94314 56884**
**97981 75858**
**97082 23894**

**URGENT REQUIRED**

Urgent required female teacher in **Sarvodya English School** for Primary Section. Location: Gaya Bihar Qualification: Minimum Graduate with Eng fluency. Salary: 15 to 17k with fooding and accommodation (Flat). Interested candidates can send their resume on **WhatsApp number +91 60014 20015 +91 8136021230**

**AFFIDAVIT**

I, Sumitra Tamang wife of Prem Bahadur Tamang, r/o- Lower Kashyem Cinchona Plantation, Kashyone Gram Panchayat, P.O Munsong, Kalimpong have changed my name from Sumitra Tamang to Sumitra Thapa vide affidavit no.1409 dt. 12.02.2026 Before The Executive Magistrate at Kalimpong.

**AFFIDAVIT**

I, Mrs. Sushmita Subba wife of Late Dil Bahadur Subba resident of Lower Lingten Kolbong P.O-Kolbong, P.S-Pulbazar & Dist-Darjeeling do hereby declare that Mr. Satyam Subba son of Late Dil Bahadur Subba is my son. That he was born on 05.01.2001 at Lower Lingten P.O-Kolbong & Dist-Darjeeling. That I am swearing this affidavit in order to obtain on line / Digital Birth Certificate from authority concerned Deptt. That I further declare that the information given above is fully correct and I take full responsibility of the accuracy for this statment. If at any point of thime a part of the statment is found incorrect I shall be liable to be punished under section 229 of the B.N.S. 2003.

**AFFIDAVIT**

I, Anju Pokhrel, D/o- Rabin Chhetri residing at North Pabak Busty, Kagey Khasmahal, Kagey Bazar, Kalimpong declare that my father Rabin Pokhrel will henceforth be known as Rabin Chhetri. I declare this vide affidavit no. 377/ 26 dt. 13.02.2026 Before The Notary Public at Kalimpong. Rabin Pokhrel & Rabin Chhetri both are same & identical person i.e. my father.

**AFFIDAVIT**

I, Prajwal Tamang Moktan, S/o- Prem Bahadur Moktan, R/o- Lower Kashyem Cinchona Plantation, Kashyone Gram Panchayat, P.O Munsong, Kalimpong have changed my father's name from Prem Bahadur Tamang to Prem Bahadur Moktan vide affidavit no.1408 dt.12.02.2026 Before The Executive Magistrate at Kalimpong.

**URGENT VACANCY**

**RISING SUN INTERNATIONAL SCHOOL** near Farkka Ramnagar, Jharkhand requires **TGT English and Science , Hindi Teacher.**Salary 14k to 18k with free fooding and single Accommodation. Hostel Warden cum Primary teacher.13K. Receptionist Female Candidates- 10/12k. English speaking is compulsory. Principal-Education MA in English, Bed.. Attractive Salary offered (Experienced candidates preferred). Interested candidate can contact in **7366929290**

**VACANCY**

**MITHILA VIDYAPEETH**
(Madhubani, Bihar.)
(Affiliated to C.B.S.E., New Delhi)
**HIRING TEACHERS**
For classes 8 to 10 & Pre- Primary
**Subjects:**
**For Secondary Teachers**
Social Science | Mathematics I Science + Free Food & Lodging Rs.22,000 to 24,000
**For Pre-Primary Teachers (Female)**
Rs.14,000 to 17,000 + Free Food & Lodging Interested Candidates May send their resume on
WhatsApp : **75460 00499 83274 74478**

**TEACHERS REQUIRED**

**SRS Public School**
Village Hanswar, nawabganj, Katihar, Bihar - 854113
Application are invited for teachers (PGT & TGT) for Subject: Eng, Math, Science, social science, (S.ST), Hindi, Computer, Sanskrit and Art & Craft. Eligibility -Graduate /post graduate in respective field preferable with B.Ed. Non teaching staff- Hostel Superintended (Male/Female) Hostel Warder (Male/Female) Driver, Cook. Free food and accommodation for outsider candidates. Salary no bar for the right and deserving candidates.
**Whatsapp-9064868623 /9082150833. Email - srspublicschoolmanihari@gmail.com**

**ANIMAL PRODUCTS**
**SEFALI ENTERPRISE- WHOLESALE VETIANARY MEDICINE DEALER OF POULTRY,PIG,COW AND DOG**
**NABIN SEN RD. NEAR GURUDWARASILIGURI.**
**CONT:-8335057844/ 9800899538**

**NOTRE DAME ACADEMY**
**NTPC, Salakati**
**Vacancies:**
**TGT (English, Hindi), PRT (Maths & EVS), Accountant, Counsellor.**
**Qualifications:**
**Graduate with B.Ed (for teaching), CTET Preferred, good English & computer skills.**
**Apply by: 22.02.2026 with CV & documents at**
**ndasalakati@gmail.com**
**Walk-in-interview:**
**28th Feb 2026, 10 am-12 noon at school campus.**
***Accommodation available***
**Principal- Sr. Manju Joseph**

**Café Paan Palace**
**Siliguri require**
**1. Food & Beverage Manager-** Male / Female must have degree or diploma in Hotel Management.
**2. Floor, P.A. & P.R. Manager-** Smart female candidate with good communication skill.
**3. Barista, Pastry Chef, Shakes & Mocktails Maker-** Male / Female.
**4. Account / Cashier-** M/F must have knowledge in Tally.
**Call- 8918394139**

**VACANCY**

**SRI KRISHNA IDEAL PUBLIC SCHOOL**
AFZALA, SUPAUL BAZAR, BIRAUL, DARBHANGA- 847203 AFFILIATION:- 331120 SCHOOL CODE:- 66892
Looking for confident exp. individual with humane qualities of being student mentors in true sense for a co – educational institution following CBSE curriculum.
VACANCIES FOR THE POST OF TEACHERS & SUPPORTING STAFF MEMBER. PRT/TGT-B.SC,B.A, and B.ed qualified or equivalent. Minimum 2years of relevant experienced.PRT/TGT- English, Hindi, social science and Maths with B.ed or equivalent. Minimum 2 years of experienced. PGT--- Biology, Chemistry,Physics,History geography, English,hindi, and Maths with B. ed qualified or Equivalent . Minimum 2 years of relevant experienced.For Warden class 12 and above or equivalent from recognized council or university. Able to maintain discipline & having 3 years of experienced. Proficiency in spoken English is mandatory, interested candidate are requested to send their fresh resume in given mail or whatsapp in number given below. Shortlisted candidate will call for interview/demo. Salary will be as per the norms of CBSE.
**EMAIL- navskips.657@gmail.com**
**Whatsapp number: 7001622262 // 8809517367 // 8987037611**

**NOTICE**

That my Client Smt. Dolly Gupta, Daughter of Sri Vidyanand Gupta, Resident of Lala Basty (Rabindra Nagar), P.O. & P.S. Bagdogra, District. Darjeeling being owner of land measuring about 0.13 acres or 8 kathas recorded in R.S. Khatian no. 245, L.R. Khatian No. 7478, under R.S. plot no. 307 correcponding to L.R. plot no 330 under Mouza-Bairatisal, J.L. no 070, under Matigara Police Station, Pargana-Pathargata, Dist. Darjeeling never sanctioned any Power Of Attorney to (i) Smt. Mamta Prasad, wife of Birendra Prasad Gupta, (ii) M/S MAMTA BUILDCON,- both, having registered office at- Kusum Vihar Road no 7/C, Mohrabadi, P.O. Mohrabadi, P.S. Bariatu, Dist. Ranchi and also having office at- Champasari, Prafulla Nagar Opposite of Hotel Cross Over, Bottlegally, P.O. & P.S. Pradhan Nagar, Dist. Darjeeling for purpose of selling of any residential flats, or shops, office, parking and other commercial activities in multi-storeyed building constructed upon my client's land and for said purpose (i) Smt. Mamta Prasad and (ii) M/S MAMTA BUILDCON have no authority for receiving earnest money or any sell proced and in relation to sell of flats, shops, office, parking and other commercial activities from said multi storied building as mentioned above without valid sanctioned Power Of Attorney from my client, and presently the land and multi storied building is sub Judice as two suit being Title Suit 207 of 2025 and Title Suit 210 of 2025 filed by my client presently pending before the Ld. Civil Judge (Junior Division) Court at Siliguri against (i) Smt. Mamta Prasad, wife of Birendra Prasad Gupta, (ii) M/S MAMTA BUILDCON Therefore any person or persons dealing with said Smt. Mamta Prasad and M/S MAMTA BUILDCON for purchase any unit from said muiti storied building mentioned above for purpose of flats, shops, office, parking and other commercial activities is/are to do in their own responsibility and further to face legal consequences.

**Amitava Mukherjee**
**Advocate/Siliguri**

Disclaimer: "All advertisements are published in good faith and the readers are requested to make appropriate enquiries before sending money, incurring any expenses, acting on medical recommendations or entering into a commitment in relation to any advertisement published in this newspaper. The publisher, editor, printer and owners of 'Himalaya Darpan' do not endorse or take responsibility for the content of any advertisement published herein and shall not be held liable for any loss, damages or consequences from any claims made by the advertisers."

### जमीनको हक दिलाउनु खोज्दा अफवाहमा विरोध गरे

# त्यसले पछि धेरै दुख्नेछ : अनित थापा



**दार्जीलिङ, १४ फरवरी (निसं):** चिया श्रमिकलाई जमीनको हक दिनु खोजेको नै हुँ। तर अफवाहमा विश्वास गरेर विरोध गरे। त्यो विरोधले धेरै दुख्नेछ। भागोप्रमो अध्यक्ष अनित थापाले एउटा विज्ञप्ति जारी गरेर यस्तै कुरा जनाएका छन्।

अनित थापाले खरसाङ क्षेत्रको २८ अनि २९ नम्बर समष्टिमा चुनावी सभामा उपस्थित रहँदै सभालाई सम्बोधन गर्ने क्रममा चिया बगानको पर्जापट्टको मुद्दा उठाउँदै भने, मैले सरकारसँग मिलेर चिया बगान का मानिसहरु अनि श्रमिकहरूलाई जमीनको हक दिलाउनु खोजेको नै थिए। तर अफवाह मा विश्वास गरेर विरोध गरे। त्यो विरोधले अहिले नदुःखे पनि पछि धेरै दुख्नेछ।

थापाले विस्तार पूर्वक भने, चियाबारीका जमीनको हक त्यहाँका मानिसको हातमा दिनु खोजेको नै हुँ। तर रोहंगिया आएर यहाँ बस्छन, सरकारले जमीन लैजान्छ जस्ता अफवाह फैलाए। हाम्रो मानिसले अफवाहमा विश्वास गरे। मानिसले नोटिफिकेसन नबुझी विरोध गरे। नोटिफिकेसन अनुसार तपाईको जम्मै जमीन नाप्ने थियो। त्यस पछि त्यो जमीन श्रमिकको नाममा पञ्जिकृत हुने थियो। यदि हाम्रो मानिसले बुझेको भए आज त्यो जमीन चियाबारीको वासिन्दा अनि श्रमिकहरुको नाममा हुने थियो। यो बिरोधले अहिले होइन पछि दुख्छ। एसआईआरमा दुःख सुरु भएको छ।

बीजीपीएम उम्मेदवारलाई नै जिताउनु आग्रह गर्दै थापाले भने, एमपी चुनाउ हार्दा पहाडलाई धेरै ठूलो नोक्सान भएको छ। बङ्गालमा रहेपछि बंगाल सरकारसँग नै मिलेर काम गर्नुपर्छ। मैले दिल्ली अनि आसाम सँग मिलेर हुँदैन। जनताले बीजेपी(भारतीय जनता पार्टी)-लाई जिताएको होइन तर टीएमसीलाई रिस फेरेको मात्र हो। तर किन रिसाएको भनेर सोच्नु होस त। कसैकोमा उत्तर छैन।

बङ्गाल हाम्रो चिहान हो भन्ने जुन मानसिकता हाम्रो दिमागमा हाली दिएको छ त्यो गाडे घाउको फाइदा बीजेपीले विगत २० वर्ष देखि लिइरहेकोछ। पानीको मुहान नै बन्द गर्यो भने हाम्रो पहाडमा विकास आउँछ? थापाले प्रश्न राखे। गोर्खाको सपना भनेर निन्द्रामा देख्ने कुरा गरेर जान्छुँन् उनीहरू तर विश्वास गर्ने हामी नै हौ। दोष कसको? यदि एसआइआर बङ्गालले गरेको भए पहाडमा अहिले आगो लाग्ने थियो।

तसर्थ थापाले भने, हामीलाई काम गर्ने एमएलए चाहिन्छ। काम गर्ने एमएलए बीजीपीएम-ले दिनेछ। यसपाली बिजीपीएम-को काम गर्ने एमएलए-लाई जिताउनु पर्छ। जनतालाई बीजेपी-को खतरनाक योजना माथि सचेत गराउँदै भने, राशन अहिले सबैले पाउँदछन्। अब दुई चक्के, चार चक्के, बिल्डिङ हुनेले यो योजना पाउने छैन।अब पाउँदै गरेको चामल पनि बीजेपी सरकारले लैजाने योजना बन्दैछ। २५० रुपियाँ दैनिक हाजिरा दिनु त बगानलाई कस्तो मुश्किल छ बीजेपीले भनेको ८ सय रुपियाँ दिनु सक्छ? बीजेपीले मुखमा जे आयो त्यहि बोलेर जान्छ। तर हामी विश्वास गर्छौं।

गोर्खा जनमुक्ति मोर्चा(गोजमुमो) नेता बिमल गुरूङको गृह मन्त्रीसँगको भेटघाट माथि प्रतिक्रिया दिँदै थापाले भने, बिमल गुरूङले बीजेपी-लाई मलजल गरेर पहाडमा कमल फुलाउने मालीलाई नै बिर्सी सक्यो भन्दै थिए। अनि अचानक माली अनि फुलवालालाई पनि सँगै देख्यौं। आज एउटा कुरा, भोलि अर्को कुरा बोल्ने नेताले हामीलाई पार लगाउँछ? अर्को नेताले नो मोर फियर भन्दै कराएको पनि देख्छौ। तर आन्दोलन समयमा डरले भागेर सिलगढी बस्ने नेता पनि नो मोर फियर भन्ने नेता नै हुँन्।

बीजेपी-ले क्षेत्रीयता अनि क्षेत्रीय दल नै मासिसक्यो भन्दै उनले भने, बीजेपीले आफ्नो गठबन्धनको दललाई उनीहरूको आफ्नै चिन्हमा लड्न नै दिएका छैनन्। यदि चुनाउ नै लड्न पाएन भने के को राजनैतिक दल? हामी हाम्रो आफ्नै चुनाउ चिन्हमा तीन वटै आसनमा चुनाउ लड्दैछौ।

आजको सभामा खरसाङ नगरपालिका ३ नम्बर वार्डका ११ परिवार विभिन्न पार्टीहरु त्यागेर भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चामा सामेल भएका छन्। त्यसरी नै २९ नम्बर समष्टिको सभामा बरबुङबाट आईजीजेएफ-का ६ परिवार, गिद्दे पहाड समष्टिका आईजीजेएफ- का महासचिव इसाक मोहमत अनि करबिरबाट ६ परिवार बीजीपीएम-मा सामेल भए।

# फूटबल खेल सम्पन्न

**बिजनबारी, १४ फरवरी (निसं): स्थानीय प्रतिभाहरु निखार्दै ग्रामीण स्तरमा रहेका प्रतिभावान खेलाडीहरुको खोजी गर्ने प्रमुख उदेश्यको साथमा दार्जीलिङ- पुलबजार खण्डको गोक-एक ग्राम पञ्चायतको रंगदू खेल मैदानमा आयोजित अन्तर ग्रामीण फुटबल प्रतियोगिताको फाइनल शुक्रबार रगारग कार्यक्रमको साथमा सम्पन्न गरियो। फुटबल कमिटी गोक रङ्दुको मुख्य आयोजनामा आयोजित खेलमा ग्रामीण स्तरीय खेलाडीलाई मात्र प्राथमिकता दिएको थियो भने गाउँभित्रकै खेलाडीहरु मात्रै दलमा समावेश गर्ने प्रावधान राखिएको थियो। जसको मुख्य लक्ष्य ग्रामीण भेगका मंच नपाएका खेलाडीहरुको प्रतिभा निखार्नु रहेको आयोजक कमिटीले जनाएको छ। यसैबीच फाइनल खेल स्थानीय कर्मटार फुटबल दल अनि कर्मटार युथ क्लबको माझमा सम्पन्न भएको थियो। निकै रोमाञ्चक भएको खेलको निर्धारित समयमा बराबरीमा सकिएपछि खेल अतिरिक्त समय हुदै ट्राइ ब्रेकरसम्म पुगेको थियो। जहाँ पेनाल्टी सुटआउटमा कर्मटार फुटवल दल विजयी बन्दै उपाधी आफ्नो झोलीमा हालेको थियो। कार्यक्रममा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा पुल बिजनबारी गोक समष्टि सयोजक विनय सुब्बा प्रमुख आथितको रूपमा उपस्थिति थिए भने खेलमा कुल बहादुर**



**वातर ( केबी वातर) समाज सेवी तथा वरिष्ठ राजनैतिज्ञ लगायत फुटबलप्रेमी दर्शकहरु सगै गाउँबासीहरुको बाक्लो उपस्थिति रहेको थियो। यसैबीच कार्यक्रमलाई सम्बोधन गर्दै भागोप्रमो समष्टि सयोजक विनय सुब्बाले ग्रामीण स्तरमा यस्ता आयोजनाहरु पहाडमा प्रतिभावान खेलाडीहरु जन्माउने आशा व्यक्त गरे भने आफहरुबाट हुनसक्ने सहयोगको निम्ति सदैव तत्पर रहने उनले वचन दिए। अर्कोतिर पहाडको विभिन्न स्थानहरु ठुलो स्तरमा आयोजना भईरहेको खेलहरुमा ग्रामीण भेगका खेलाडीहरु केवल दर्शकहरु मात्रै भएकोले फुटबलको जड ग्रामीण भेगनै भएकोले प्रतिभावान खेलाडीहरु जन्माउने उदेश्यले नै आफुहरुले यस्तो आयोजना गरेको आयोजक समितिका एक सदस्यले जनाए।**

# आईजीजेएफ-को युवा अनि नारी जनशक्ति समिति

**चुङथुङ, १४ फरवरी (निसं):** चुङथुङ- मेरिबुङ-तामसाङ समष्टि अन्तर्गत आई जी जे एफको युवा जनशक्ति फ्रन्ट अनि नारी जनशक्ति फ्रन्ट गठन गरियो। यहाँको गेंग्मिधुरा भवनमा समष्टि सभापति महेन्द्र राईको सभापतित्वमा सम्पन्न सभामा उक्त कमिटी गठन गरियो।

सो सभामा समष्टि स्तरीय युवा जनशक्ति समितिका सचिव बिर्देस थापा, सह सचिव रोमी राई,सुशील दर्नाल, हिरण सुन्दास, सभापति अभिनवा तामाङ्ग, उप सभापति विजय सुब्बा, देव लिम्बु,योगेश छेत्री, कोषाध्यक्ष विशाल तामाङ, प्रवक्ता निषत राई,लगायत प्रमुख सल्हाकार प्रमोद राई, महेन्द्र राई, विरेन्द्र तामाङ, अजय प्रधान आदिलाई चयन गरियो भने १९ जना कार्यकारी सदस्यहरु सामेल रहेको छ। यसरी नै समष्टि जनशक्ति नारी समिति पनि गठन गरिएको जानकारी समष्टि सभापति महेन्द्र



राईले दिए। नारी जनशक्ति समष्टि कमिटीमा सचिव सपना भुजेल, सहसचिव दिपा दियाली, रोजी राई, सन्जु थापा, सभापति दर्शना राई,उप-सभापति सुनिता राई, जयन्ती राई, देशीमाया तामाङ लगायत दश जना कार्यकारी सदस्यहरु सामेल रहेको सभापति राईले बताए। अहिले चुङथुङ-मेरीबुङ-तामसाङ समष्टिमा निरन्तर रूपमा आईजीजेएफ-मा जनताले समर्थन गरिरहेको सभापति महेन्द्र राईले जनाए।

अब पहाड़मा अजय एडवर्ड मात्र इमानदार अनि पहाड़को जनताको हित र कल्याणको निम्ति एक निडर र निस्वार्थ नेता रहेको राईले बताए । अन्य पार्टी र नेताहरु स्वार्थी र विकाव रहेको पनि उनले बताए।

# नि:शुल्क स्वास्थ्य जाँच शिविर

**मजुवा-बतासे, १४ फरवरी (निसं):** अप्पर बतासे युनाइटेड बोइसको आयोजनामा निशुल्क स्वस्थ्य जाँच शिविर सम्पन्न भएको छ। कालेबुङ दृष्टि फाउण्डेसन प्रबन्धमा तथा बतासे युनाइटेड बोइसको आयोजनामा आँखा तथा स्वस्थ्य जाँच निशुल्क शिविरको आयोजना गरिएको छ। युनाइटेड बोइस बतासे खेल मैदान परिसरमा सम्पन्न शिविरमा स्थानीय विभिन्न रोगीहरू ६० भन्दा अधिकले उक्त शिविरको लाभ उठाएको छ। दृष्टि फाउण्डेसनका डक्टरहरू फिजिसियन डीके ब्यनर्जी, दृष्टि फाउण्डेसन अध्यक्ष ओपीटीएम अब्दुल, लेक टेक्निसियन वासिम भाई, फाउण्डेसन सचिवा कल्पना छेत्री, कम्रुउद्दिन एक्जुकेटिभ मेम्बरको विषेश उपस्थितिमा भएको निशुल्क स्वस्थ्य जाँच शिविरमा स्वस्थ्य जाँच पछि रोगीहरूलाई निशुल्क दवाइ पनि



वितरण गरिएको जाँच शिविरमा फाउण्डेसनका डक्टरहरू लगायत सम्पूर्ण उपस्थिति वर्गलाई युनाइटेड बोइसको तर्फबाट कृतज्ञता जनाएको जानकारी बतासे युनाइटेड बोइस प्रमुख कपिल प्रधानले दिए।

# मानेभञ्ज्याङदेखि गुम्बा डाँड़ासम्मको सड़क पुन: निर्माण हुने



**रिम्बिक १४ फरवरी (निसं):** अन्तत: मानेभञ्ज्याङदेखि गुम्बा डाँडासम्मको मुख्य सडक पुन: निर्माण हुने भएकोछ। रिम्बिक लोधोमा समष्टिका सभासद एंव जीटीए-का पर्यटन विभागका कार्यकारी सभासद नोर्देन शेर्पाले पश्चिम बंगाल राज्य विद्युत वितरण कम्पनी लिमिटेडलाई सामाजिक दायित्व निर्वाह गर्नु पर्ने अवगत गराउँदै पत्रचार गरेका थिए।

जसको फलस्वरूप कम्पनीले शुक्रबारको दिन फेदी खोलामा द्विपक्षीय वार्ता बोलाएको थियो। वार्तामा कम्पनीका अधिकारीहरु अनि सभासद नोर्देन शेर्पा लोधोमा ग्राम पञ्चायत-एक अनि दुइका निर्वाचित सदस्यहरु, कर्म अध्यक्ष पञ्चायत समिति सदस्यको उपस्थिति रहेको थियो।

वार्तामा सभासद शेर्पाले उठाएका पाँच बुँदे विषयमाथि गहन छलफल भयो भने सभासदले पत्र मार्फत उल्लेख गरेका समस्याहरु समाधान गर्नेमा कम्पनीले सहमति जनायो। यस वर्षको बर्खायाम अघि नै यहाँका जनताले भोग्दै आएका आधारभूत समस्या निवरणमा कम्पनीले ठोस कदम चाल्ने निर्णय गरिएको थाहा लागेकोछ। कम्पनीले समष्टिमा रामाम विद्युत परियोजना चलाइरहेको छ।

बिहीबारको दिन लिखित पत्रमा सभासद शेर्पाले कम्पनीको जिम्मेवारी केवल बिद्युत बितरण मात्रै होइन तर स्थानीयहरुको हितमा कार्य गर्नु पनि रहेको बताएका थिए।

पत्रमा कम्पनीले प्रशस्त मात्रामा रामाम हाइड्रो प्रोजेक्ट अन्तर्गत कम्पनीको हितमा पुर्वाधारहरुको निर्माण गरिरहेको तर जनसरोकारका विषयमा भने कम्पनीले दायित्व नलिएको गुनासो पोखेका थिए। यही पत्र सार्वजनिक भएपछि कम्पनीले वार्ता बोलाएको हो।

पत्रमा मानेभञ्ज्याङदेखि गुम्बा डाडासम्मको सडकको मर्मती एंव पुन: निर्माण, समष्टिभित्रको काली खोला, पालमजुवा खोला अनि फेदी खोलामा निर्मित फलामको पुलको अवस्था जिर्ण रहेको कारण उक्त पुलहरुको मर्मती, गत बर्ष अक्टोबरको पैह्रोका कारण कृषियोग्य जमिन गुमाएका ६ जनालाई सहयोग, चिउरीबोटेको रिजर्भर तथा सडकको मर्मती अनि रामाम हाइड्रो प्रोजेक्ट परिसरमा चारजना होमगवर्ड एंव सुरक्षाकर्मीको रिक्त पदहरुमा स्थानीयहरुलाई प्राथमिकतामा राख्दै चाडो बहाली गर्नु पर्ने रहेको थियो। कम्पनीको तर्फबाट सकारात्मक पहल गरिने निचोड आएपछि सभासद शेर्पाले क्षेत्रको विकासमा कम्पनीले दायित्व लिनेमा विश्वास व्यक्त गरे।

# पीएमजीएसवाई सड़कको शिलान्यास

**पेशोक, १४ फरवरी (निसं) :** तकदाह-ग्लेनवर्ण समष्टि अन्तर्गत रहेको मानेडाँडा ग्राम पञ्चायत संसद संख्या चार पोखरी फाटकदेखि गुराँसे फुटेसम्मको साढे तीन किलोमिटर पीएमजीएसवाई मार्फत सड्कको निर्माणकार्यको आज शिलान्यास गरिएको जानकारी प्राप्त भएको छ। प्राप्त जानकारी अनुसार, सभासद एवं भागोप्रमो खरसाङ महकुमा महासचिव प्रणाम रसाईली,



समष्टि परिपेक्षक विज्ञान मिश्र आदिको उपस्थितिमा उक्त सड्क निर्माणकार्यको शिलान्यास गरियो। मानेडाँडा ग्राम पञ्चायतका प्रधान पासाङकीत लेप्चा लगायत ग्राम पञ्चायतका निर्वाचित सदस्यवर्ग, पञ्चायत समिति , सिंग्रीताम ग्राम पञ्चायतका पञ्चायत समितिका सदस्य सुरेखा राई, पञ्चायत सदस्यवर्ग आदिको उपस्थितिमा सम्पन्न उक्त शिलान्यास कार्यक्रममा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तक्दाह-ग्लेनबर्ण समष्टिका महासचिव सुशोभित गुरुङको पनि बिशेष उपस्थिति रहेको बताईएकोछ। अनुमानित तीन करोड भन्दा माथिको लागतमा बनिने उक्त सडक गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनबाट निर्माण गरिने भएको मानेडाँडा ग्राम पञ्चायतका संसद पाँचका सांसद धिरज राईले उक्त जानकारी गराएका छन्।

# कारबाट प्रेमी जोड़ीको शव

**नयाँ दिल्ली, १४ फरवरी (निसं): भ्यालेण्टाइन्स डे-मा नोएडामा एउटा कारबाट प्रेमी जोड़ीको शव बरामद गरियो। दुवै शवमा गोली लागेको निशान थियो। पुलिसको प्रारम्भिक अनुमान अनुसार युवतीलाई गोली हानी हत्या गरेपछि युवकले आत्महत्या गरेका हुन्। नोएडाका डीसीपी जमुना प्रसादले भने, नोएडाको सेक्टर १०७ मा दादरी रोडमा पार्क गरिएको बन्द कारबाट दुईजनाको शव बरामद गरिएको हो। मृत युवक सुमित (३२) दिल्लीको त्रिलोकपुरी क्षेत्रका अनि युवती रेखा (२६) नोएडाको सेक्टर ५८ क्षेत्रका वासिन्दा थिए। दुवै शुक्रवारदेखि बेपत्ता थिए।**

MAULANA AZAD INTERNATIONAL SCHOOL
AZAD NAGAR, KIRORA, BALRAMPUR, KATIHAR, BIHAR
is hiring for the following posts:
1. TGT- ENGLISH
2. TGT- BIOLOGY
3. TGT- PHYSICS
4. TGT- COMPUTER
5. PRT TEACHERS
Facility- Competitive Salary (Negotiable)
Food and Lodging
Apply Now!
Send CV + Handwritten Application to: Email: mais.dalkhola@gmail.com
WhatsApp NO.: 7001741552,
Web: maischool.in




# पैह्रोग्रस्त क्षेत्रको निरीक्षण

**दार्जीलिङ, १४ फरवरी (निसं):** गत साल ४ अक्टोबरको दिन आएको भीषण भल पैह्रोको चपेटमा पर्ने पीड़ित परिवारहरूले आजसम्म केवल दुइवटा तारपोलिन मात्र पाएको गुनासो गरेका छन्। चार महिना बितिसक्दा पनि कुनै विभाग, प्रशासन, जनप्रतिनिधिद्वारा सही पहल नभएपछि टीन रोड ६४ लाइन गाउँवासीको अनुरोधमा घूम जोरबंग्लो पिपल्स अर्गनाइजेशनको एक प्रतिनिधि टोलीले उक्त पैह्रोग्रस्त क्षेत्रको निरीक्षण गरेको अर्गनाइजेशनका सभापति साङ्गे डुक्पाले बताएका छन्। उक्त पैह्रो



कारण पीड़ित परिवारपक्षलाई धेरै समस्या भइरहेको कुरा अर्गनाइजेशनले उठान गरेको छ। डुक्पाले भने,गत सालको भल भल पैह्रोको कारण यहाँका गाउँवासीलाई अहिले पनि मिलेको छैन।

निरीक्षण अवधि पीड़ितपक्ष तथा गाउँलेहरूले अहिलेसम्म दुईवटा तारपोलिन मात्रै पाएको बताएको जनाउँदै उनले भने, यो क्षेत्र नगरपालिका वार्ड नम्बर १ मा पर्दछ। पैह्रो गएको समय एकपटक निरीक्षण गरियो। यहाँका क्षेत्रीय सभासद ,जीटीए सबैले यस सालको बर्खा मौसम शुरू हुन अघि नै यहाँका पैह्रो पीडितको समस्यालाई समाधान गरिदिने माग अर्गनाइजेशनता महासचिव ठेण्डुप वाङदीले गरेका छन्। उपसभापति वाङदी येल्मुले प्रशासन साथै जनप्रतिनिधिहरूले आजसम्म उक्त क्षेत्रलाई अनदेखा गरेको गुनासो पोखेका छन्। बर्खाको समयमा बग्ने पानीलाई व्यवस्थित रूपमा टुङ्गो लगाउन अहिलेसम्म झोड़ा निर्माण नभएकोले यहाँका क्षेत्रवासीले बर्खा मौसममा धेरै गम्भीर समस्या भोग्न परिरहेको बताउँदै पैह्रो रोकथामबारे उचित पहल गरिदिने सभापति डुक्पाले थप बताएका छन्। निरीक्षण टोलीमा सभापति साङ्गे डुक्पा, महासचिव ठेण्डुप वाङदी, उपसभापति वाङदी येल्मुजयकुमार थामी,सहसचिव फिन्चो वाङदी, पि छिरिङ, शिवा छेत्री, प्रदीप राई आदि थिए।

# अर्को जाली प्यारामेडिकल र नर्सिङ कलेजको भण्डाफोर, दुई महिलासहित सात पक्राउ



**सिलगढ़ी, १४ फरवरी (निसं):** सिलगढ़ी र संलग्न क्षेत्रमा प्यारामेडिकल र नर्सिङ कोर्सको नाममा विद्यार्थीहरूको भविष्य लिएर ठगी गर्ने एउटा ठूलो र्‍याकेटको पुलिसले उदाङ्गो गरेको छ। गत शुक्रवार प्रधाननगर पुलिसले शहरमा रहेको एउटा नक्कली प्यारामेडिकल इन्स्टिच्यूट विरुद्ध जाँच गर्दा दुई महिलासहित सात जनालाई पक्राउ गरेको छ। उक्त दिन धेरै विद्यार्थीहरूले प्रधाननगर थानामा संस्था विरुद्ध लिखित अभियोग दर्ता गरेका थिए। प्यारामेडिकल कोर्समा भर्ना हुँदा लाखौं रूपियाँ शुल्क लिइए पनि संस्थासँग कोर्स सञ्चालन गर्न कुनै वैध सरकारी कागजात वा स्वीकृति नभएको उनीहरूले आरोप लगाए। उनीहरूले संस्थानले जारी गरेको प्रमाण–पत्र कुनै पनि सरकारी वा निजी नोकरीको लागि स्वीकार्य छैन भनेर पनि पत्ता लगाएका छन्। पुलिसले अभियोग पाएपछि मिलनमोड़ क्षेत्रमा रहेको शैक्षिक संस्थामा अभियान चलाएको थियो। स्वास्थ्य विभाग वा कुनै पनि शिक्षा बोर्डको वैध अनुमति बिना नै यो व्यवसाय सञ्चालन भइरहेको जाँचबाट पत्ता लागेको छ। केही दिनअघि पुलिसले सालबारी क्षेत्रमा रहेको यस्तै नक्कली संस्थाबाट तीन जनालाई पक्राउ गरेको थियो। पुलिसको प्रारम्भिक धारणा अनुसार सिलगढ़ी शहरमा यस्ता ठगी गिरोहहरूको ठूलो नेटवर्क सक्रिय छ। प्रधाननगर पुलिसले यो पासोमा कति विद्यार्थीहरू फसेसा छन् र आर्थिक तथा भावनात्मक क्षति बेहोरेका छन् र यसको पछाड़ि अन्य कुनै प्रभावशाली व्यक्तिको हात छ कि छैन भनेर पत्ता लगाउन विस्तृत जाँच शुरु गरेको छ।

पुलिस सूत्र अनुसार, सञ्जय शर्मा, कौशिक गुहा र शुभ्रजित शर्मा संस्थानका निर्देशक हुन्। विद्यार्थीहरूले आरोप लगाए, उनीहरूलाई शुरूमा त्यहाँ प्यारामेडिकल कोर्स सञ्चालन भइरहेको भनिएको थियो, जसको लागि उनीहरूसँग १.५ लाख रुपियाँ शुल्क लिइएको थियो। तर प्यारामेडिकल कोर्सको सट्टा उनीहरूलाई व्यावसायिक तालिम दिइएको थियो। तालिमपछि उनीहरूलाई प्लेसमेन्ट दिइनु पर्ने थियो, तर उनीहरूले पाएनन्। संस्थाले दिएको प्रमाण–पत्र मान्यता प्राप्त छैन। विद्यार्थीहरूले सालबारीको प्यारामेडिकल इन्स्टिच्युट र मिलनमोड़को प्यारामेडिकल इन्स्टिच्युट एउटै भएको दाबी गरे। पछि यसलाई सालबारी र मिलनमोड़मा फरक–फरक नामले शुरु गरिएको थियो। विद्यार्थीहरूले आरोपीहरूलाई कड़ा सजायको माग गरे। पुलिसले यस ठगी समूहमा संलग्न रहेको आरोपमा कौशिक गुहा, नवीनचन्द्र बनिक, सुरजित शर्मा, संजय शर्मा, अभिजित सूत्रधर, राधा खाती र रोशी छेत्रीलाई पक्राउ गरेको छ। पक्राउ परेका व्यक्तिहरू सिलगढ़ीका विभिन्न वार्डका साथै अलिपुरद्वार, मिरिक र कालेबुङका बासिन्दा हुन्। पक्राउ परेकाहरूलाई शनिवार सिलगढ़ी न्यायालयमा पेश गरियो।

# सांसदद्वारा दार्जीलिङ मोड़ ओभरब्रिजको निरीक्षण



**सिलगढ़ी, १४ फरवरी (निसं):** दार्जीलिङका सांसद राजु विष्टले शनिवार यहाँको दार्जीलिङ मोड़स्थित रेलवे ओभरब्रिजको निर्माण कार्यको निरीक्षण गरे। उनले सम्बन्धित अधिकारीहरू र निर्माण कम्पनीका प्रतिनिधिहरूसँग कामको प्रगतिको जानकारी लिए। निरीक्षणपछि सांसदले दार्जीलिङ मोड़ र संलग्न क्षेत्रहरू लामो समयदेखि ट्राफिक जामले ग्रस्त रहेको बताए। ओभरब्रिज निर्माणले ट्राफिक जामको समस्या समाधान गर्न साथै शहरको सञ्चार प्रणालीमा सुधार आउनेछ। उनले निर्माण कार्य तोकिएको समयभित्र र गुणस्तरीय रूपमा सम्पन्न गर्न निर्देश दिए। उल्लेखनीय, यो रेलवे ओभरब्रिजलाई उत्तर बंगालको महत्वपूर्ण प्रवेशद्वार सिलगढ़ी शहरमा ट्राफिक जाम कम गर्नका लागि धेरै महत्वपूर्ण परियोजना मानिएको छ। यस दिन सांसदले सिलगढ़ीका मेयर गौतम देवको पनि आलोचना गरे। उनले जमीन हस्तान्तरण प्रक्रियामा विलम्ब गर्नको कारण परियोजनाको काममा ढिलाइ भइरहेको आरोप लगाए। कम्युनिष्ट पार्टीको शासनकालमा धेरै ठूलो विकास परियोजनाहरू शुरु भएका थिए र वर्तमान केन्द्रीय सरकारले त्यो विकास कार्यलाई अगाड़ि बढ़ाइरहेको छ।

# विभिन्न ठाउँमा ठाकुर पञ्चानन बर्माको १६०औँ जन्मजयन्ती पालन



**सिलगढ़ी, १४ फरवरी (निसं):** सिलगढ़ी इस्टर्न बाइपास संलग्न गोरा मोड़मा शनिवार उत्तर–पूर्वी भारतका एकजना प्रख्यात समाज सुधारक राय साहेब ठाकुर पञ्चानन बर्माको १६०औं जन्मजयन्ती श्रद्धा र सम्मानका साथ मनाइयो। बिहानैदेखि राजवंशी समुदायका मानिसहरू र विभिन्न संस्थाका सदस्यहरूको उपस्थितिमा कार्यक्रम आयोजना गरिएको थियो। यस अवसरमा पञ्चानन बर्माको सालिकमा माल्यार्पण र श्रद्धाञ्जली अर्पण गरियो। कार्यक्रममा उपस्थित अतिथिहरूले महान समाज सुधारक पञ्चानन बर्माको जीवन र कार्य बारे बोल्दै राजवंशी समुदायको विकासमा उनको योगदानको सम्झना गरे। कार्यक्रममा दार्जीलिङ जिल्ला तृणमूल कंग्रेसका अध्यक्ष सञ्जय टिब्रेवाल, जेपी कनोडिया, पूर्व प्रधान तपन सिंह लगायत राजवंशी समुदायका अन्य प्रमुख तथा साधारण मानिसहरू उपस्थित थिए। वक्ताहरूले समाज सुधारक र शिक्षाविद्को रूपमा पञ्चानन बर्माको भूमिकाले आज पनि समाजलाई मार्गदर्शन गर्ने बताए। उनको आदर्शलाई ध्यानमा राख्दै समाजको समग्र विकासको लागि सबैलाई मिलेर काम गर्न आह्वान गरे। कार्यक्रमले पञ्चानन बर्माको स्मृतिमा श्रद्धाञ्जली अर्पण गर्दै राजवंशी समुदायको परम्परा र संस्कृतिलाई अझ अगाड़ि बढ़ाउने सन्देश दिइयो।

अर्कोतिर, शनिवार नौकाघाट मोड़मा नगरनिगमको पक्षबाट पञ्चानन बर्माको १६०औं जन्मजयन्ती श्रद्धा र सम्मानका साथ मनाइयो। यस अवसरमा सिलगढ़ी नगरनिगमका मेयर गौतम देव र मेयर परिषदका सदस्यहरूले ठाकुर पञ्चानन बर्माको सालिकमा माल्यार्पण गर्दै श्रद्धाञ्जली अर्पण गरे।

अर्कोतिर, राजगञ्जमा पनि रायसाहेब ठाकुर पञ्चानन बर्माको १६०औं जन्मजयन्ती मनाइयो। शनिवार राजगञ्ज ब्लकको माझियाली ग्राम पञ्चायतको मेहन्दीगछको करातोया नदीको किनारमा रहेको चेरीखाड़ीमा मनाइयो। उक्त दिन क्षत्रिय राजवंशी कुलगुरु कुलशिष्य तथा भक्त समाजसेवा संस्थाको तर्फबाट ठाकुर पञ्चानन वर्माको प्रतिमामा माला र फूल अर्पण गरेर पालन गरियो। यस अवसरमा कुलगुरु कुलशिष्य र भक्त समाज सेवा संस्थाको जलपाईगढ़ी जिल्ला समितिका अध्यक्ष करुणाकान्त अधिकारी, टयाल सिंह राय, भूपेन चन्द्र राय उपस्थित थिए।

# आजदेखि युवासाथी परियोजनाको शिविर

**सिलगढ़ी, १४ फरवरी (निसं):** आइतवारदेखि युवा साथी परियोजनाको लागि राज्यका अन्य भागहरू जस्तै सिलगढ़ीमा पनि आवेदन संकलन शिविर शुरु हुन गइरहेको छ। यो शिविर सिलगढ़ी नगरनिगम क्षेत्रका सातवटा स्थानमा आयोजना गरिनेछ।

शिविरहरू सिलगढ़ीको बाघाजातिन पार्क, देशबन्धुपाड़ाको आर्य समिति, शक्तिगढ़ रवीन्द्र मञ्च, घुघुमाली हाई स्कूल, बाघाजातिन कालोनीमा रहेको बाघाजातिन विद्यापीठ, ज्योतिनगरको पाठेश्वरी स्कूल र निरंजननगर कलोनी कम्युनिटी हलमा आयोजना गरिनेछ। मेयर गौतम देवले भने, यो शिविर २६ फरवरीसम्म जारी रहनेछ। शिविर हरेक दिन बिहान १० बजीदेखि साँझ ५ बजीसम्म खुल्ला रहनेछ। २१ देखि ४० वर्ष उमेरका माध्यमिक विद्यालय उत्तीर्ण युवाहरू र २१ देखि २५ वर्ष उमेरका युवतीहरूले आवेदन दिन सक्छन्। २५ वर्ष उमेरपछि युवतीहरूको नाम परिवर्तन गरी लक्ष्मी भण्डारमा राखिने छ।

यी शिविरहरूमा लक्ष्मी भण्डारको आवेदन पनि स्वीकार गरिनेछ। युवा साथी आवेदनको लागि माध्यमिक पास सर्टिफिकेट, आधार कार्ड, ब्याङ्क खाता विवरण, एक कपी फोटो र जात प्रमाणपत्र बुझाउनु पर्छ।

यदि विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गर्दैछ भने पनि आवेदन दिन सक्छन्। आउँदो १ अप्रेलदेखि ब्याङ्कमा पैसा जम्मा हुने गौतम देवले अवगत गराए।

# पार्षदले बाङ्ग्ला आवास योजनामा घुस मागेको आरोप

**सिलगढ़ी, १४ फरवरी (निसं):** पुरानो निगमको जटिलतामा भ्रम, बंगला आवास योजना अन्तर्गत घर उपलब्ध गराउन घुस मागेको तृणमूल काउन्सिलर विरुद्ध आरोप उठेको छ। यो आरोप लिएर सिलगढ़ी नगरनिगम अशान्त बनेको थियो। मेयरबाट समन पाएपछि आरोपी तृणमूल काउन्सिलर विमानचन्द्र तपादार नगरनिगममा पुगेका थिए। शनिवार सिलगढ़ी नगरनिगमको टक टु मेयर फोन इन लाइभ कार्यक्रममा ३४ नम्बर वार्ड निवासी पार्वती रायले मेयर गौतम देवलाई गुनासो गरिन्, ३४ नम्बर वार्डकी तृणमूल काउन्सिलरले आवास योजना अन्तर्गत घर उपलब्ध गराउन उनलाई १० हजार रूपियाँ मागेकी थिइन्। पैसा तिर्न नसकेर उनले घर पाएकी थिइनन्। उनको नाम सूचीबाट हटाइयो। मेयरले पार्वती रायलाई तुरून्तै नगरनिगममा भेट्न बोलाए। नगरनिगममा मेयरलाई भेट्नु अघि पार्वती रायले पत्रकारहरूको प्रश्नको जवाफमा भनिन्, वार्ड मास्टर काजल रायले पनि घर उपलब्ध गराउन मसँग ३० हजार रूपियाँ मागेकी थिइन्। अभियोग पाउने साथै मेयरले आरोपित पार्षद विमान तपादारलाई पनि नगरनिगममा बोलाए। मेयरले आफ्नो चेम्बरमा अभियोगकर्ता र आरोपित पार्षदलाई लिएर बैठक गरेपछि कुरा स्पष्ट भयो। विमान बाबुले आवास योजनाको पुरानो नियममा भ्रमका कारण यो घूसखोरीको आरोप लागेको बताए। शुरुमा, उपभोक्ताले आफ्नो ब्याङ्क खातामा ३५ हजार रूपियाँ राख्नु पर्ने नियम थियो। मैले पार्वती रायलाई त्यो पैसा राख्न भनेँ। मैले उनलाई पैसा दिन भनिनँ। पार्वती देवीले पनि पछि स्वीकार गरिन् पार्षदले उनलाई पैसा ब्याङ्कमा राख्न भनेका थिए। विमान बाबुले भने, पार्वती देवीले आवेदन दिँदा उपभोक्ताहरूले ब्याङ्कमा पैसा राख्नुपर्ने नियम थियो। पछि त्यो नियम हटाइयो। उनले कुरालाई गलत बुझ्यो। पार्वती देवीले भनिन्, पार्षदले यो पैसा आफ्नै लागि मागिरहेका छन् भन्ने मलाई लाग्यो। आज मुखामुख छलफलमा आफ्नो गल्ती महसुस गरिन् पार्वती देवीले। यसैबीच नगरनिगमले महिलालाई आवास योजना अन्तर्गत घर पाउन हरसम्भव सहयोग गर्ने आश्वासन दिएको छ।

# अस्थायी कर्मचारीहरूलाई तलब नदिइएको आरोप

**सिलगढ़ी, १४ फरवरी (निसं):** उत्तर बंगाल मेडिकल कलेज अस्पतालको सुपर स्पेशलिटी ब्लकका अस्थायी कर्मचारीहरूलाई फेरि तलब दिइएको छैन। महिनाको १४ तारिख बितिसक्दा पनि तलब नपाउँदा कर्मचारीहरू समस्यामा परेका छन्। शनिवार ठेकादार कर्मीहरूले यस विषयमा सोधपुछ गर्ने ठेकादार कम्पनीको सुविधा प्रबन्धकलाई भेटे। सुविधा प्रबन्धक मिथुन साहाले भन, अस्पताल अधिकारीहरू अर्थात् सुपरले अझैसम्म उनीहरूको बिलमा हस्ताक्षर गरेका छैनन्। त्यसैले तलब रोकिएको छ। तर कर्मीहरू यो भनाइ स्वीकार गर्न अनिच्छुक छन्। युनियनको प्रतिनिधित्व गर्दै प्रतिमा चक्रवर्तीले भनिन्, लगभग हरेक महिना तलब दिन ढिलाइ भइरहेको छ। हरेक पटक हामी एउटै कुरा सुन्छौं, प्रिन्सिपल वा सुपरले बिलमा हस्ताक्षर गरेनन्। यसको पछाडि हामी अर्को षड्यन्त्र देख्छौं। यहाँ काम गर्ने कर्मीहरूको वास्तविक संख्या उजागर गरिएको छैन। यसमा रहस्य लुकेको छ। यी अस्थायी कर्मीहरूको भर्तीमा बेइमानीको नमुना देखा परेको छ। मानिसहरूलाई २–३ लाख रुपियाँमा काममा राखिन्छ। त्यसैले ठेकादार कम्पनीले विनियोजनबाट केही रकम रोकेको छ। त्यसैले ठेकादार कम्पनी सबैलाई एकैचोटि जान दिन सक्दैन। प्रतिमा चक्रवर्तीले उनीहरूले आफ्नो मासिक तलब ढिलाइ गरेर परिस्थिति व्यवस्थापन गर्न खोजिरहेको आरोप लगाइन्। उनले भने, हामी यस सम्बन्धमा आउँदो सोमवार अस्पताल अधिकारीहरूसँग छलफल गर्नेछौं। सरकारी नियम अनुसार सुपर स्पेशलिटी ब्लकमा कति कर्मी आवश्यक छ भनेर सोध्नेछौं। हामी त्यो निर्देश माग्नेछौं। ठेकादारले अहिले यहाँ दुई सयभन्दा बढ़ी अस्थायी कर्मीहरूलाई काममा राखेको छ।

# ट्रकको चपेटमा परेर युवकको मृत्यु



**सिलगढ़ी, १४ फरवरी (निसं):** एकजना युवक जीविकोपार्जनको खोजीमा घरबाट निस्किए, तर भाग्यको क्रूर मोड़मा आफ्नो कार्यस्थलमा अनन्त निद्रामा परे। सिलगढ़ी रेगुलेटेड मार्केटमा लरी पार्किङ गर्ने क्रममा ट्रको चक्काले कुल्चिएर चाल्सा निवासी सुशील उराउँको मृत्यु भएको छ। उक्त घटनाको शुरुवात उत्तर प्रदेशका २९ वर्षीय ट्रक चालक विनोद कुमार पालबाट शुरु भएको थियो। उनी सामानले भरिएको ट्रक लिएर सिलगढ़ीको रेगुलेटेड मार्केट आएका थिए। वाहन पार्किङ गर्दा चालकले अत्यन्तै लापरवाही गरेको आरोप छ। सुशील उराँउ पनि थकित भएर सड़क किनारमा सुतिरहेका थिए। अँध्यारोमा वा सावधानी नअप्नाउँदै ट्रक चालकले सुतिरहेका युवकको पेटमाथिबाट सिधै वाहन चलाएदिए। चिच्याएको आवाज सुनेर मार्केटका व्यवसायी र स्थानीय मानिसहरू तुरुन्तै घटनास्थल पुगे। रक्ताम्मे र गम्भीर घाइते अवस्थामा सुशीललाई उद्धार गरी अस्पताल लगियो। त्यहाँ डाक्टरहरूले भरसक्दो प्रयास गरे तर छोटो संघर्षपछि सुशीलले अन्तिम सास फेरे। घटनाको खबर पाएपछि प्रधाननगर पुलिस घटनास्थलमा पुगेर ट्रकलाई जफत गर्दै चालक विनोद कुमार पाललाई पक्राउ गऱ्यो। आरोपीलाई शनिवार सिलगढ़ी न्यायालयमा पेश गरियो। पुलिसले घटनाको विस्तृत जाँच शुरु गरेको छ। यो घटनामा ट्रक चालकको सानो लापरवाहीले कसरी एकजना युवकको जीवन लिन सक्छ भन्ने कुराको दु:खद उदाहरण हो।

# सेल्सियन कलेजमा इन्नोभिजन २०२६



**सिलगढ़ी, १४ फरवरी:** उत्तर बंगालको एक प्रमुख क्याथोलिक स्वायत्त उच्च शिक्षा संस्थान सेल्सियन कलेज (स्वायत्त) सिलगढ़ी शैक्षिक उत्कृष्टता, चरित्र निर्माण र समावेशी विकासको सेल्सियन दर्शनमा आधारित समग्र शिक्षाको लागि परिचित छ। डन बोस्कोको सेल्सियन अन्तर्गत स्थापित कलेजले यसको सोनादा र सिलगढ़ी क्याम्पसहरूमा कला, विज्ञान, वाणिज्य र व्यावसायिक विषयहरूमा स्नातक र स्नातकोत्तर प्रोग्रामहरू प्रदान गर्दछ। यस कलेजले आफ्नो अन्तरकलेज सांस्कृतिक महोत्सव, इन्नोभिजन २०२६ को सफल आयोजनामार्फत समग्र शिक्षाप्रतिको आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गरेको छ। शैक्षिक उत्कृष्टतालाई चरित्र निर्माण र सामाजिक संलग्नतासँग जोड्नका लागि परिचित, कलेजले गत १३ र १४ फरवरीमा आफ्नो क्याम्पसमा सांस्कृतिक कार्यक्रमको आयोजन गरेको थियो। कार्यक्रममा एकल गायन, नृत्य, चित्रकला, फोटोग्राफी, ब्याण्ड र फेसन शो–सहित प्रदर्शन र प्रतियोगिताहरूको श्रृंखला प्रस्तुत गरिएको थियो। उत्तर बंगाल र सिक्किम वरिपरिका विभिन्न कलेजहरूबाट यस कार्यक्रममा सहभागिता रहेको थियो।

# राशन कार्ड धारकहरूको लागि ई-केवाईसी अनिवार्य

**सिलगढ़ी, १४ फरवरी:** राशन कार्ड धारकहरूको निम्ति धेरै महत्त्वपूर्ण जानकारी खाद्य तथा उपभोक्ता संरक्षण विभागले दिएको छ। सरकारले राष्ट्रिय खाद्य सुरक्षा ऐन अन्तर्गत राशन प्राप्त गर्ने सबै रासन कार्ड धारकहरूका लागि ई–केवाईसी अनिवार्य गरेको छ। खाद्य तथा उपभोक्ता संरक्षण विभागको निर्देशन अनुसार, यदि लाभार्थीहरूले २८ फरवरीसम्ममा आफ्नो ई–केवाईसी पूरा गरेनन् भने उनीहरूको नि:शुल्क राशन बन्द हुन सक्छ। घरमै बसेर आफ्नो राशन कार्ड ई–केवाईसी पूरा गर्न सकिन्छ भन्ने जानकारी खाद्य तथा उपभोक्ता संरक्षण विभागले दिएको छ।

ई–केवाईसीको प्राथमिक उद्देश्य भनेको सरकारी योजनाहरूको लाभ सही र योग्य व्यक्तिहरूसम्म मात्र पुग्नु सुनिश्चित गर्नु हो। प्राय: अब योग्य नभएकाहरूको नाम सूचीमा रहन्छ। आधार प्रमाणीकरण मार्फत, सरकारले नक्कली वा अयोग्य लाभार्थीहरूलाई हटाएर वितरण प्रणालीलाई पारदर्शी राख्ने प्रयास गर्छ। फलस्वरूप, गरिब परिवारहरू आफ्नो प्राप्त गर्ने अधिकारबाट वञ्चित हुँदैनन्।

# ट्रकमा आगोलागी

**सिलगढ़ी, १४ फरवरी (निसं):** फूलबारीको जटियाकाली क्षेत्रमा पेट्रोल पम्पको संलग्न क्षेत्रमा पार्क गरिएको खाली ट्रकमा आगलागी भएको घटना प्रकाशमा आएको छ। स्थानीय सूत्र अनुसार स्थानीय बासिन्दाले पार्क गरिएको ट्रकको क्याबिनबाट अचानक आगो र धुवाँ निस्किरहेको देखेपछि स्थानीयहरू घटनास्थलमा पुगे। नजिकैको निजी अस्पतालबाट ल्याइएको पानीको पाइप र अस्पतालका अधिकारीहरू र स्थानीयहरूको सहयोगमा आगो निभ्याउने प्रयास गरियो। उनीहरूको प्रयासले छोटो समयमै आगो धेरै हदसम्म नियन्त्रणमा आएको थियो। घटनामा कुनै हताहत भएको खबर नभए पनि ट्रकको अगाड़िको भाग आगोमा जलेको थियो। पछि फूलबारीबाट आएको अग्निशमन विभाग घटनास्थलमा पुग्यो। तर, त्यसअघि नै आगो पूर्ण रूपमा नियन्त्रणमा आइसकेको थियो। शुरुमा सर्ट सर्किटबाट आगो लागेको हुनसक्ने अनुमान गरिएको छ।

# विभिन्न क्रीड़ा संगठनसँग मेयरको बैठक

**सिलगढ़ी, १४ फरवरी (निसं):** सिलगढ़ी नगरनिगमले शहरको खेलकुद पूर्वाधार र भविष्यका योजनाहरू बारेमा महत्वपूर्ण कदम चालेको छ। शनिवार नगरनिगमको पहलमा रामकिंकर हलमा शहरका विभिन्न खेलकुद संस्थाहरूसँग छलफल बैठक आयोजना गरिएको थियो। बैठकमा मेयर गौतम देव, उपमेयर रञ्जन सरकार, नगरनिगमका अधिकारीहरू र विभिन्न खेलकुद संस्थाका सदस्यहरू उपस्थित थिए। उक्त दिन शहरका विभिन्न खेलकुद संस्थाहरूको वर्तमान गतिविधि, समस्या र सम्भावनाहरू बारेमा विस्तृत रूपमा छलफल गरिएको थियो। संस्थाका प्रतिनिधिहरूले आफ्ना अनुभव र प्रस्तावहरू प्रस्तुत गरे। साथै भविष्यमा खेलकुदको गुणस्तर कसरी सुधार गर्ने पूर्वाधार विकास गर्ने र नयाँ पुस्तालाई खेलकुद खेल्न प्रोत्साहित गर्ने भन्ने बारेमा विचार आदान–प्रदान गरिएको थियो। नगरनिगमले शहरको खेलकुद क्षेत्रलाई अझ सुदृढ पार्न प्रशासनले सधैं आफ्नो सहयोग प्रदान गर्ने जानकारी दिएको छ। भविष्यमा पनि यस्ता छलफल बैठकहरू जारी रहने थाहा छ।

# अमेरिकाले गऱ्यो आक्रमण, तीनजनाको मृत्यु

**वाशिंगटन, १४ फरवरी :** अमेरिकी सेनाले क्यारिबियनमा लागूऔषध तस्करीमा संलग्न रहेको आरोपमा एउटा जहाजलाई तारो बनाएको थियो। आक्रमणमा तीन तस्कर मारिएको दाबी गरिएको छ, जसको भिडियो पनि सार्वजनिक भएको छ। अमेरिकी सेनाले क्यारिबियनमा लागूऔषध तस्करीको आरोपमा रहेको जहाजमाथि घातक आक्रमण गरेको बताएको छ। अमेरिकी दक्षिणी कमाण्डले सामाजिक सञ्जालमा आक्रमणको भिडियो पनि साझा गरेको छ, जसमा एउटै आक्रमणमा सम्पूर्ण जहाजको विनाश स्पष्ट रूपमा देखाइएको छ।आक्रमणको भिडियो साझा गर्दै, अमेरिकी दक्षिणी कमाण्डले सामाजिक सञ्जालमा भनेको छ कि गत १३ फरवरीमा, कमाण्डर जनरल फ्रान्सिस एल. डोनोभानको निर्देशमा, संयुक्त कार्य बल दक्षिणी स्पियरले तोकिएको आतंकवादी संगठनहरूद्वारा संचालित जहाजमाथि घातक सैन्य हमला गरेको थियो।पोस्टले थप भनिएको छ कि गुप्तचर निकायले पुष्टि गऱ्यो कि जहाज क्यारिबियनमा लागूऔषध तस्करी मार्गहरू पार गर्दै थियो र लागूऔषध तस्करीमा संलग्न थियो। अपरेशनमा तीन तस्कर मारिए। कुनै पनि अमेरिकी सैन्य कर्मचारी घाइते भएनन्।पोस्टसँगै रहेको भिडियोमा नाव पानीबाट गुज्रिरहेको, त्यसपछि विस्फोट भएको देखाइएको छ। गत शुक्रबार भएको आक्रमणले ट्रम्प प्रशासनले लागूऔषधले भरिएका नावहरूमाथि गरेको कारबाहीबाट मृत्यु हुनेको

# अब डिजिटल फूड कूपन देखाए मात्र राशनको चामल, गहुँ पाइने

**कलकत्ता, १४ फरवरी:** फेरि एक पटक गरिबहरूको आधारभूत अधिकारमा हस्तक्षेप गर्ने प्रयास! मोदी सरकारले यस्तो पहल गरेको छ। किनभने, यस पटक नि:शुल्क राशन पाउन कार्ड देखाउनु मात्र पर्याप्त हुनेछैन। फूड कुपनहरू पनि हुनुपर्छ। मोबाइल फोनमा सन्देशहरू मार्फत डिजिटल मुद्रा आउनेछ। यसको आधिकारिक नाम केन्द्रीय बैंक डिजिटल मुद्रा (सीबीडीसी) वा ई–रुपियाँ हो। अबदेखि यही देखाएर राशन पसलहरूबाट चामल र गहुँ लिनुपर्नेछ। केन्द्रले यस्तो प्रणाली लागू गर्न लागेको छ। यो परियोजना भोलि आइतवार गुजरातबाट शुरु हुँदैछ। त्यसपछि यसलाई बिस्तारै अन्य राज्यहरूमा पनि लागू गरिनेछ। जनताको आक्रोशको डरले चुनावको समयमा बंगाललाई छुट दिन सक्नेछ। खाद्य मन्त्रालयले विधानसभा चुनावपछि यो ई–रुपियाँ मार्फत पश्चिम बंगालमा राशन प्रणाली लागू गर्ने योजना बनाएको छ। तर मोदी सरकारको यो डिजिटल आश्चर्यको बारेमा पहिले नै प्रश्नहरू उठ्न थालेका छन्। किनभने, मोबाइल फोन पनि नभएका गरिब राशन ग्राहकहरूले कसरी राशन खाना पाउनेछन् भन्ने बारेमा मन्त्रालयले राम्रो जवाफ दिन सकेन।

मन्त्रालय स्रोतका अनुसार, सीबीडीसी प्रणालीमा ग्राहकलाई प्रति महिना दुईवटा ई–रुपियाँ दिइनेछ। यो परिवारको प्रमुखको मोबाइलमा आउनेछ। कुपन राशन पसलमा देखाउनुपर्नेछ। यदि यो आधार नम्बरसँग मेल खायो भने ग्राहकको मोबाइलमा ओटीपी आउनेछ। वा यसलाई बायोमेट्रिक्ससँग मेल खानेछ। त्यसपछि मात्र कुपनले काम गर्नेछ। र कुपनले काम गरेमा मात्र राशन पसलेहरूले कमिसन पाउनेछन्। अमित शाहले आइतवार गुजरातमा यो प्रणाली शुरु गर्नेछन्। खाद्य मन्त्रालयका अनुसार, यो पहल सार्वजनिक वितरण प्रणालीमा पारदर्शिता ल्याउन र सही व्यक्तिले नि:शुल्क खाद्यान्न पाइरहेको छ भनी सुनिश्चित गर्न हो।

यद्यपि, राशन ग्राहकहरू मात्र होइन, डिलरहरू पनि यस विषयमा अन्धकारमा छन्। उनीहरूको प्रश्न यो छ, के ग्राहकहरूले मोबाइलमा प्राप्त ई–रुपियाँको नाममा खाद्यान्न कुपन देखाएर कुनै पनि राशन पसलमा खाद्यान्न किन्न सक्नेछन्? यदि त्यसो भयो भने पसलेहरूको आम्दानी अनिश्चितताको सामना गर्नेछ। त्यसैले, यो पहलको बारेमा थाहा पाएपछि अखिल भारतीय उचित मूल्य पसल डिलर्स फेडरेशनका महासचिव विश्वम्भर बसु हतारमा दिल्ली गए र यस विषयमा विरोध गरे। उनले खाद्य मन्त्रालयलाई विरोध गर्दै भने, राष्ट्रिय खाद्य सुरक्षा ऐनले यस्तो राशनको लागि अनुमति दिँदैन। त्यसो भए, के ई–रुपियाँ प्रणाली भविष्यमा राशनमा खाद्यान्नको सट्टा प्रत्यक्ष लाभ हस्तान्तरणको दिशामा पहिलो कदम होइन? यदि यो प्रणाली लागू गरियो भने ग्राहकले चामल र गहुँको सट्टा पैसा पाउनेछन्। ग्राहकले त्यो पैसाबाट राशन पाउने ग्यारेन्टी कहाँ छ? पुडुचेरीमा ठ्याक्कै त्यस्तै भयो। त्यहाँ पाइलट परियोजनाको रूपमा डीबीटी लागू गरिएको कारणले राशन पसलहरूको संख्या विस्तारै घट्दै गएको छ। त्यसैले, विश्वम्भर बाबुको चुनौती छ, हामी कुनै पनि परिस्थितिमा बंगालमा यो लागू हुन दिने छैनौं।

# अनितले फेरि एकपल्ट गरे क्षेत्रीयतावादको वकालत



**खरसाङ, १४ फरवरी (निसं):** भापजाले पञ्चायत चुनाउमा धरि हस्तक्षेप गर्ने पार्टी हो, पहिला गोजमुमोको शरणमा भाजपा थियो, अहिले भाजपाको शरणमा गोजमुमो छ। होइन भने गोजमुमोले आफ्नो उम्मेद्वार विधानसभा चुनाउमा उठाएर देखावोस्। हामीले क्षेत्रीयता बचाउन पर्छ भन्दैछौं। हो म टीएमली पार्टीसित गठबन्धनमा छु तर पहाड़को तीनवटा विधानसभा आसनमा हामीले आफ्नै पार्टीको उम्मेद्वार दिनेछौं। गत लोकसभा चुनाउमा पनि हामी आफ्नै पार्टीको उम्मेद्वार उठाउन सक्थ्यौं तर पहाड़को तीनवटा विधानसबा क्षेत्र अनि मधेशको ४ वटा विधानसभा क्षेत्रका मतदाताहरूको समिकरणलाई हेरेर हामीले टीएमसीको चुनाउ चिन्हमा अमरसिंह राईलाई उठाएका थियौं भन्दै भागोप्रमो केन्द्रीय समिति अध्यक्ष तथा जीटीएका मुख्य कार्यपाल अनित थापाले क्षेत्रीयतावादको वाकलत गरे। खरसाङको राज राजेश्वरी भवनमा भागोप्रमो २८ नम्बर समष्टिको आयोजनामा सम्पन्न भएको पार्टीको कर्मी सभामा बोल्दै तिनले उक्त वक्तव्य दिएका हुन्। तिनले अघि भने, २०१७ मा मैले आगोमा हाम फालेर पहाड़मा शान्ति ल्याएको हुँ। म भोटको समयमा मात्र होइन अन्य समयमा पनि जनतासित हुन्छु। म जनतासित डराउदिन, २०-३० वटा गाड़ी लिएर हिंड़ने नेताहरू कि त जनतासित डराएका हुन् कि त जनतालाई डराउन खोजेका हुन्। खरसाङ नगरपालिकाको सबै वार्डहरूमा मैले काम गरेको छु। २ सय कड़ोर रुपियाँको लागत खर्चमा मैले सरकारसित कुरा गरेर खरसाङ नगरपालिकाको निम्ति पानीको परियोजना ल्याइदिएको छु। खरसाङको निम्ति बुङकुलुङबाट पानी तान्ने काम हुँदैछ। ब्रिटिशको समयपछि यो पहिलो पल्ट हो पानीको निम्ति यति ठूलो परियोजना आएको, यस कार्यमा जनताको सहभागिता हुन आवश्यक छ। मैले भनिसकेको छु, पानीको परियोजनाको काम गर्दा वार्ड वार्डमा कमिटी बनाउन पर्छ भनेर। पछि बिग्रिसकेपछि कराएर केही हुँदैन। तिनले बनिसकेको कामलाई नहेरेर, बिग्रिएको काम र समस्यालाई मात्र हेरेर सबै बोल्ने गरेको बताउदै गालि गरेर मात्र नहुने बताए। सरकारले मात्र सबै थोक गरेर हुँदैन। हामीले हप्तामा २ खण्टा मात्र गाउँ-समाजलाई दियौं भने गाउँ बनेर जानेछ भनी तिनले सुझाउ दिए। थापाले अघि भने, हामीसित ३ वटा विधायक छन् भने हामी सरकारलाई भन्न सक्छौं। १९८६ देखि यता बंगालले हामीलाई हेप्छ भन्ने मानसिकताले जरा गाड़ेको छ। यो मानसिकताको कारण राजनीतिक पार्टीहरूले लाभ उठाइरहेका छन्। खरसाङमा ४ वटा फाइभ स्टार होटल भइसकेका छन्। यसको अतिरिक्त स-सानो होटल र रिसोर्टहरू धेरै छन्। होमस्टेहरू राम्रोसित सञ्चालन भइरहेकाछन्। फाइभ स्टार होटलहरूमा हाम्रै नानीहरूले काम पाएका छन्। पर्यटकहरू आएपछि यहाँको गाड़ी, दोकान चलेको छ। तिनले आफ्नो बारेमा बताउदै भने, म पहिला जस्तो थिएँ अहिले पनि त्यस्तै थिएँ, मलाई समयले नेता बनाएको हो। म पहिला १३ मिनट भाषण दिंदा १३ पल्ट पानी पिउने गर्थें, खुट्टा काम्ने गर्थ्यो। म चुनाउको समयमा मात्र होइन जहिले पनि जनतासितै हुन्छु। खरसाङमा धेरै सम्भावनाहरू छन्, यस पल्ट खरसाङलाई सोचेर भोट गर्नु होस्। अघिको समयमा हामीनै थियौं हप्तैपछि बन्द गर्ने, यो सही होइन भनेर २०१७ देखि म निस्किएको हुँ। अहिले सबैले आफ्नो तरिकाले काम गर्न पाएका छन्, आफ्नो तरिकाले सोच्न पाएका छन्, बोल्न पाएका छन्। जीटीएको चुनाउमा खरसाङ नगरपालिकाको २० वटा वार्डका जनताले हामीलाई भोट दिएर जिताए। हामी सरकारसित मिलेर काम गर्दैछौं, हाम्रो विधायक रहेको खण्डमा यहाँको समस्या सोझै विधानसभामा राख्नेछन्। कालेबुङका विधायकले यसरी कालेबुङको लागि धेरै काम गरेका छन्। खरसाङका विधायकले चुनाउ जितेपछि धन्यवाद दिनसम्म आएनन्। हाम्रो खरसाङ बंगालमा पर्छ, यसैले खरसाङको लागि काम गर्दा बंगालसितै मिल्नु पर्छ, बिहारसित मिलेर हुँदैन। तिनले १०१७ मा आफूले धेरै गाली खाएको तर पाँच वर्षपछि चुनाउ जितेर सत्तामा आएको बताउदै भने, खरसाङमा प्रेसिडेन्सी कलेजको स्थापना भयो, वर्तमान अस्पताल रहेको स्थानमा टाउनशीप अनि यसैको छेउमा पार्किङ स्थल निर्माण गर्नेछौं, अस्पताललाई अन्य स्थानमा सार्नेछौं। खरसाङमा आईटी हब बन्दैछ। हामीले ३ विधायक जित्यौं भने यसले सरकार भत्काउन पनि सक्दैन, बनाउन पनि सक्दैन तर खरसाङको विकास हुन्छ। तिनले यी सबै कुरो पार्टी कार्यकर्तालै आ-आफ्नो गाउँ-गाउँमा बुझाउन पर्ने अपिल गरे।

## रोहिणी रोपवे विषयमा बन्दना राईद्वारा

# उच्च न्यायालयमा रिट निवेदन दर्ता गर्ने घोषणा



**खरसाङ, १४ फरवरी (निसं):** खरसाङको गिद्धापहाड़देखि रोहिणी रोपवे निर्माण परियोजनामा सार्वजनिक कोषको दुरुपयोग, लामो समयदेखि अधुरो अवस्था तथा श्रमिकहरूको बकाया पारिश्रमिक नतिरेको गम्भीर विषयलाई लिएर अधिवक्ता बन्दना राईले एक महिनाभित्र कलकत्ता उच्च अदालतमा रिट निवेदन दर्ता गर्ने घोषणा गरेकी छन्। उक्त रोपवे परियोजना सन् २०१४ मा स्वीकृत भई काम सुरु भएको १८ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य रहेको थियो। तर १२ वर्ष बितिसक्दा पनि परियोजना अधुरै छ। निर्माण सामग्रीहरू जीर्ण भई नष्ट भएको, संरचनाहरू जोखिमपूर्ण अवस्थामा रहेको तथा परियोजनामा काम गरेका श्रमिकहरूले विगत ५ वर्षदेखि आफ्नो बकाया पारिश्रमिक नपाएको गम्भीर तथ्य अधिवक्ता बन्दना राईले सार्वजनिक गरेकी छन्। यस विषयमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन जीटीएको मौनता र निष्क्रियता अत्यन्त चिन्ताजनक रहेको अधिवक्ता राईले बताइन्। अधिवक्ता बन्दना राईले जीटीए प्रमुख अनित थापालाई तत्काल हस्तक्षेप गरी सार्वजनिक हितका लागि रोपवे परियोजना शीघ्र सम्पन्न गर्न आग्रह गरेकी छन्। यसको साथै दोषी ठेकेदार कम्पनी तथा सम्बन्धित निकायमाथि कानुनी कार्बाही अघि बढ़ाउन पनि उनले माग गरेका छन्। रिट निवेदनमार्फत् उठाइने मुख्य मागहरूमा गिद्धापहाड़ रोहिणी रोपवे परियोजनाको सम्पूर्ण वित्तीय, प्राविधिक तथा प्रशासनिक अडिट गरियोस्। सार्वजनिक कोषको सम्भावित दुरुपयोग तथा भ्रष्टाचारको छानबिन गरी दोषीमाथि कारबाही गरियोस्। परियोजनामा कार्यरत श्रमिकहरूको ५ वर्षदेखिको बक्यौता पारिश्रमिक र क्षतिपूर्ति तत्काल उपलब्ध गरियोस्। जीर्ण तथा जोखिमपूर्ण संरचनाहरूको सुरक्षा मूल्यांकन गरी जनसुरक्षाको सुनिश्चितता गरियोस्। परियोजना पूरा गर्ने स्पष्ट समयसीमा सहित कार्ययोजना सार्वजनिक गरियोस्। भविष्यमा यस्ता परियोजनामा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न निगरानी संयन्त्र गठन गरियोस् भन्ने रहेका छन्। अधिवक्ता राईले भनिन्, "यो केवल एउटा विकास परियोजना होइन, सार्वजनिक विश्वास, श्रमिक अधिकार र करदाताको पैसाको सम्मानसँग जोड़िएको विषय हो। यदि सम्बन्धित निकायले तुरुन्त ठोस कदम चाल्दैन भने न्यायालयको हस्तक्षेप अपरिहार्य हुनेछ।" उनले सबै सरोकारवाला निकाय, जनप्रतिनिधि, नागरिक समाज र स्थानीय बासिन्दालाई सार्वजनिक सम्पत्तिको संरक्षण र श्रमिक न्यायको पक्षमा ऐक्यबद्ध हुन आह्वान गरेकी छन्।

# भागोप्रमो २८ नम्बर समष्टिको कर्मी सभा



**खरसाङ, १४ फरवरी (निसं):** भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा २८ नम्बर खरसाङ शहर चिम्नी देवराली समष्टिको आयोजनामा विधानसभा चुनाउलाई लक्ष्य गरेर एक कर्मी सभा यहाँको राज राजेश्वरी भवनमा सम्पन्न भयो। पार्टीका केन्द्रीय समिति अध्यक्ष एवं जीटीएका मुख्य कार्यपाल अनित थापाको प्रमुख आतिथ्यमा सम्पन्न भएको यो सभामा स्वगत वक्तव्य पार्टीका समष्टि उपाध्यक्ष एवं माध्यमिक शिक्षक संगठनका प्रतिनिधि अजीत मोक्तानले राखेका थिए। सविना गिरीले सञ्चालन गरेकी यस सभामा बोल्दै खरसाङ विधानसभा समष्टिबाट भागोप्रमोको उम्मेद्वारको रुपमा लाल मोहर लागिसकेका पार्टीका केन्द्रीय समिति महासचिव अमर लामाले खरसाङमा शिवकुमार राई, हेलेन लेप्चा, मायादेवी छेत्री जस्ता नेतृत्वहरूले जन्म लिएको र वर्तमान जीटीएको बागडोर पनि खरसाङकै अनित थापाको हातमा रहेको बताउदै भने, पहिला पटक पटक पहाड़ बन्द हुन्थ्यो, अनित थापा आएपछि पहाड़मा एक दिन पनि बन्द भएको छैन। यसले गर्दा पहाड़मा विकास भएको छ। पहाड़मा भौतिक अनि मानव संसाधान दुवै प्रकारको विकास भएको छ। पहाड़मा दार्जीलिङ हिल टेक्नोलजी मेनेजमेन्ट संस्थानको स्थापना भएको छ। मङ्पूमा हिल युनिभर्सिटीको निम्ति स्थायी रजिष्टरको नियुक्त भइसकेको छ, उपकुलपति पनि आएकाछन्। दार्जीलिङ हिल युनिभर्सिटीलाई अटोनोमश क्षमता दिने कुरा चल्दैछ।

यसो भए सबै थोक हामी आफै गर्न सक्छौं। दार्जीलिङमा नेपाली अकादमी स्थापना गर्नको निम्ति कार्य भइरहेको छ, चुनाउपछि हामी यसको निम्ति सक्रियताको साथमा कार्य गर्नेछौं। जीटीए भागोप्रमोको हातमा आएपछि प्रत्येक वर्ष नेपाली भाषा मान्यता दिवस पालन गरिन्दैछ, गिरी पुरस्कार, भानु पुरस्कार, सुवास घिसिङको नाममा शान्ति पुरस्कार शुरु गरिएको छ। यी सबै कुरो क्षेत्रीयतावाद बचाउनको निम्ति भएका कार्यहरू हुन्। हामीले क्षेत्रीयतावादको कुरा गर्दा तृणमूल कंग्रेससित मिलेर क्षेत्रीयतावादको कुरा गऱ्यो भन्छन्। तृणमूल कंग्रेसले हामीलाई कुन काममा बाधा दिएको छ? कुन काममा हस्तक्षेप गरेको छ? तृणमूल कंग्रेस भन्दा बढ़ी हामी सरकारसित मिलेर काम गरिरहेका छौं। विपक्षकाहरूले तीन जना विधानसभा चुनाउका उम्मेद्वारको क्लियरेन्स आएको छैन भन्छन्, हाम्रो सुपेरियर अनित थापा हुन्, क्लियरेन्स कहाँबाट आउछ? अमर लामाले अहिले क्षेत्रीयतावादको कुरा गर्नेहरूले त्यस समय माकपालाई जिताउनको निम्ति भोट बाईपास गर्ने गरेको तर तृणमूल कंग्रेसलाई जिताउन भागोप्रमोले कहिल्यै बाईपासको राजनीति नगरेको पनि दावी गरे। तिनले इन्टरलोक्युटरको प्रशंग झिक्दै भने, गोजमुमोमा रहँदा हामीले पर्याप्त मात्रमा कागज पत्र बुझाएका छौं। पहाड़को सम्बन्धमा रहेको कागज पत्रको भारत सरकारले एउटा आर्काइभ बनाएर राखेको छ। फोरि अहिले भारत सरकारले इन्टरलोक्युटर पठाउँदैछ। इन्टरलोक्युटर आइसकेपछि फेरि किन गृहमन्त्रीलाई गएर भेट्नु?अघि खिर पाक्दैछ भन्ने अहिले हराएका छन्? खिर पाकेको त होइन खिचड़ी पो पाकेको रहेछ। हामी गोर्खाल्याण्डका विरोधी होइनौं। एसआईआर दुःखदिने प्रक्रिया मात्र हो। हामीले एसआईआर भुल्नु हुँदैन। यिनीहरूले एनआरसी पनि ल्याउछ। लामाले चुनाउ जितेर विधानसभामा पुगेपछि कन्ट्र्याच्युवल कर्मचारी, जीटीएका कर्मचारी, डीआई फण्डको जमिन, वनबस्ती आदिको विषयमा कुरा राख्ने बताउदै भने, भाजपाको नीति जनताले अब बुझिसकेका छन्, राजु विष्टले अब पहाड़मा प्रधानमन्त्री ल्याउनलाई प्रयास गरिरहेका छन्। ११ जातगोष्ठी दिन्छौं भने तर दिएनन्। भाजपाले केही दिनेवाला छैन, बरु भएको पनि लगेर जानेछ। सभामा खरसाङ कलेज विद्यार्थी महासङ्घका दीपराज, गोर्खा भूतपूर्व सैनिक कल्याण संगठनका अमृत प्रधान, हिल तराई प्राइमेरी टिचर्स अर्गनाइजेशनकी प्रयङ्का तामाङ, जीटीए कर्मचारी सङ्गठनका अध्यक्ष साजन गहतराज, दार्जीलिङ हिल पिकअप भ्यान वेलफेयर एसोसिएशनका अध्यक्ष विधान गुरुङ अनि अन्यान्यले पनि वक्तव्य राखेका थिए।

# भाजपाले जनताको आँखामा धुलो हाल्ने कार्य गरिरहेको आरोप



**खरसाङ, १४ फरवरी (मोहन प्रसाद):** भारतीय जनता पार्टी (भाजपा) ले मुख्यमन्त्री ममता ब्यानर्जीको नेतृत्वमा रहेको पश्चिम बंगाल सरकारद्वारा नारीहरूलाई प्रदान गरिने आर्थिक सहयोग लक्ष्मी भण्डार योजना बारे चुनावमा लाभ उठाउनको निम्ति जनमानसको आँखामा धूलो हाल्ने कार्य गरिरहेको छ भनी आरोप लगाएका छन्। खरसाङमा हिमालय दर्पणसित बोल्दै शान्ता छेत्रीले बताए अनुसार, केन्द्रमा रहेको भाजपा सरकार अनि भाजपाको कतिपय नेतृत्वहरूद्वारा आउँदो विधान सभा चुनावलाई मध्य नजर राख्दै जनमानसको आँखामा धुलो हाल्ने कार्य भइरहेको छ। तिनले जनमानस सतर्क हुनु जरुरी रहेको बताउदै भाजपाद्वारा आँखामा धूलो हाल्ने कार्य गरिएकोमा विरोध जनाएकी छन्।

तिनले थप भनिन्, पश्चिम बंगाल राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले विभिन्न योजना अन्तर्गत सबै वर्गका मानिसहरूलाई विभिन्न सुविधा अनि सहयोग पुऱ्याउने कार्य गरिरहेकी छन्। सोही अनुरूप, लक्ष्मी भण्डार योजना अन्तर्गत राज्यकी नारीहरूलाई प्रति महिना आर्थिक सहयोग १ हजार रुपियाँ साधरण वर्गलाई साथै अनुसूचित जाति र जनजातिलाई १२ सय रुपियाँ प्रदान गरिने गरिन्थ्यो भने हालैमा प्रस्तुत गरिएको बजेटमा उक्त राशि बढाएर १२ सय अनि १७ सय रुपियाँ गरिएको छ । उक्त बढ़ेको राशि पनि प्रत्येक नारीहरूले पाउन शुरू गरिसकेका छन्। त्यसरी नै बेरोजगार युवाको निम्ति पनि एउटा योजना अन्तर्गत मुख्यमन्त्री ममता बेनर्जीले प्रति महिना १५ सय रुपियाँ प्रदान गर्ने घोषणा गरिसकेकी छन्।

छेत्रीले अझ भनिन्, ममता ब्यनर्जीद्वारा धेरै अघिनै नारीहरूको निम्ति शुरू गरिएको लक्ष्मी भण्डार योजनालाई केन्द्र गर्दै आउँदो विधान सभा चुनावमा केवल जनमानसको भोट लिनको निम्ति भाजपाका नेतृत्वहरूले बंगालको सत्तामा आएको खण्डमा प्रति महिना नारीहरूलाई ३ हजार रुपियाँ प्रदान गर्नेछु भनी झुटो आश्वासन दिदै आँखामा धुलो हाल्ने कार्य गरिरहेका छन्। तिनले थप जोर दिँदै बताए अनुसार, दिल्लीको चुनाव अघि पनि भाजपाले दिल्लीमा प्रत्येक नारीहरूलाई मासिक आर्थिक सहयोग अढ़ाई हजार रुपियाँ दिनेछौं भनी वाचा गरेको थियो तर दिल्लीमा भाजपा सरकार आए पनि अहिलेसम्म उक्त वाचा भाजपा सरकारले पूरा गरेको छैन। भाजपाले पहिला दिल्लीका जनतालाई दिएको वाचा पुरा गरून् भनी शान्ता छेत्रीले बताइन्। छेत्रीले पहाड़को जनतालाई यस्तो प्रकारले आँखामा धूलो हाल्ने भाजपाको सरकार अनि नेतृत्वहरूसित सतर्क रहने अपिल पनि गरिन्। भाजपाले केवल भोटलाई ध्यानमा राख्दै मानिसहरूलाई दिग्भ्रमित बनाई रहेको छ भनी बताउदै ममता ब्यानर्जीको नेतृत्वमा राज्य सरकारले विभिन्न योजना अन्तर्गत विभिन्न वर्गका मानिसहरूलाई सहयोग गर्ने साथै मानिसहरूलाई समक्ष भएर उभिन सक्ने बनाउन कार्य गरिरहेको दावी शान्ता छेत्रीले गरिन्।

# ७९ हिन्दु उम्मेद्वारहरू मध्ये केवल चारजना भए निर्वाचित

**ढाका, १४ फरवरी :** १८ महिनाको राजनीतिक उथलपुथल पछि, बंगलादेशको १३ औं संसदीय चुनाउको परिणाम घोषणा गरिएको छ। मुख्य विपक्षी दल, बंगलादेश राष्ट्रवादी पार्टी (बीएनपी) ले भारी विजय हासिल गरेको छ। तारिक रहमानको नेतृत्वमा रहेको पार्टीले २९९ सीटमध्ये २११ सीट जितेर सत्तामा पुनरागमन गरेको छ। यो जीतलाई दुई दशकमा बीएनपीको सबैभन्दा ठूलो पुनरागमन मानिएको छ।

यद्यपि, यी परिणामहरूको सबैभन्दा उल्लेखनीय पक्ष अल्पसंख्यकहरूको सीमित प्रतिनिधित्व हो।यस सम्पूर्ण चुनाउमा, केवल चार अल्पसंख्यक उम्मेदवारहरू - तीन हिन्दू र एक आदिवासी - संसदमा स्थान सुरक्षित गर्न सफल भए। यो संख्या बंगलादेशमा अल्पसंख्यक सहभागिताको लागि चिन्ताको विषय हो, किनकि हिन्दू जनसंख्याले देशको कुल जनसंख्याको लगभग ८% ओगटेको छ। विगत २० वर्षमा, अल्पसंख्यक प्रतिनिधित्व सामान्यतया १४ देखि २० सीटसम्म रहेको थियो, तर यस पटक यो संख्या उल्लेखनीय रूपमा कम छ।चुनाउमा जम्मा ७९ अल्पसंख्यक उम्मेदवारहरूले प्रतिस्पर्धा गरेका थिए, जसमध्ये चार जना बीएनपीका थिए। यसबाहेक, जमात-ए-इस्लामीका एक हिन्दू उम्मेदवारले हार बेहोरे। यी परिणामहरूले अल्पसंख्यकहरूको राजनीतिक सहभागितामाथि माथि प्रश्न मात्रै उठाएको छैन तर देशको बदलिँदो राजनीतिक परिदृश्यलाई पनि उजागर गरेको छ।

यसबाहेक, विज्ञहरू विश्वास गर्छन् कि यी विजय र हारहरूले बंगलादेशी राजनीतिमा अल्पसंख्यक समुदायको संरक्षण र प्रतिनिधित्व चुनौतीपूर्ण मुद्दा बनेको संकेत गर्दछ।विजयी उम्मेदवारहरूको कुरा गर्दा, पहिलो नाम वरिष्ठ बीएनपी नेता गयेश्वर चन्द्र रोयको हो। रोयले ढाका-३ सीट जिते, आफ्ना निकटतम प्रतिद्वन्द्वीलाई लगभग ९९,००० मतले पराजित गरे। हिन्दू समुदाय विरुद्धका हालैका घटनाहरूलाई ध्यानमा राख्दै यो जित विशेष रूपमा महत्त्वपूर्ण मानिन्छ।अर्को हिन्दू विजयी उम्मेदवार, बीएनपी उपाध्यक्ष निताई रोय चौधरीले पनि मागुरा-२ सीटबाट सजिलै जिते, लगभग १४७,८९६ मत प्राप्त गरे। यो जमात-ए-इस्लामीका मुस्तरशिद बिल्लाहभन्दा अधिक छ , जसले ११७,०१८ मत प्राप्त गरे। उनलाई अल्पसंख्यक समुदायको प्रतिनिधित्व गर्ने पार्टीमा प्रभावशाली व्यक्तित्व मानिन्छ।तेस्रो उम्मेदवार, बीएनपीका अधिवक्ता दीपेन देवानले रंगमती सीटमा लगभग ३१,००० मतले जिते। उनले कुल ३१,२२२ मत प्राप्त गरे भने उनका निकटतम प्रतिद्वन्द्वी, स्वतन्त्र उम्मेदवार पहेल चकमाले २१,५४४ मत मात्र प्राप्त गरे। यससँगै, सचिन प्रु अल्पसंख्यक समुदायको प्रतिनिधित्व गर्ने र संसदमा प्रवेश गर्ने चौथो बीएनपी उम्मेदवार बने। प्रुले बन्दरबन निर्वाचन क्षेत्रबाट कुल १४१,४५५ मत प्राप्त गरे ।यसको विपरीत, बंगलादेशको चुनाउमा जमात-ए-इस्लामीका एक मात्र हिन्दू उम्मेदवार कृष्ण नन्दी हारे। उनले खुलना-१ सीटबाट केवल ७०,३४६ मत मात्र प्राप्त गरे।

# दमन अन्त्यतर्फ कदम चाल्दै, १७ कैदी रिहा

**काराकस, १४ फरवरी :** भेनेजुएलाका संसद अध्यक्ष होर्जे रोड्रिगेजले शनिबार १७ जना राजनीतिक कैदीलाई रिहा गरिएको घोषणा गरेको छ । उक्त कदम त्यति बेला आएको हो जब देशको संसदमा ऐतिहासिक राजनीतिक रिहाइ विधेयकको प्रस्तावमा छलफल जारी छ, जसले विपक्षी विरुद्ध अदालतको दमन रोक्ने उद्देश्य राखेको छ ।संसद अध्यक्ष होर्जे रोड्रिगेजले राजधानी काराकसको 'जोना ७' कारागारमा रहेका यी व्यक्तिलाई रिहा गरिएको जानकारी सामाजिक सञ्जालमार्फत जनाएका छन् । उनले भेनेजुएलाका नागरिकलाई शान्तिको मार्गमा अघि बढ्न र लोकतान्त्रिक सहअस्तित्व निर्माण गर्न निरन्तर प्रयास गर्न आग्रह गरेको छ, यद्यपि रिहा भएका १७ जनाको नाम सार्वजनिक गरिएको छैन ।विधेयक लागु भएमा विगत २७ वर्षदेखि निकोलस मडुरो र उहाँका पूर्ववर्ती ह्यूगो चाभेजको शासनको विरोध गर्ने सबै विपक्षी विरुद्ध लगाइएका आरोप समेटिने अपेक्षा गरिएको छ । यस विधेयकले 'राजद्रोह', 'आतंकवाद' र 'घृणा फैलाउने' जस्ता आरोपलाई समेत राजनीतिक रिहाइको घेरोमा ल्याउने प्रस्ताव राखेको छ । विधेयकको पारित प्रक्रिया केही दिनका लागि स्थगित गरिएको छ र १९ फरवरीमा पुनः बहस जारी राख्ने निर्णय भएको छ । यस विधेयकलाई भेनेजुएलामा राजनीतिक विरोधी विरुद्धको दमन अन्त्य गर्ने र लामो समयदेखि चलेको राज्यीय दमनको अन्त्य गर्ने महत्त्वपूर्ण पहलका रूपमा हेरिएको छ । यसले अझै धेरै राजनीतिक कैदीलाई रिहा हुने अवसर प्रदान गर्ने सम्भावना राखेको छ, जसको माग विपक्षी समर्थक र मानवअधिकार समूहले लामो समयदेखि गर्दै आएका थिए ।

# विमल गुरुङको टिप्पणीको घोर विरोध

**सोनादा,१४ फरवरी (निसं):** गोर्खा जनमुक्ति मोर्चाको केन्द्रीय संस्थापक अध्यक्ष विमल गुरुङले दिल्लीको जन्तर मन्तरमा सुवास घिसिङमाथि गरेको टिप्पणीको गोरामुमो रंगबुल धोतरिया रंगबुक समष्टिको अध्यक्षा रन्जिता सुब्बाले घोर विरोध गरेकी छन्। उनले एक भिडियो जारी गर्दै भनेकी छन्, यदि विमल गुरुङले गोर्खाल्याण्ड सुवास घिसिङले भन्दा ज्यादा बुझेको थियो भने पिन्टेल भिलेजमा गोर्खाल्याण्ड होबेनाभन्दा किन थपड़ी मार्दै रमाउँदै खुशीयाली मनाए? किन जीटीए जस्तो थोत्रे व्यवस्था भित्र्याएर गोर्खाल्याण्डसंग साटे ? जीटीएको सुख सुविधा लिन उपभोग गरे? २००७ देखि २०१७ सम्म सय प्रतिशत जनताले साथ दिएको बेला खोइ त गोर्खाल्याण्ड ल्याएको? सबैले साथ दिएको बेला किन भागेका थिए। रञ्जिता सुब्बाले अघि भनेकी छन्, सुवास घिसिङ जस्तो महान् व्यक्तिमाथि टिप्पणी गर्नु विमल गुरुङलाई सुहाउँदैन। सुवास घिसिङको नाम सुनौलो अक्षरले लेखिएको छ भने विमल गुरुङको नाम कालो अक्षरले कालो र धब्बाक रुपमा लेखिएको छ। विमल गुरुङ आफै कायर हुन्, डर छेरुवा हुन्। विमल गुरुङको अझैं चेतना आएको छैन रहेछ। आफैले गोर्खाल्याण्ड जीटीएसित साटेर खाएर अहिले महान् आप्पा सुवास घिसिङमाथि टिप्पणी गर्नु सुहाउँदैन।


# स्थापना दिवस एवम् जागृति सेवा



**खरसाङ, १४ फरवरी (निसं):** ख्रीष्टमा मिलाप मिनिष्ट्रीको चौथो स्थापना दिवस तथा जागृति सेवा खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा सम्पन्न भएको छ। २०२१ को दिसम्बरदेखि आमा झुण्डद्वारा शुरु गरिएको ख्रीष्टमा मिलाप मिनिष्ट्रीको चौथो स्थापना दिवस तथा जागृति सेवामा मुख्य वक्ताको रूपमा सिक्किमबाट पास्टरनी आमा लक्ष्मी दानियल छेत्री उपस्थित थिइन् भने प्रशंसा अनि आराधनामा सिलगढ़ीबाट पास्टर प्रमोद राई उपस्थित रहेका थिए।

एल्डरनी आमा सुजु सिंहले सञ्चालन गरेको कार्यक्रममा स्वागत सम्भाषण पास्टरनी आमा एलिसिभा सुनामले राखेकी थिइन्। कार्यक्रममा विभिन्न गीत, नृत्यहरु प्रस्तुत गरिएको थियो। कार्यक्रममा प्रमुख वक्ताको रूपमा उपस्थित सिक्किमकी पास्टरनी आमा लक्ष्मी दानियल छेत्रीले बाईबलबाट सन्देश प्रचार गर्दै मत्तीको ८ अध्यायको ५ देखि १० पदसम्म र यर्मिया १ को ९ पदबाट सन्देश सुनाएका थिए। उनले वचन एउटा बीऊ हो र बीऊले काम गर्ने बताइन्। उनले आमाहरुलाई उत्साह दिदै आमाहरुलाई सेवाकाईमा अघि बढ्ने आह्वान् गरिन्। उनले ख्रीष्टमा मिलाप मिनिष्ट्रीको राम्रो भएर जाने बताइन्। शुरुको प्रार्थना रेभरेन्ट सिमोन मुखियाले गरेका थिए भने अन्तिम प्रार्थना पास्टर जोहन सुब्बाले गरेका थिए। कार्यक्रममा ख्रीष्टमा मिलाप मिनिष्ट्रीको तर्फबाट प्रमुख वक्ता पास्टरनी आमा लक्ष्मी दानियल छेत्री, पास्टर प्रमोद राई लगायत ख्रीष्टमा मिलाप मिनिष्ट्रीको आमाहरुलाई पनि सम्मान जनाइएको थियो। कार्यक्रममा सिक्किमबाट जोहन राई र उनकी पत्नी लगायत विभिन्न स्थानबाट पास्टर, पास्टरनी आमाहरु र विश्वासीजन उपस्थित थिए। कार्यक्रममा सिलगढ़ी, दार्जिलिङ, सिक्किम, सोनादा, टुंग, खरसाङ, मार्गरेट्स होप, तीनधारे, घैयाबारी, महानदी लगायत विभिन्न स्थानहरुबाट विश्वासीजन उपस्थित रहेका थिए।

## अन्त्येष्टि कार्य



मेरो प्यारो पति **निमा लामा**को गत २९ जनवरी २०२६ को दिन निधन भयो। त्यसर्थ उनको **अन्त्येष्टि कार्य आगामी १८ फरवरी २०२६ बुधवारको दिन पार्क लोकेशन, सार्वजनिक भवन खरसाङमा** सम्पन्न हुने भएकोले सम्पूर्ण आफन्तजन, ईष्टमित्र शुभचिन्तकहरू र शवयात्रामा सामेल हुनेहरू सबैलाई उपस्थित भइदिने अनुरोध गर्दछौं।

**विनीत:** शान्त घिसिङ्ग (पत्नी), सन्तोष लामा (जेठा छोरा), प्रेम लामा-रेशमा लामा (थापा)(माइला छोरा-बुहारी), समीर लामा सन्टोकी लामा (कान्छा छोरा-बुहारी), सुनिता श्रशार-मोहन लामा, सुनिल सुब्बा-प्रनिता लामा(छोरी-ज्वाइँहरु), प्रणय लामा-सुप्रिना राई, सुरेश घिसिङ्ग-पासाङ घिसिङ्ग (भाञ्जी-बुहारी) लगायत सम्पूर्ण शोकाकूल परिवार।

# शिव-तन्त्रको उपादेयता

-टी.एन.सुवेदी

भारतीय वाङमयमा चर्चित देवतागण मध्येमा भगवान शिवलाई देवादि देव महादेव भनिएको छ। शिव उसै त भारतीय धर्मका प्रमुख देवता हुन्। ब्रह्मदेव अनि विष्णुको त्रिवर्गमा उनको गणना हुने गर्दछ। सेवा-उपासनामा शिव औ उनको शक्तिको नै प्रमुखता झल्कन्छ। उनलाई सरलताकै प्रतिमूर्ति मानिन्छ। उनी सर्वत्र सर्वसुलभ छन्। उनी केवल विशालकाय मन्दिरमा मात्र वास गर्दैनन्, प्रत्युत उनी कुनै पनि स्थानमा कुनै वृक्षको छायामा प्रस्तर प्रतिमाको रूपमा हामीबाट जल ग्रहण गर्नको निम्ति तत्पर रहन्छन्। मेवा-मिस्टान्न, नैवेद्य, चन्दन, धुप-दीपको उनी अपेक्षा राख्दैनन्। बेल-पत्रको अर्पणद्वारा नै उनी सन्तोष लाभ गर्छन्। शिवलाई अलंकार अथवा आभूषणसँग कुनै प्रयोजन पर्दैन। उनी यस्ता वस्तुप्रति आकर्षित हुँदैनन्। उनी त निराकार औ सर्व व्यापी छन्। उनी लुक्ष्म-तत्व हुनाले शरीर धारण गर्दैनन्। किनकि सुक्ष्मता स्वयंमा एक आकार हुँदछ। भनिन्छ, शिव यति विस्तृत र व्यापक छन्, जसभित्र विश्व र ब्रह्माण्ड सम्पूर्ण रूपमा सहजै समाहित भएको हुँदछ।

यस विश्वका प्राणी एवं समग्र वस्तु पदार्थ तीनवटा अवस्थाबाट गतिमान हुँदछ। १. उत्पादन, २. अभिनर्धन (विकास), ३. परिवर्तन। सृष्टिको उत्पादक प्रक्रियालाई ब्रह्मा, अभिवर्धनलाई विष्णु अनि परिवर्तनलाई शिव भनिन्छ। उसै त शिवलाई विनाशक भन्न मिल्दैन, वरन शिव नवपरिवर्त्तनको नियामक हुन्। गतिशीलता नै उनलाई अभीष्ट छ। सृष्टिको नित्य परिवर्तन प्रक्रियामा शिव-तत्वको दर्शन गर्न सकिनेछ।

तत्ववानी जनको धारणा अनुसार देव-तत्व एकबाट अनेक भए। समुद्रको जलको रूप एक भए पनि त्यसको तरंग-लहरमा उतार-चढ़ाउ देखिन्छ अनि विभिन्न आकार पनि। पर ब्रह्म एउटै छ, तथापि उसको अंग-अवयव सरह देवतागणको मान्यता आवश्यक रहेको बोध हुँदछ। यसै अलंकारिक संरचनामा शिवलाई मूर्धन्य स्थान प्राप्त छ। उनी प्रकृतिसँग एकीकृत भएर पतझड़को पीत-पत्रलाई भूमिष्ट गराउँदै अनि वसन्तको पल्लव र सुगन्धित पुष्पको वासना हर्दछन्। यसोसले उनलाई शमसानवासी भन्ने गरिन्छ। उसै त शिवक्षेत्र शमशान भष्मी भूत शवहरूको शैय्या भने होइन, प्रत्युत नवजीवन धारणको एक स्मारक स्थल न हो। भष्मावेषित (भष्म-धारक) शिवको दैहिक रूपले सरलता एवं शीत-उष्णता सहन गर्ने देवताको संकेत दिँदछ। हरेक जीवलाई मृत्यु रूपमा शिव-सत्ताको शिव-सत्ताको ज्ञान-बोध भइरहोस्। अतः उनले आफ्नो निवास स्थानको रूपमा शमशानलाई चुनेका हुन्। उनी भष्मलाई यसकारणले धारण गर्छन् ताकि ऋतु-जनित असर नपरोस्। मृत्युलाई जसले पनि जीवनसित संलग्न रहेको देख्दछ। उ माथि न त आक्रोशको उत्तापको आक्रमण हुँदछ न त भीरूताको शीतको। उनी विकल्प निर्णयको रूपमा स्थित रहँदछ। ताकि बाघ सरह अनर्थ तथा अनिष्टको छाला ताछ्न सकियोस् अनि त्यसलाई कमरमा बाँध्न सकियोस्। शीत जब उल्हासले विभोर हुँदछन्। तब उनी मुण्डमाला धारण गर्दछन्। यो जीवनको अन्तिम परिणति अनि सौगात नै हुन्छ। जसलाई राजा र भिखारीले त्याग गर्दछ। यस क्षेत्रमा न त प्रबुद्ध उच्च रहन्छ, न त अनपढ़ (अशिक्षित) मा नीचता। भनौं, सबैलाई नै एक सूत्रमा बाँधिने काम हुन्छ। यसैलाई समन्वय भनिन्छ। विषमता यहाँ टिक्न सक्दैन।



विषपायी (विष पान गर्ने) शिवको नीलकण्ठ रूप ईर्ष्या, द्वेष, अपमान, कटुता आदि विसंगतिलाई आत्मसात गरी निर्विकार भावले लोकोपकारमा लागि पर्न आह्वान गरेका छन्। स्वयं विष पान गरेर लोकलाई अमृत पान गराउनु नै शिव-तत्वको मूल प्रवृत्ति हो। शिवको वाहन वृषभ (साँढ़) सौम्य, सात्विक, श्रमशीलता अनि कल्याणकारी सृजन-शक्तिको प्रतीक न हो। सात्विक श्रमशील व्यक्तिको हृदय नै शिवको वाहन बन्दछ। शिवको मस्तकमा विराजित बालचन्द्र सन्तुलित, शान्त, शीतल अनि प्रसुदित विचार अवस्थाको द्योतक हो।

हिन्दुजनको तेंतिस करोड़ देवता-देवीगणमा शिवको स्थान सर्वोपरि छ। सृष्टिको प्ररम्भपूर्व देखि नै यसको अस्तित्व मानिन्छ। यिनै तेंतिस कोटि देवतागणमा कतिको नाम नै आज लुप्त भइसकेको छ। तर शिव आज पर्यन्त सत्य, शाश्वत एवं चिरन्तन छन्। शिव अनार्थ देवताको रूपमा प्रतिष्ठित छन्, तथापि मान्यजनद्वारा महादेवको उपाधि हासिल गर्नु अनि उनमा सर्वाधिक लोकप्रिय हुनु शिवको सबैभन्दा महत उपलब्धी हुन जान्छ। यदि भगवान शिवको सम्पूर्ण व्यक्तित्व र जीवनतर्फ दृष्टि फिराउँदा उनीभित्र भारतीय संस्कृतिको स्पष्ट दर्शन पाइन्छ। जब हाम्रो समाज विभिन्न वर्ण र वर्गमा विभाजित थियो, समाजमा उँच-नीचको भेदभाव हावी थियो, शिवले समाजको निम्न औ उपेक्षित वर्गलाई आफ्नो सहकर्मी तुल्याएर समन्वयको सिद्धान्त प्रतिपादित गरे।

**निष्कर्षः** आजको भौतिकवादी युगमा शिव-तत्वलाई आत्मसात गरी लोकोत्तर आनन्दको पराप्ति सहजै गर्न सकिन्छ। यसमा कुनै शंका गर्ने आवश्यकता छैन। जो आफ्नो स्वरूपभूत विविध शासन-शक्तिहरूद्वारा सम्पूर्ण लोकमा शासन गर्दछ, ती रूद्र एकै छन्। तसर्थ विद्वान पुरूषहरूले जगतको कारणको निश्चय गर्दा हुँदी अरू माथि भर पर्दैनथे, उनै परमात्मा समस्त जीवमा विद्यमान रहेका छन्। सम्पूर्ण लोकको रचना गरेर रक्षा गर्ने रक्षक-परमेश्वर प्रलयकालमा सम्पूर्ण लोकलाई आफूमा लीन गराउँछन्। जसलाई शंकर भनी शिव-भक्तहरू भन्ने गर्छन्। तर बुझ्न पर्छ, शंकर केवल विनाशका देवता होइनन्, वरन कल्याणकारी अनि मंगलकारी देवता पनि हुन्। शिव पनि उनैको नाम हो।

यस अनन्त स्वयं निर्विकार रहेर यस विकारमय जगतको व्यवस्था गर्ने शिव क्षण-क्षणमा रूप परिवर्तन गर्ने आलोकित रश्मिहरू विचित्र वर्ण-विभ्रमलाई वक्षस्थलमा वहन गर्दै दिशा-विदिशाहरूमा विकीर्ण भइरहेको छ। तत निर्मल ज्योतिस्वरूप धामको अनन्त विस्तारमा चिन्ता र शोकको पदचिन्ह कहीं पनि दृष्टिगोचर हुँदैन। स्वयं निराकार किंवा अरूप हुँदा-हुँदै पनि जगतको विविध रूपलाई नयाँ रूप प्रदान गर्ने तत्व शिव नै हुन्। समस्त बन्धनबाट मुक्त रहे पनि नाम- रूपात्मक भवबन्धनलाई तोड़दछन् उनै शिव। यसै क्रममा भनौं, शिव नै जीवधारीहरूको अन्तः करणलाई कलुषित गर्ने वासना रूपी मललाई पखाल्ने अनि काम-क्रोध आदि उत्कट विकारहरूको प्रचण्ड झञ्झावातबाट साधकको हृदय रूपी नौकाको सतत रक्षा गर्ने रक्षक हुन्। सम्पूर्ण पार्थिव सुख शिवकै श्रीचरणमा न्यौछावर छन्।

अर्को पक्षमा भनौं, संकल्प रहित भएर पनि प्रत्येक संकल्पको ज्ञान राख्ने शिव तत्व नै हुन्। उनी अनन्त आकाश सरह अविचल एवं स्थिर छन् भने निरीह तथा निश्चेष्ट भए तापनि कण-कणमा व्याप्त छन्। अतः उनको दिव्य चरणमा शिव-भक्तजन प्रेमाश्रुद्वारा प्रक्षालित बिल्व पत्र शिवको सेवामा अर्पण गर्छन्। तदनन्तर शिवको हृदय करूणाद्र भई करूणामय आभा झल्कन लाग्दछ। यसमा कसैले शंका गर्ने ठाउँ छैन।

## पुकार
## सय वर्ष अधिक बुट्टा चियाको

✻ पी.के.प्रधान, मगरजोङ

युगौदेखि दार्जीलिङ पहाड तराई डुवर्सको माटोमा,
पिलाएर मगमगी चिया विश्वलाई,
बसेको छु गजधम्म बुढा बुट्टा म
चिसो र रापिलो याम नभनी
खेल्दै पौठाजोरी पहाड मदेशमा
चीरहरित बुट्टा म चियाको
पर्यावरण समेत सन्तुलन राख्ने म चिया बुट्टा
दरिलो आर्थिक मेरूदण्ड श्रमिकको म बुट्टा ,
तर किन हो किन
अचेल निराश छु
छटपट लाग्छ, कटक्क दुख्छ तर कहाँ हो
भन्न पनि गाह्रो छ
गर्ने सुषार अघि मलाई,
गई सके परिश्रमी ती हातहरू,
गए कमानका रमाइलो दिनहरू,
बन्दैछ जीवन निस्सार अचेल
श्रमजीविहरू घटदो छ अचेल भोली
भएर शोषणको बिगबिगी अधिक
बिचाराहरूको बिते पुस्ता कैयौं बुट्टामा,
मक्किए हाडखोड पुर्खाको बुट्टामा,
नीलडाम बोक्ने पिठ्युँभरि
सन्तान उनेरको
दिल्ली, मुम्बई, बङलोरको
रापिलो यांममा,
बिताउदैछन् जीवन पलायनताको
गर्दै उपहास मनपरि तन्त्रको
ए पुञ्जीपतिहरू गर बिचार नयाँगरि,
मन बनाउ लचिलो
बेहाल बुट्टाको, अवस्था हेरेर जीर्ण,
श्रवण समेत गर्न असर्मथ
गोधुली साँझको, मुर्दावाद र जिन्दावादको बुलन्द आवाज श्रमिकको,
पुकार सय बर्षे अधिक म बुडो बुट्टाको
देउ जेनजी पुस्तालाई
युग सापेक्ष प्रदान गरेर सहुलियत
शानमानको जीवन बाँच्नु देउ
हे पुञ्जीपति ब्यवस्थापकवर्ग
गर्छु पुकार बुडो बुट्टा चिया म

# पाद्री गंगाप्रसाद प्रधानको जीवनको सन्ध्याकाल

डी.के.खालिङ

हिजआज युगपुरूष राजदर्शी पाद्री गंगाप्रसाद प्रधानको जीवनी, तिनका क्रान्तिमान कियाकलाप, भाषा र साहित्य साथै पत्रकारिताप्रतिको अलव्य अजस्र सेवा, इत्यादि बारे जान्न-बुझ्न चाहनेहरूका निम्ति धेरै लिखित सामग्रीहरू पाइन्छन् । जस्तै मित्रवर डा. कुमार प्रधानले लेखेका प्रथम प्रहर, गुरूवर डा. पारसमणि प्रधानले लेखेका टिपन-टापन, प्रिय भाइ पा. सलोन कार्थक लिखित पाद्री गंगाप्रसाद प्रधानको जीवन बखान, अजम्बरी गंगाप्रसाद प्रधान: स्रष्टाहरूको दृष्टिमा- नरबहादुर दाहाल र डा. एडोन रोंगोंगद्वारा सम्पादित, पा. सलोन कार्थकद्वारा समलित पाद्री गंगाप्रसाद प्रधानका उपलब्ध रचनावली र हाम्रा पथप्रदर्शकहरू मुहान प्रकाशन, नयाँ दिल्लीद्वारा प्रकाशित, साथै अन्य इसाई-अइसाई भारत र नेपालका पत्र-पत्रिकाहरूमा प्रकाशित लेख र सम्पादकीयहरू।

पाद्री प्रधान हाम्रो भाषाको इतिहासले प्रमाण गरेको युगपुरूष हुन्। यो कुरो हामीले साह्रै ढिलो थाहा पायौँ र बुझ्यौं, तापनि तिनलाई उसताकाहरूले (हामीले, आफन्त, शाखा-सन्तान, चिना-जाना, साथी-संगी र शुभचिन्तकहरूले) साथ चाहीँ दिएनौ। तिनका कृतिहरू, डायरीहरू र आत्म-कथा सुरक्षासाथ साँची राखेनौं १९०१ देखि १९३२ सम्म छापिएको मासिक गोर्खे खबर कागत पनि राम्ररी जोगाई-बचाई राखिदिएनौ। नेपालमा मात्र मदन पुस्तकालय, ललितपुर-मा सत्रवटा गोर्खे खबर कागत' छन् भन्ने कुरा पाष्टर सलोन कार्थकले पादरीको जीवन बखान'-मा उल्लेख गरेका छन्। कति कृतिहरू त आजसम्मै कहाँ छ । छ ?' र कोसित छ ,छ'मै छन्। सुनेका दुःखान्त कथाहरू संग्रह- जोहो गरिराखिएका दलील-पत्रहरू (डकुमेन्टस) र पत्र-पत्रिकाहरू, तिनका महत्व र मूल्य नबुझेकाले, भएभरका सबै रद्दि कागज र पात-पत्कर झैँ जलाइदिएका छौ। संग्रह र जतन गर्ने काममा हामी साह्रै साह्रै दरिद्र छौ। भएको पनि जलाउने हामीले, हामीसित नभएको, के नै पो पाउँछौं होला र!! टाउको रन्थनाउने कुरा छ यो।

त्यसबेला स्कूल र अफिसहरूमा हिन्दी भाषामा कामकाज हुन्थ्यो। चर्चहरूमा नेपाली बोलिन्थ्यो तर हिन्दी बाइबल चलाइन्थ्यो। प्राइमरी स्कूलहरूमा चलाइएका तिनकै पुस्तक-पुस्तिकाहरूद्वारा, बाइबलका सुसमाचारहरूद्वारा तथा गोर्खे खबर कागत'-द्वारा पाद्री प्रधानकै समय-सालदेखि नेपालीमा पढ़ाइन थालिएको थियो । तिनले लेखेकै साउँ अक्षर र अन्य पाठ्य पुस्तकहरू प्रयोग गरेर, प्राय: हरेक कमान, बस्ती, शहर, बजारमा स्कटस मिशनले शुरू गरेका प्राइमरी स्कूलहरूमा नेपालीमा शिक्षा दिन थालिएको थियो। जुन बेला नेपाली भाषाको व्याकरण, शब्दकोष, र गण्य लिखित साहित्य केही पनि थिएनन्। त्यस्तो अवस्थामा पाद्री प्रधानले साधारणत: बोलिने र बुझिने नेपाली भाषामा तयार गरे। नेपाली साउँअक्षर, अंकगणित, इतिहास, भूगोल, व्याकरण, इत्यादि, पहिले मिशन प्रेस'-मा, पछि आफ्नै द गोर्खा प्रेस'-मा छापेर। तिनको चाहना थियो। हाम्रो भाषा र साहित्य सबैले बुझ्ने, सरल-सजिलो भाषा र साहित्य होस्। रामकृष्ण शर्मा भन्छन्, सन् १९०० सालतिरको दार्जीलिङे नेपाली समाज न त साहित्य बुझ्न सक्षम थियो, न साहित्य जन्माउन। अजम्बरी गंगाप्रसाद प्रधान'-पृष्ठ १४०। त्यस्तो समयमा पाद्री प्रधानले गरेका भाषाप्रतिको सेवा र साहित्य सृजना आश्चर्यजनक, अनुपम र अजीब छ।

डा. गोकुल सिंहाले पाद्री प्रधानको भाषा- साहित्यप्रतिको परिश्रमको कदर गर्दै भन्छन्, पाद्री गंगाप्रसादले एक मुठी विद्वानहरूको मात्र विचार राखी साहित्य र साहित्यिक भाषा लेखेनन् तर उनले समस्त पहाड़बासीहरूका निम्ति उनीहरूकै भाषा वा बोलीलाई लिपिवद्ध गरे (अजम्बरी गंगाप्रसाद प्रधान, पृष्ठ १७७)। पाद्री प्रधान आफूले लेखेका कुरा अरू साधारण मानिसहरूलाई पढ़ि सुनाउँथे, बुझेका- नबुझेका जाँच गर्थे, सुधार्नुपर्ने सुधार्थे, शब्दहरू बद्लि गर्थे। तिनी ठेट-झर्रा भाषा प्रयोग गर्थे, प्रचलित चल्ती-बोली शब्द र भाषा बटुल्थे र चलाउँथे। यसैकारण दाज्यु स्व. डा. इन्द्रबहादुर राईले यस विषयमा यस्ता आशयका कुरा भन्ने गर्थे , खालिङ भाइ! गंगाप्रसाद प्रधानको काम गहन छ। हाम्रो ठेट भाषाको संरक्षण तिनले नै गरेका छन्। यसकारण हाम्रो भाषाको इतिहास जान्नलाई तिनका कृतिहरूको अध्ययन नगरी अधुरो हुन्छ।' डा. जस योञ्जन 'प्यासी'-ले यस विषयमा धक फुकाएर यस्तो घोषणा गरेका छन्, तत्कालिन लेख्य भाषामा भक्कु ठेट शब्द चलाउनेहरूमा हामी गंगाप्रसाद प्रधानलाई नै अग्रनी नमानी धर पाउँदैनौ' ('अजम्बरी गंगाप्रसाद प्रधान'- पृष्ठ २४२)।

उसताकका दार्जीलिङभरिका कमान, बस्ती र शहर-बजारमा स्कटिस मिशनले प्राइमरी स्कूलहरू खोलेको थियो र ती स्कूलहरूमा पाद्री प्रधानले लेखेकै पाठ्यपुस्तकहरू र बाइबलका कुनै एक सुसमाचार पनि पढाइन्थ्यो। यसरी पाद्री प्रधानले खोजी-बटुली परिश्रम साथ तयार गरेका प्राइमरी स्कूलहरूमा प्रयोग गरिएका पुस्तकहरूद्वारा, बाइबलका सुसमाचारहरूद्वारा तथा 'गोर्खे खबर कागत'-द्वारा प्रसार-प्रचार गरिएको भाषा प्रचलित भयो।

केही हदसम्म अंग्रेजी जीवनशैली र रहन-सहनको प्रभाव जनसाधारणमा पऱ्यो। यहाँका सबै कुरामा, अंग्रेजहरूको प्रभावमा, नयाँ मोड़ आएको थियो। यी सबै देखेर-बुझेर होला, डा. ईश्वर बरालले 'सुनाखरी'-को (उस बेला आइ. ए., बी. ए. मा पढ़िने नेपाली विषयको पुस्तक जो उनले नै तयार गरेका थिए) भूमिकामा 'अंग्रेज भइसकेको दार्जीलिङे नेपाली समाज' भनी उल्लेख गरेका छन्। साथै डा. पारसमणि प्रधानले र अन्य कति विद्वानले 'पाद्री गंगाप्रसाद प्रधानको भाषाले (विशेषतः नेपाली बाइबलको भाषाले) नेपाली भाषालाई अशुद्ध पाऱ्यो' भन्ने भारी गुनासो गरेका छन्। त्यस समयमा हाम्रो भाषामा व्याकरण, शब्दकोष, इत्यादि केही पनि थिएन।

पाद्री प्रधान काठमाण्डुमा वा काशीमा थिएनन्। तिनी दार्जीलिङमा थिए जहाँका विभिन्न जाति र जातका अधिकांश मानिसहरू नेपाली भाषा बोल्थे। यसैकारण तिनले जनसाधारणले बोल्ने र बुझ्ने भाषा र शब्दहरू प्रयोग गरेर बाइबल अनुवाद गरे, प्राथमिक पाठ्यपुस्तकहरू तयार गरे, पर्चाहरू लेखे, गीत र संगीत पनि लेखे, रचे। पाद्री लिखित 'नेपाली पहिलो पुस्तक'-को बारेमा, नरेन्द्रराज प्रसाईले यस्तो मन्तव्य प्रकट गरेका छन्, 'पारसमणि प्रधानदेखि हरिप्रसाद गोर्खा राईले उनैलाई (पाद्री प्रधानलाई) नेपाली पुस्तकका गुरू भनेर अर्चना गरे।' (अजम्बरी गंगाप्रसाद प्रधान, पृष्ठ ३५० अन्तिम पाराग्राफमा)। तिनी काशी भाषा होइन तर गोर्खाली भाषा, व्याकरण र साहित्यका स्रष्टा बन्न चाहन्थे द गोर्खा प्रेस खोले, 'गोर्खे खबर कागत' शुरू गरे, मृत्युपर्यन्त (३२) वर्ष चलाइरहे, छपाइरहे। दिदी डा. लक्खीदेवी सुन्दास भन्छन् 'यसरी हेर्दा नेपाली व्याकरण 'गोर्खे खबर कागत'-भन्दा क्रमश: बाह्र र उन्नाइस वर्ष कान्छो भएर आएको थियो र गुरूवर पारसमणि प्रधानको नेपाली व्याकरण सन् १९२० मा मात्र प्रकाशित भएर आएको थियो। यसबाट स्पष्ट हुन्छ पाद्री गंगाप्रसाद प्रधानले भाषाको सेवा गर्न बोलचाल र यहाँकै प्रचलित भाषालाई गोर्खे खबर कागत' र गद्यको भाषामा चलाउनु भएको थियो' -(अजम्बरी गंगाप्रसाद प्रधान, पृष्ठ ३६, दोस्रो पाराग्राफ)।

पाद्री प्रधानले आफूले खोजेका, बटुलेका र जानेका शब्दहरू प्रयोग गरेर लेख्ने, अनुवाद गर्ने र विशेष बाइबल उल्था गर्ने काम १८७०-७५ तिर शुरू गरेका थिए। तिनी आफ्नो गोर्खे भाषा दार्जीलिङभरिका सबैले बुझ्न, जान्न सकोस् भन्थे। यहाँका सम्पूर्ण जनसाधारणमा यस्तै होस् भन्ने तिनको चाहना थियो। तिनी आफ्नै भाषा रूचाउँथे जुन भाषालाई 'गोर्खा भाषा' भन्थे। बुझ्नै नसकिने काशीबाट शुरू भएको नेपाली भाषामा तिनको रूची थिएन। डा. लक्खीदेवी सुन्दास अनुसार, त्यस समय बनारसबाट प्रकाशित भएका 'चन्द्र', 'सुन्दरी' र 'माधवी' पत्रिकाहरूका शुद्ध नेपाली भाषालाई पाद्री गंगाप्रसाद प्रधानले 'काशी भाषे बोली' र 'गोर्खे खबर कागत'-को भाषालाई गोर्खा भाषा' भन्नु भएको थियो (अजम्बरी गंगाप्रसाद प्रधान'-पृष्ठ ३६)।


पाद्री प्रधानले एक यस्तो गोर्खा भाषाको शुरू, प्रचार र विस्तार गरिरहेका थिए जुन भाषा यहाँ भएका नेपालीहरूले मात्र बुझ्ने र प्रयोग गर्ने भाषा नहोस् तर यहाँका भोटे, लाप्चे र अन्य जातिकाहरूले पनि बुझोस् र प्रयोग गरोस्, यो भाषा यहाँको लोकभाषा, बोली-चालीको भाषा होस्। यहाँसम्म गरे कि, प्रायः १९,२० वर्षको केटौले व्यक्तिले पाद्री टर्नबुललाई र पाद्री एच. सी. डन्कनलाई सघाएर 'गोर्खे शब्दकोष' र 'व्याकरण' तयार गर्न सहयोग पुऱ्याए। पाद्री माकफार्लेनले खोलेको स्कूलमा १८७० अक्टोबर २ ताः देखि झण्डै नौ (९) महीना जति मात्र पढेर, १८७१ को १ अगस्तदेखि त्यही स्कूलमा नियमित रूपले २२ जना छात्रलाई पढ़ाउन थालेका पाद्री प्रधानले यी सब गर्न-सिक्न तिनको बहुप्रतिभाशीलपनको खाँट्टी साक्षी हो। तिनी लरतरो मान्छे थिएनन्। तिनी एक 'जेनियस' थिए। गोर्खा भाषामा तिनी प्रथम पत्रकार, र प्रथम ऐतिहासिक गोर्खे खबर कागत'-को प्रकाशक, सम्पादक र संवाददाता, नीज प्रेसमा मुद्रक, वितरक र व्यवस्थापक थिए। तिनी प्रथम साउँ-अक्षरको पुस्तक तयार गर्ने, छपाउने र प्रकाशित गर्ने, प्रथम आफ्नै प्रेस राख्ने र चलाउने, गीत-भजन लेख्ने-रच्ने, राग हाल्ने र गाउने- एक उदेककै प्रतिभाशील प्रणेता थिए तिनी। तिनको बहु-प्रतिभाले तिनलाई एक असल स्रष्टा, आन्दोलनकारी, क्रान्तिकारी व्यक्ति बनायो , हिन्दीको राज चलिरहेको ठाउँमा नेपाली भाषा र साहित्य शुरू गर्ने, व्याकरण लेख्ने, उखान संग्रह गर्ने र विविध प्रणेतिक साहित्यिक क्रियाकलाप गर्ने अग्रगामी युगपुरूष बनायो।

पाद्री प्रधानलाई 'गोर्खा भाषा' खूबै प्यारो थियो। यसैको निम्ति तिनी मरिमेटे, खूब खटे, परिश्रम गरे तर एक्लै भए। सबैले बुझ्ने भाषामा छापिएको, सजिलै बुझ्ने गोर्खे खबर कागत' धेरैले किन्थे पढ़थे। त्यसो नभएको भए यो खबरकागज ३२ वर्षसम्म चलिरहनु सम्भव थिएन। अझसम्म हाम्रो आफ्नै खबरकागज पाद्रीको खबर कागत जस्तो धेरै वर्षसम्म बाँचेको छैन। ती थोरै समयमा बन्द भइहालेका छन्।

'अजम्बरी गंगाप्रसाद प्रधान' मा, पृष्ठ ३० मा, असित राईले आफ्नो लेखमा यस्तो लेखेका छन् । हुन त गंगाप्रसाद प्रधानको भाषाले स्थायित्व पाएको भए, दार्जीलिङको भाषा र साहित्यको छुट्टै चिन्हारी र महत्व हुनेथियो भन्नसकिन्छ। मलाई पनि त्यस्तै लाग्छ। पाद्री प्रधानको भित्री मनको निजी चाहना पनि यस्तै नै थियो होला- छुट्टै भाषा, छुट्टै पहिचान, अलग महत्व, एउटा भिन्दै गरिमा!

तिनले आफ्नै गोर्खाली भाषामा १८७५ देखि १८७७ सम्म अंग्रेजी र हिन्दीका कुराहरू गोर्खालीमा अनुवाद गर्ने काम गरेका थिए अनि १ अप्रेल १८९४ देखि बाइबल उल्था गर्न थालेका थिए। तिनी अंग्रेजी र हिन्दी अझ धेरै अध्ययन गर्न राँची गएका कुरा पनि सुन्नमा आएको छ।

नरबहादुर दाहालज्यूले 'नेपाली बाइबलका अनुवादक पाद्री गंगाप्रसाद प्रधान' भन्ने लेखमा (सन्दर्भ: अजम्बरी गंगाप्रसाद प्रधान- पृष्ठ १४० मा) लेखेका छन्, (पाद्री प्रधानको आफ्नो गोर्खाली भाषाप्रतिको माया-मोह प्रकट गर्दै) यसैले बाइबलमा उनले (पाद्रीले) प्रयोग गरेको आफ्नो सरल भाषाप्रति उनलाई मोह थियो। किनभने जसले जे भने पनि, उनले भनेका थिए 'यो मेरो जीवनभरिको मेहनतको फल हो। यसमा भूल होला तर म बाँचुञ्जेल यो बाइबलको



भाषा बदलिने काम नहोस्।'

समय-सालमा दार्जीलिङतिर क्रमश, बनारसी नेपाली भाषा, जसलाई पाद्री प्रधान 'काशी भाषे बोली' भन्थे, प्रचलित हुनथाल्यो। धरणीधर शर्मा (कोइराला) र सूर्यविक्रम ज्ञवाली १९२३ सालतिर काशीबाट दार्जीलिङ आए र गभर्मेण्ट हाई स्कूलमा शिक्षक बनी कार्यरत रहे। उनीहरूसँग पारसमणि प्रधान पनि त्यही स्कूलमा शिक्षक थिए। समयमा धरणीधर शर्मा, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान र अन्य केही व्यक्तिहरू मिलेर 'नेपाली साहित्य सम्मेलन' खोलेपछि, केही विद्वानहरूले रूचाएका 'काशी भाषा'-को प्रचार-प्रसारले सारा दार्जीलिङ र वरपरको अञ्चल मिच्यो। एन. पी. थापा (नरप्रसाद थापा)-ले आफ्नो लेखमा यस्तो मन्तव्य व्यक्त गरेका छन् । १९१८ को जनवरी १ देखि पारसमणि प्रधानको सम्पादनमा निस्कन थालेको 'चन्द्रिका' पत्रिकाको प्रकाशन पश्चात ठेट र झर्रो नेपाली शब्दको र 'गोर्खे खबर कागत'को भाषा दार्जीलिङमा बहिष्कृत बनियो र गंगाप्रसाद प्रधान स्वयं ओझेलमा परे (सन्दर्भ: 'अजम्बरी गंगाप्रसाद प्रधान'-पृष्ठ ३५०)।

पढ़ेका विद्वानहरू र ठूला-बढ़ाले काशी भाषालाई शुद्ध र व्याकरण अनुसारको असल भाषा मानिलिए। यहाँसम्म भयो कि, बंगालका डी. पी. आई. सम्मले पनि यही भाषालाई मान्यता दिएर यसै भाषामा प्राइमरी शिक्षा दिइने र पाठ्यपुस्तकहरू तयार गरिने आदेश पनि दिइयो।

यस आदेशले मिशनको शिक्षा व्यवस्थामा हलचल मच्चायो। गोर्खा भाषाको भविष्य विषयमा भुँइचालो ल्यायो। डी. पी. आई.-को नोटिस पाएपछि, पाद्री एच. सी. डन्कनले पाद्री प्रधानसित बैठकी गरे। पाद्री डन्कनको भनाइ अनुसार पाद्री गंगाप्रसाद प्रधान समयले ल्याएको हेरफेरको आँधीको झोंकाले मर्माहत भए। पाद्री डन्कनले पाद्री प्रधानलाई अब काशी भाषालाई स्वीकार गरेर त्यही भाषामा आफ्ना पाठ्यपुस्तकहरू भट्टाभट लेख्ने र छपाउने सल्लाह दिए रे तर पाद्रीले त्यसो गर्न पटक्कै मानेनन्। मुद्दा गहिरो र गम्भीर भयो। तनाव बढ्यो, र मनमिटाउले उनीहरूको बीचमा भएको सुसम्बन्धमा पैह्रो गयो। पैह्रोले सबै थोक सोहोरेर लग्यो।

त्यसो भएको केही दिनपछि, पाद्री डन्कनको कथन-अनुसार, पाद्री गंगाप्रसाद प्रधान पाद्री डन्कनको अफिसमा आएर पाद्रीहरूले सेवा र विधि-रीति र विधान सम्पन्न गर्दा लाउनुपर्ने कालो रंगको 'गाउन' (लामो ओड़न) टेबलमाथि राखेर र पाद्रीपद र जम्मै कामकाज 'मलाई अब चाहिएन' भनिराखेर अफिसबाट निस्किगए'रे। यो कुरो पाद्री डन्कनले मलाई र दाजु रेभ. सुखनमलाई, उनी सँधैको लागि स्कटल्याण्ड फर्कने १९५६ सालमा, मार्च-अप्रेलको कुनै बुधबारको दिन, साँझको पाँच बजीको प्रार्थना सभा सकिएपछि, उकालो मिशन हाउसतिर जाँदा, भनेका थिए। यो कुरोले तिनलाई नमिठो लागेको, दुःख लागेको कुरा उनले बताए। पाद्री प्रधान १९०१ देखि १९२१ सम्म पाद्री रही सेवाकार्य गरे। उनको मृत्यु २८ मार्च १९३२ सालमा भयो।

पाद्री डन्कनको भनाइअनुसार, पाद्री प्रधानले उनीसँग साह्रै अतिनै मन दुःखाए। अब तिनको प्यारो भाषा, गोर्खा भाषा, नचल्ने भाषा हुने भयो। 'गोर्खे खबर कागत' नपढ़िने खबरकागज बनिने भयो यी निश्चित सम्भावना, आइपर्ने कठोर सही नसक्ने पीर, मर्का र दर्दहरू सम्झँदा, तिनलाई आफ्नो हत्या भए जस्तै लाग्यो होला! गोर्खा भाषामा लिखित प्राइमरी स्कूलका पाठ्यपुस्तकहरू 'गोर्खा प्रेस'-मा छापिनु बन्द, पढ़ाइनु पनि बन्द!! तिनलाई के भयो होला!! कस्तो लाग्यो होला!!! सबैद्वारा र सरकारद्वारा पनि 'अशुद्ध भाषा' भनी हेला र बेवास्ता गरिने भयो, तिनको भाषा!

तिनले पाद्री काम छोड़ेको प्राय ११ वर्षपछि तिनको चोला उठ्यो। त्यस समयसम्म तिनले 'द गोर्खा प्रेस' र 'गोर्खे खबर कागत' चलाइनै रहे। तिनलाई ग्लानी-रोग (डिप्रेसन) पनि भयो होला, तिनीमाथि आकाशै झरेको थियो। तिनी एक्लो भएका थिए। रेभ. डन्कनले भने, मैले केही गर्न सकिनँ। सरकारको, ठूला-बढ़ाको, हुकुम मान्नै पर्ने। मैले तिनलाई 'नयाँ भाषा अपनाऊ, त्यसैमा लेख सम्म भनें, तर मानेनन्। मन दुःखाएर, केही रिस पनि देखाएर, दैलो ड्याम्मै थुनेर, अफिसबाट निस्के। म यहाँ आएर तिनीसित मिलेर धेरै वर्ष धेरै राम्रो कामहरू गरेपछि यस्तो काण्ड हुँदा मलाई साह्रै दुःख लागेको छ। मलाई पनि नमिठो लागिरहन्छ!' पाद्री इन्कन १९०१ देखि १९५६ सालसम्म यहाँ कार्यरत रहेका थिए।

पाद्री प्रधानको दर्शन, उद्देश्य, उद्यम महान थियो। तिनको भाषा नेपालको नेपाली भाषा होइन तर भारतको गोर्खाली भाषा थियो जसको जड़ गोर्खाहरूको बोलचालको भाषा थियो र विशेषतः दार्जीलिङ, कालेबुङ, खरसाङ, सिलगढ़ी, तराई र डुवर्सका मानिसहरूको (भनौं, एक्स्क्लुडेड एरियाको) भाषा थियो। यो भारतको भाषा थियो। तिनी यस्तै चाहन्थे। तर समय पल्टयो, उल्टियो। 'गोर्खा भाषा' मऱ्यो र पाद्री प्रधान पनि तिनको भाषा झैं अस्ताए। तिनलाई कसैले सम्झनामा पनि बाँच्न दिएनन्। पाष्टर सलोन कार्थक 'पाद्री गंगाप्रसाद प्रधानको जीवन बखान'-मा पृष्ठ ८८ को अन्तिम पाराग्राफको अन्तिम वाक्यमा लेख्छन्, 'उनलाई सम्झनामा आलो राख्ने नामाकरण भएको पथ र माटोको शरीर माटोमा सर्मपण गरिएको स्थल सम्मको बेवास्ता गर्ने हामी उनको महत्तम योगदानलाई कसरी परन्तुसम्म संरक्षण गर्ने।' एउटा गोर्खा आत्मा र मनको कहालिँदो उदगार!

तिनले उल्था गरेका नेपाली बाइबललाई पनि मानिसहरूले (पाठकहरूले त्यस बाइबलको भाषाको मर्म र ऐतिहासिक महत्व बुझेर साँचिदिएनन्। १९७० सालतिर नेपाली बाइबल संसोधन गरिएन, गंगाप्रसादको भाषालाई केवल निन्दा गरेर, दोष लाएर, रद्दी ठहराएर, नयाँ अनुवाद गरे। कत्रो हत्या? ठेट र झर्रो भाषालाई डाँड़े कटाइदिएको जस्तो भयो। हाम्रो भाषा हरायो! एउटा दर्शन भताभुङ भयो। एउटा उद्देश्यको निशान-खाम्बा उखेलियो। उनलाई उनकैहरूले ग्रहण गरेनन्, चिनेनन्। हामीले आफ्नो चिन्हारी गुमाई पठायौ। पाद्री प्रधानको भाषाप्रतिको दर्शन, उद्देश्य र भाव-विचार बुझिदिएर जो कसैले पनि, अझ पनि, उनको बाइबलको सम्पादन गरिदिने महान कार्य गर्नसक्छन् र तिनको कृति र स्मृति बाँच्न सक्छन्।

विद्वान् मित्रवर सर हर्क बहादुर छेत्री (सन्दर्भ: 'अजम्बरी गंगाप्रसाद प्रधान' - पृष्ठ २५६) भन्छन् । तर पाद्री गंगाप्रसाद प्रधानले नेपाली भाषा, साहित्य साथै पत्रकारिता क्षेत्रमा नि:स्वार्थ अमूल्य योगदान दिएर पनि के पाए? दार्जीलिङको तत्कालिन साहित्यिक सामाजिक पृष्ठभूमि आदिलाई विचार गर्नु हो भने, पाद्रीजीलाई भानुभक्तभन्दा माथिको स्थानमा राख्नुपर्ने हुन्छ। तर आज दुःखको कुरा, उनले भानुभक्तको स्थान पनि पाएका छैनन्। नेपाली शब्दकोश लेख्ने (डन्कन) र व्याकरण लेख्ने टर्नबुललाई वाह वाह भन्छौ तर ती दुई अनेपालीलाई भाषा र साहित्य सिकाउने पाद्रीको खोई हामीले कदर गरेका?

महा दुःखको कुरो घट्यो हाम्रो इतिहासमा, हाम्रो नीज कथामा! पाद्री गंगाप्रसाद प्रधानको कथा, हाम्रो कथा हो। एउटा अधुरो कथा- युग युगको गाथा! तिनको जीवनको सन्ध्याकालमा अस्ताउँदो घामको रंगारंगी कुनै रमझम थिएन, थियो त केवल कुइरो र बादल मात्र!

## शाश्वत शून्यता

● जी.के. शर्मा,
सिक्किम

यो संसार, यो भीड़, यो भूगोल...
केही पनि छैन अहिले
बस्, शून्यताको महासागरमा बाँचेको छ
म र मेरो अस्तित्व मात्र
न कतै दिशाको भ्रम छ
न त दूरीको बाध्यता,
न त यहाँ कुनै भौतिक पर्खाल नै खड़ा छ
अहिले यो एकान्तमा
झिनो स्वरको तरङ्ग मात्र जीवित छ
यो भूगोलका सारा सिमानाहरू
पग्लिएर खरानी हुन्छन् बरू
तर यो रित्तोपनको तिर्खा कहिल्यै मेटिँदैन।

उड़ेर जाने खरानी झैँ भएछ जिन्दगी
जहाँ आफू हुनुको अर्थ पनि अब हराउन थाल्यो
एउटा यस्तो विरक्ति,
जहाँ आफ्नै छायाले पनि साथ छोड़े जस्तो
कुन डाँड़ा कटाइयो
कुन देवराली भाकियो
सबै अर्थहीन भए अब
मनभित्र एउटा यस्तो भक्कानो छ
न पोखिन सक्छ न सुक्न
शून्यतामा प्रतिध्वनित भइरहन्छ
बस्, एउटा मौन चित्कार बनेर।

म हुनु र नहुनुको बीचमा
मसिनो रेखा मात्र बाँकी छ
न कसैको आँसुको ओत छ
न कसैको हाँसोको छहारी
यो बेवारिसे अस्तित्व
यो एक्लो यात्रा
अब त बस्
यही शून्यमा बिलाउनु नै अन्तिम गन्तव्य भयो।

## उनको अर्कोपालीको छुट्टी कहिले आएन



● नम्रता तामाङ,
बेन्नेकवर्ण चियाकमान

सानो छँदा
ठूलो भएपछि सिपाही बन्छु भनिहिड्ने
त्यो पल्लोघरे कान्छाको छोरो
सिपाही बनेर दुश्मनसँग भिड्ने
अनेकौं सपना सजाई सिपाही बनेर आएका छन्।

एक महिनाको छुट्टी कति छिटो बितेछ
'लु गएँ है आमाबाबु, गाउँले हो
अर्कोपालीको छुट्टीमा भेटौँला' भन्दै
हर्षोल्लासका साथ फर्किएका थिए
'अर्कोपाली आउँदा आमाबाउलाई
आध्यात्मिकस्थल दर्शन गर्न लान्छु' भन्थे
तर त्यो गाउँले छोरोको
अर्कोपालीको छुट्टी कहिले आएन।

यो भाइटीकामा नाड़ीमा एउटा सिङ्गो धागो छैन
त्यो निधारै टलल टल्किने गरी लगाइने टीका छैन
'अर्कोपाली त सँगै हुन्छौँ दिदी
मलाई ठूलो-ठूलो थुँथा सयपत्रीको माला उनिदिनु' भन्ने
त्यो भाइको अर्कोपालीको छुट्टी कहिले आएन,
'यसपाली त बितिहाल्यो अर्कोपाली आउँदा
भाइ तँलाई पनि एउटा नयाँ थोक किनिदिउँला
अहिले राम्रो पढ्दै गर है' भन्ने
त्यो दाजुको अर्कोपालीको छुट्टी कहिले आएन।

'यसपाली साथीसँग भेटघाट भएन
अर्कोपाली आउँदा जसरी भए पनि
घुम्न जानु पर्छ, वनभोज खान जानु पर्छ
राम्रो ठाउँ हर्दै गर है साथी हो' भन्ने
त्यो साथीको अर्कोपालीको छुट्टी कहिले आएन,
आफूलाई माया गर्ने प्रेमिका
बल्ल भेटेर दुःखसुखको बातमा
'अर्कोपाली त विवाह गर्नु पर्छ है' भन्ने
त्यो प्रेमीको अर्कोपालीको छुट्टी कहिले आएन,
भर्खरै बिहे गरी भित्र्याएकी श्रीमतीलाई
'यसपाली त विवाहमै समय बित्यो
अर्कोपाली भविष्यको योजना गरौंला है' भन्ने
त्यो श्रीमान्को अर्कोपालीको छुट्टी कहिले आएन,
काखको बालकलाई अँगालेर
'अर्कोपाली आउँदा त
यसले बाउ भन्ने रहेछ' भन्दै गएका
बालकले 'बाउ' भनेर बोलाउन थालिसकेपछि पनि
ती बाउको अर्कोपालीको छुट्टी कहिले आएन।


देशको सिमानामा दुश्मनले आक्रमण गर्दा
सबै थोक भुलेर अघि बढ्ने
छाती चौड़ा गरी देशको रक्षा गर्ने
ती साहसी सिपाहीको
अर्कोपालीको छुट्टी कहिले आएन,
अर्कोपाली आए त
आज त्यो बाकसमा चहकिलो अक्षरमा लेखिएको
मात्र सधैं आफ्नो उर्दीमा लगाएका टल्किने नाम
हजारौं सपना बोकेका ती बन्द आँखा
माया-स्नेह बोकेका ती बन्द ढुकढुकी
दुश्मनसितको लड़ाइँमा चोटैचोट भएको देह
रगतैरगतले लतपतिएको त्यो शरीर
मरेर पनि गर्वले उज्यालो बनेको त्यो मुहार
निष्प्राण तिरङ्गामा लपेटिएका उनी।

तर्क-बहस

# सबै मानव आत्माहरूका पिता-परमपिता परमात्मा शिव

● ब्रह्माकुमार देवराज प्रधान,
अप्पर कार्ट रोड, कालिम्पोङ



बाल्यावस्थादेखि नै आध्यात्मिक परिवेशमा हुर्केको कारणले ईश्वरबारे अनि आध्यात्मिक विषयहरूमा समय प्रति समय मेरो सङ्कल्प चल्थ्यो। मलाई परमात्माको यथार्थ परिचय अनि उहाँसित मिलन मनाउने आन्तरिक इच्छा थियो। मन्दिरहरूको चक्कर लाउँदा मेरो मनमा विचार चल्थ्यो कि कृष्ण-राधा, लक्ष्मी-नारायण, राम-सीता आदि देवी-देवताहरूको त हाम्रो जस्तै शरीर देखेको कारणले उनीहरू यस्ता थिए भन्ने अनुमान लाउन सक्थे तर यो शिवलिङ्ग चाहिँ कसको यादगार हो? किन भारतभरि शिवलिङ्गको यति धेरै मन्दिर अनि प्रतिमाहरू पाइन्छ? यी विषयमा सङ्कल्प चल्थ्यो, किनकी समस्त भारतमा जति धेरै शिवलिङ्गहरू पाइन्छ त्यति धेरै कुनै देवी-देवताहरूको प्रतिमा अनि मन्दिरहरू पाइँदैन। मैले केही आध्यात्मिक व्यक्तिहरूलाई पनि यसबारे सोधें तर तिनीहरूको उत्तरले मन सन्तुष्ट भएन। उनीहरूले धर्मग्रन्थहरूको आधारमा पढ़ेका-सुनेका कुराहरू बताउँथे तर उनीहरूमा पनि अनुभव र निश्चयको कमी देख्थे। सायद यही मनको अवस्था धेरै भक्तजनको पनि आज होला।

१९७९ सालको अप्रेल महिना मेरो जीवनको महत्त्वपूर्ण समय थियो। जसबेला मेरो सम्पर्क प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयसित भयो। एच.डी. लामा रोड, दार्जीलिङस्थित ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका संचालिका आरदरणीय स्वदर्शन दिदीजीसित मेरो भेट भयो। उहाँले मलाई सबै मानव आत्माहरूका पिता ज्योतिबिन्दु परमात्मा शिवले प्रजापिता ब्रह्मा बाबाको साकार तनमा दिव्य प्रवेश गरेर दिनुभएको आत्मा, परमात्मा, सृष्टिचक्र, कर्मको गुह्य गति अनि राजयोग ध्यानको शिक्षा दिनुभयो, जसद्वारा मैले आन्तरिक सन्तुष्टता प्राप्त गरें। ब्रह्माकुमारी स्वदर्शन दिदीजीबाट प्राप्त ज्ञान अनि अनुभवको आधारमा शिव परमात्माको वास्तविक परिचय साथै हामीले कसरी उहाँसित मिलन मनाउने, उहाँको दिव्य कर्त्तव्य के हो? इत्यादि विषयबारे केही कुराहरू संक्षेपमा राखिरहेछु।

परमपिता परमात्मा शिवको परिचयः

लिङ्गको अर्थ हो 'चिन्ह'। यसर्थ शिवलिङ्ग भनेको परमपिता शिवको यादगार चिन्ह हो। यसलाई ज्योतिर्लिङ्ग पनि भनिन्छ अर्थात् ज्योतिस्वरूप परमात्माको यादगार चिन्ह। जसरी बापुजी महात्मा गान्धीले भारतलाई विदेशीहरूको गुलामीबाट अहिंसक आन्दोलन गरेर स्वतन्त्र बनाए अनि यही महान् कार्य गरेको हुनाले आज पनि उहाँका प्रतिमाहरू, चित्रहरू, पुस्तकहरू पाइन्छ अनि जन्मदिन पनि समस्त भारतमा मनाइन्छ। यस्तै प्रकारले आजभन्दा पाँच हजार वर्षपहिला अथवा कल्पपहिला आज जस्तै कलियुगको अन्त्य समय थियो। त्यसबेला विश्वका बापुजी परमधाम निवासी ज्योतिबिन्दु परमपिता शिव प्रजापिता ब्रह्माको साकार तनमा दिव्य प्रवेश गरेर मानवलाई काम, क्रोध, लोभ, मोह अनि अहङ्काररूपी रावणको परतन्त्रबाट मुक्त गरेर साँचो स्वतन्त्रता दिलाएका थिए, जसद्वारा भारतमा रामराज्य अथवा स्वर्ग स्थापना भएको थियो। यही महान् कार्य गरेका हुनाले उहाँको स्मृतिचिन्ह शिवलिङ्ग अनि उहाँका मन्दिरहरू आजभन्दा अढ़ाइ हजार वर्षपहिला द्वापरयुगदेखि भारतमा स्थापना हुन थालेको हो। धर्मग्रन्थहरू पनि त्यही समयदेखि लेखिन थाले अनि उनै परमपिता शिवको दिव्य जन्म अथवा कलियुगी घोर पापाचार अनि अज्ञानताको रात्रीमा दिव्य अवतरणको स्मरणमा शिव जयन्ती अथवा शिवरात्री मनाउन थालिएको हो। यसैले लिङ्ग पुराणमा पनि भनिएको छ कि नयाँ विश्व निर्माण गर्नका निम्ति अण्डाकार ज्योति प्रकट भयो, जसले ब्रह्मा, शंकर अनि विष्णुद्वारा सत्युगी दुनियाँको स्थापना, कलियुगको विनाश र सत्युगी देवी-देवताहरू निवास गर्ने 'सुनको चरि' भारतको पालना गर्ने निर्देश दिए।

सत्-चित्-आनन्दस्वरूप ज्योतिबिन्दु परमपिता परमात्मा शिव जब कलियुगको अन्त्यमा ब्रह्मा बाबाको तनमा दिव्य प्रवेश गर्नुहुन्छ तब मानिसहरूलाई अमर आत्माको ज्ञान दिएर कालको पंजाबाट छुटाउनुहुन्छ अनि शंकरद्वारा घोर कलियुगी दुनियाँको महाविनाश गरेर सत्युगी दुनियाँको स्थापना गर्नुहुन्छ, जहाँ अकाल मृत्यु हुँदैन अनि मानिसको आयु पनि लगभग १५० वर्ष सम्मको हुन्छ। जुन समयको बारेमा प्रसिद्ध भविष्यवक्ता नोस्ट्राडामसले पनि लेखेका छन्, 'शरीरबिनाको आत्मा नष्ट हुँदैन। मृत्युको दिन पनि जन्मदिन समान हुन्छ।' परमपिता शिव परमात्माले कलियुगको महाविनाशपश्चात् सबै आत्माहरूलाई आफ्नो घर परमधाम लिएर जानुहुन्छ। यसैको प्रतीकमा शिवको बारात पनि प्रसिद्ध छ, जसमा लुला, लङ्गड़ा आदि सबै देखाइएको छ। यही कर्त्तव्यको कारणले परमपिता शिवलाई महाकाल पनि भनिन्छ। अब फेरि सृष्टि चक्रमा कलियुगको अन्त्य समय चलिरहेछ अनि परमपिता शिव प्रजापिता ब्रह्माको साकार तनमा अवतरित भएर यस घोर कलियुगको विनाशपश्चात् सत्युगी दुनियाँ अथवा स्वर्गको स्थापना गर्नुहुँदैछ।

समस्त मानव आत्माहरूका पिताः

परमपिता शिव सबै मानव आत्माहरूका पिता हुन्। यसैले सबै धर्महरूमा उहाँको स्मृतिचिन्हहरू हामी पाउँछौं। मुसलमानहरूको पवित्र स्थान मक्कामा पनि खान-ए-काबाभित्र शिवलिङ्ग जस्तै आकारको एउटा ढुङ्गा पाइन्छ, जसलाई तिनीहरू 'संग-ए-असवद' अथवा 'काबाको पत्थर' भन्छन्। त्यो पनि परमपिता शिवको प्रतिमा हो। तिनीहरूले पनि ईश्वर अथवा 'अल्लाह'-लाई ज्योतिस्वरूप मान्छन् अनि तिनीहरूले 'नूर-ए-इलाही' भन्छन्। यसको अर्थ हो अल्लाह अथवा ईश्वर ज्योतिस्वरूप छन्। इसाई धर्ममा हेर्‍यौं भने मोसाले पनि सिनाई पर्वतमा ईश्वरको दर्शन पाउँदा ज्योतिको रूपमा दर्शन गरेका थिए। इसाई धर्मका स्थापक येशू ख्रीष्टले पनि यूहन्नाको पहिलो पुस्तकमा 'परमेश्वर प्रकाशस्वरूप हुनुहुन्छ। उहाँमा अन्धकार पटक्कै छैन' भनेको छ। बाइबलमा याकुबले पनि हरान शहरको यात्रा गर्दा एउटा ढुङ्गालाई सिरानी बनाएर सुतेको बेलामा सपनामा एउटा सिँढ़ी स्वर्गसम्म पुगेको देखे, जसमा परीहरू चढ्नु र झर्नु गर्दै थिए। बिउँझेपछि तिनले त्यस ढुङ्गालाई तेल चढ़ाएर पूजा गरे। त्यो ढुङ्गा पनि शिवलिङ्ग अथवा परमात्मा शिवको नै प्रतीक हो। गुरू नानकले पनि 'एक ओंकार सन्नाम' अथवा भगवान् एउटै छन्, ज्योतिस्वरूप छन्, निराकार छन् भनेका छन्। महात्मा बुद्धले पनि गयामा तपस्या गर्दा ज्योतिको साक्षात्कार गरेका थिए। जापानमा एनानाइक्यो पन्थका अनुयायीहरूले पनि शिवलिङ्ग जस्तै आकारको पत्थरअघि ध्यान गर्छन्। त्यसलाई तिनीहरूले 'चिडकोन सेकी' भन्छन्, जसको अर्थ हो 'शान्ति दिने पत्थर'। तिनीहरूले यसलाई अति पवित्र मान्छन् अनि बड़ो सम्मानका साथमा सफासित राख्छन्। यो पत्थर पनि परमपिता शिवको प्रतीक हो। मन्दिरहरूमा दीयो हामी पाउँछौं, गिर्जा घरहरूमा मोमबत्ती पाउँछौं, गुम्बाहरूमा दीयोहरू पाउँछौं अनि मस्जिदमा चिराग पाउँछौँ। यी सबै ज्योतिबिन्दु ईश्वरका प्रतीक हुन्। जोरोस्ट्रीयनहरूले आगोलाई पनि ईश्वर मान्छन्। वास्तवमा आगो आफै ईश्वर होइन तर ईश्वरको प्रतीक हो, किनकी ईश्वर ज्योतिस्वरूप हुनुहुन्छ अनि शक्तिस्वरूप हुनुहुन्छ। यसै गरी सूर्यलाई पनि कतिपय मानिसहरूले ईश्वर मान्ने गर्छन्। सूर्य आफै ईश्वर त होइन तर ज्योतिस्वरूप ईश्वरका प्रतीक हुन्। यसै ज्योतिस्वरूप परमात्मा शिवको प्रतीक अण्डाकार पत्थरलाई ग्रीसमा 'ओसरीस' भन्छ भने बेबीलोनमा 'शिअन' भनिन्छ। यहूदीहरूले यसलाई 'बेलफेगो' भन्छन्। अमेरीकाको टेन्सी शहरमा यसलाई 'धनलिङ्ग' भनिन्छ। स्कटल्याण्डमा सुनको अण्डाकार रूप बनाएर पूजा गर्छन्। यसैले परमपिता शिव सबै मानव आत्माहरूका पिता हुनुभएको कारणले उहाँलाई सबैले पिता वा परमपिता पनि भन्छन् अनि आत्मा जस्तै ज्योतिबिन्दु स्वरूप भएको कारणले परमात्मा (परम+आत्मा) पनि भनिन्छ।

धेरै शिवका मन्दिरहरूमा शिवलिङ्गको वरिपरि ससाना अण्डाकार ढुङ्गाहरू पाइन्छ। ती ससाना ढुङ्गाहरूलाई 'शालिग्राम' भनिन्छ अनि यी मानव आत्माहरूका प्रतीक हुन्। वास्तवमा आत्मा अनि परमात्माको स्वरूपमा भिन्नता छैन। आत्मा पनि ज्योति बिन्दु स्वरूप छन् अनि भृकुटिको बीचमा निवास गर्छन्। यसैले हामीले टीका भृकुटिमा नै लाउने गर्छौं। जसरी महान् व्यक्तिहरूको मूर्ति ठूलो बनाइन्छ त्यसरी नै शिवलिङ्ग पनि बृहताकारमा बनाइएको ज्योतिबिन्दु शिवको प्रतिमा हो।

शिव अनि शंकरमा भिन्नताः

प्राय: मानिसहरूले शिव अनि शंकरलाई एउटै मान्छन् तर वास्तवमा शिव अनि शंकर अलग अलग हुन्। शिव शब्दको अर्थ हो 'कल्याणकारी', किनभने परमात्मा शिवले कल्याणको कर्तव्य गर्छन्, काम, क्रोध लोभ, मोह, अहङ्कार, ईर्श्या, घृणा आदि विकारहरूदेखि मुक्ति दिलाउँछन्, दु:खी-अशान्त मानव आत्माहरूलाई सुख-शान्ति प्रदान गर्छन् तर शंकरले विनाशको कार्य गर्छन्। कलियुगको अन्तिम समयमा जब पाप अति नै बढ़ेर जान्छ त्यसै दुनियाँलाई शंकरले गृहयुद्ध, प्राकृतिक आपद् अनि आणविक युद्धद्वारा विनाश गर्छन्। यसैको स्मरणमा त्रिशुलमा तीनवटा चुच्चो देखाइन्छ। शिवलाई निराकार भनिन्छ तर शंकरको सूक्ष्माकार शरीर छ। परमपिता शिव रचयिता हुन् अनि शंकर उनको रचना हो। परमात्मा शिव परमधाम निवासी हुनुहुन्छ, जसलाई ब्रह्मलोक पनि भनिन्छ। यसैले उनलाई परब्रह्म परमेश्वर पनि भनिन्छ। एलिफेन्टाको गुफामा पनि ढुङ्गामा खोपेर बनाइएको ब्रह्मा, विष्णु अनि शंकर तथा तिनीहरूको रचयिता परमात्मा शिवलाई भिन्नै देखाइएकोले पनि स्पष्ट हुन्छ कि शंकर अनि शिव एकै होइनन्। भक्तहरूले ब्रह्म देवताय: नमः, विष्णु देवताय: नमः, शंकर देवताय: नम: अनि अन्त्यमा शिव परमात्माय: नम: भन्ने वन्दना गर्छन्। यसद्वारा पनि स्पष्ट हुन्छ कि शिव परमात्मा हुनुहुन्छ अनि शंकर चाहिँ सूक्ष्म शरीरधारी देवता हुनुहुन्छ।

परमपिता शिवको निवास स्थानः

परमपिता शिवका अनेकौं नाममध्ये एउटा नाम त्रिलोकीनाथ पनि हो। त्रिलोकीनाथ अर्थात् तीन लोकका मालिक। तीन लोकमा सबैभन्दा तल भौतिक दुनियाँ छ, जसलाई साकार मनुष्यलोक भनिन्छ, जहाँ पृथ्वी, सूर्य, चन्द्रमा, तारागण पाइन्छ। त्यसदेखि पनि माथि जहाँ कुनै भौतिक वस्तुहरू पाइँदैन, त्यसलाई सूक्ष्मलोक भनिन्छ। जहाँ ब्रह्मा, विष्णु अनि शंकर सूक्ष्म प्रकाशको शरीरमा उपस्थित छन्। त्यहाँदेखि पनि माथि रातो दिव्य प्रकाशमय दुनियाँ छ, जहाँ सर्वत्र शान्ति छ, पवित्रता छ, जसलाई ब्रह्मलोक, परलोक, परमधाम, निर्वाणधाम आदि अनेकौं नामले जानिन्छ। त्यही परमधामको शिखरमा ज्योतिबिन्दु परमपिता शिव निवास गर्नुहुन्छ अनि हामी सबै मानव आत्माहरूको घर पनि त्यही हो। त्यहीँदेखि मानव आत्माहरू यस सृष्टिरूपी रङ्गमञ्चमा आएर आआफ्नो अभिनय गरिरहेका छन् अनि पुनर्जन्म लिँदै आज फेरि कलियुगको अन्त्यमा आइपुगेका छन् अनि फेरि अब यस पाँच तत्त्वको जड़ शरीरलाई छोड़ेर परमधाम फर्किने समय आइपुगेको छ अनि हामी सबैलाई पवित्र बनाएर लानका निम्ति परमपिता शिव प्रजापिता ब्रह्माको तनमा अवतरित हुनुभएर वास्तविक गीता ज्ञान सुनाइरहनुभएको छ।

शिवको अवतरणको पर्व शिवरात्रीः

'शिवरात्री' एउटा अत्यन्त महत्त्वपूर्ण वृतान्तको स्मरणोत्सव हो। यो समस्त सृष्टिका मानव आत्माहरूका पारलौकिक परमपिता परमात्माको दिव्य जन्म अथवा अवतरणको समयको यादगार पर्व हो, जसले सबैलाई परमपिता शिवद्वारा मुक्ति अनि जीवनमुक्तिरूपी सर्वश्रेष्ठ प्राप्तिको स्मरण दिलाउँछ। यसकारण यो अन्य सबै जन्मोत्सव अथवा जयन्तीहरूको तुलनामा सर्वोत्कृष्ट छ, किनकी अन्य सबै जन्मोत्सव त मनुष्यात्माहरू अथवा देवताहरूको जन्मदिनको यादमा मनाइन्छ तर शिवरात्री मानवलाई देवता बनाउने, देवहरूको पनि देव, धर्मपिताहरूको पनि परमपिता, एकमात्र सद्गतिदाता परमप्रिय परमपिता शिवको आफ्नो दिव्य अनि शुभजन्मको स्मरणोत्सव हो।

अरू जुनै पनि जन्मदिनहरू मनाइन्छ त्यो कुनै विशेष धर्म वा सम्प्रदायका अनुयायीहरूका निम्ति महत्त्वपूर्ण हुन्छ। उदाहरणका निम्ति श्री कृष्ण जन्माष्टमी वा श्री राम नवमीलाई आदि सनातन धर्मका मानिसहरूले नै अधिक महत्त्व दिन्छन् तर शिवरात्री त उनीहरूको पनि पिता, सबै धर्मावलम्बीहरू अनि नास्तिकहरूको पनि पारलौकिक परमपिताको 'जन्मदिन' हो, जसलाई समस्त सृष्टिका सबै मानिसहरूले ठूलो उत्साहले मनाउनु पर्ने हो। आज मानिसलाई परमपिता परमात्माको यथार्थ परिचय नभएको कारणले अथवा परमात्मालाई सर्वव्यापी वा नाम-रूपदेखि न्यारा मान्नुको कारणले शिव जयन्तीको महत्त्व धेरै घटेर गएको छ।

भारतवासीले शिवलाई 'मुक्तेश्वर' अनि 'पापकटेश्वर' भनि मान्दछन्। उनीहरूको मान्यता छ कि शिव आशुतोश हुनुहुन्छ अर्थात् सजिलैसित प्रसन्न हुनेवाला अनि 'अवढर दानी' पनि हुनुहुन्छ अर्थात् सजिलै उच्च वरदान दिनेवाला। यसै भावनालाई लिएर तिनीहरूले शिवमाथि जल चढ़ाउँछन् अनि उहाँको पूजा गर्छन्। तर प्रश्न उठ्दछ कि जीवनभरि प्रतिदिन शिवको पूजा गरेर तथा प्रत्येक वर्ष श्रद्धापूर्वक शिवरात्रीमा जागरण, व्रत इत्यादि गरेर पनि मानिसको पाप अनि सन्ताप किन मेटिँदैन? उनीहरूलाई मुक्ति अनि शक्ति किन प्राप्त हुँदैन? त्यसो भए शिवलाई प्रसन्न गर्ने सजिलो विधि के हो त? शिवरात्रीको वास्तविक स्वरूप के हो अनि हामीले शिवरात्री कसरी मनाउनु पर्ने हो अनि शिवको रात्रीसित के सम्बन्ध छ? जबकी अन्य देवताहरूको पूजा दिनमा गरिन्छ तर शिवको रात्रीमा अधिक किन हुन्छ अनि शिवरात्री फाल्गुन महिनाको चौंधौं अँध्यारो रातमा अमावश्याको एक दिनपहिला किन मनाइन्छ?

सबैले जान्दछन् कि रात्रीको अन्धकारमा मानिसले वस्तुहरू ठीकसितले थाहा पाउँदैन अनि रात्रीमा सामाजिक अनि नैतिक अपराध पनि धेरै हुन्छ। अत: साधारण रूपमा रात्री अज्ञान अन्धकार, पाप अनि तमोगुणको निशानी हो। कृष्णपक्षको रात्रीमा त अझ अधिक अन्धकार हुन्छ। फेरि चौंधौं रात्रीमा त घोर अन्धकार हुन्छ। अत: कृष्णपक्षको चौंधौं रात्री घोर अज्ञानता, पापाचार अनि दुराचारको प्रतीक हो।

फाल्गुन महिना वर्षको १२औं अर्थात् अन्तिम महिना हो। अत: फाल्गुन महिनाको कृष्णपक्षको चौंधौं रात्री महारात्री हो। यो कल्पको अन्त्यमा हुने घोर अज्ञानता अनि अपवित्रताको द्योतक हो। आध्यात्मिक दृष्टिकोणले द्वापरयुग अनि कलियुगलाई 'रात्री' अथवा 'कृष्णपक्ष' भनिएको छ। यसमा कलियुगको पूर्ण अन्त्य हुनुभन्दा केही वर्षपहिलाको समय कृष्णपक्षको चौंधौं रात्री समान छ। अत: शिवरात्री फाल्गुन महिनाको कृष्णपक्षको अन्तिम रात्री अमावश्याभन्दा एक दिन पहिला मनाउनुको अर्थ हो परमपिता शिवको अवतरण यस पृथ्वीमा कलियुगको पूर्ण अन्त्य हुनुभन्दा केही समयपहिला भएको थियो जतिबेला समस्त सृष्टि अज्ञान अन्धकारमा थियो। श्री नारायण तथा श्री राम आदि देवताहरूको पूजन त दिनमा हुन्छ, किनकी श्री नारायण, श्री राम आदिको जन्म सत्युग तथा त्रेतायुगरूपी दिनमा भएको थियो। मन्दिरहरूमा ती देवताहरूलाई रात्रीमा सुताइन्छ अनि दिनमा नै उनीहरूलाई जगाइन्छ तर परमात्मा शिवको पूजाका निम्ति त भक्तहरू स्वयंले पनि रात्रीमा जागरण गर्दछन्। आज यो रहस्यलाई नजानेको कारणले केही व्यक्तिहरूले भन्छन् कि शिव तमोगुणको आधार हो। यसैले शिवको पूजा रात्रीमा हुँदछ अनि यसैकारण शिवको स्मृतिमा शिवरात्री मनाइन्छ, किनभने रात्री तमोगुणको प्रतीक हो। तर उनीहरूको यो मान्यता भूल हो, किनभने वास्तवमा शिव तमोगुणको आधार होइन तर तमोगुणको संहारक अथवा नाशक हुन्। यदि शिव तमोगुणको आधार हुँदो हो त उनलाई 'शिव', 'पापकटेश्वर' अनि 'मुक्तेश्वर' भन्नु नै निरर्थक हुने थियो, किनभने शिवको अर्थ नै हो कल्याणकारी अनि तमोगुण त अकल्याणकारी, पापवर्धक अनि मुक्तिमा बाधक हुँदछ। अत: वास्तवमा शिवरात्री यसकारण मनाइन्छ कि परमात्मा शिवले कल्पको अन्त्य हुनुभन्दा केही समयपहिला अवतरित भएर दु:ख अनि अशान्तिलाई हराएको थियो। यसै कारणले शिवलाई हरा पनि भनिन्छ।

भक्तहरूले शिवरात्रीको दिन रातभरि जागरण गर्छन् अनि भोजन गर्नाले आलस्य, निद्रा अनि मादकताको अनुभव हुन थाल्छ भन्ने सोचेर तिनीहरूले अन्न पनि खाँदैनन्, किनभने उनीहरूको उपवासले तथा जागरणले शिव प्रसन्न होस् भन्ने चाहन्छन्। मनुष्यात्माहरूलाई तमोगुणमा सुताउने अनि रुवाउने मादकता त काम, क्रोध, लोभ, मोह अनि अहङ्कार हो, जसलाई माया पनि भनिन्छ। जबसम्म मानिसले यी विकारहरूलाई त्याग गर्दैन तबसम्म उनीहरूको आत्माको पूर्ण जागरण हुन सक्दैन अनि तबसम्म आशुतोष भगवान् शिव उनीहरूसित सन्तुष्ट पनि हुन सक्दैन।

कतिपय भक्तहरूले शिवको प्रसाद भनेर गाँजा-भाङ सेवन गर्छन्। वास्तवमा गाँजा-भाङ त शिवमाथि अर्पण गरेको हो, प्रसाद होइन। यसैले शिवको प्रतिमामा अक-धतुरोको फूल चढ़ाइन्छ अनि लक्ष्मी-नारायणको मन्दिरमा पुष्प वर्षा गरिन्छ। हामी मानवले त जान्दछौं कि गाँजा-भाङ तन अनि मनका निम्ति हानिकारक हो भनेर तब यो भगवान्को प्रसाद कसरी हुन सक्छ? जब हामीले परमपिता शिवको शिक्षाअनुसार काम, क्रोध आदि विकारहरू अनि गाँजा, भाङ, मासु, मदिरा इत्यादि तामसिक भोजनहरूको त्याग गरेर सतोप्रधान मन अनि संस्कार बनाउँछौं तब हामी आत्माहरू यस घोर कलियुगको महाविनाशपश्चात् आउने सत्युगी दुनियाँमा लक्ष्मी नारायणको पद पाउँछौं अथवा उहाँहरूको राज्यमा जान सक्छौं। यही सफलताको स्मरणमा भक्तिमा लक्ष्मी नारायणको मन्दिरमा पुष्प वर्षा गरिन्छ।

## बराबर रमायौं

● रबिन अदेह,
सिंगताम चियाबारी, दार्जीलिङ

तिमी फुलिरहेको बेला
मैले टपक्क टिपें
तिमी चुड़िँयौं
तर तिमीले कहिले व्यथा भनेनौँ
तिमी मेरो रित्तो कलशमा सजियौ मुस्काउँदै
मैले कलशभरि पानी लगाएँ
घर उज्यालो भयो
धेरै रमायौं
अनि एक भयौं।

तिमी र म
घाम नछेलिने
पानी नथाम्ने
अनि शीतल नहुने मेरो छायामा बसिरह्यौं
गहिरो माया दिएर
मेरो आँट
मेरो औजार बनी
सधैँ मेरो जीवन धारिलो बनाइदियौं
मैले संसार पाएँ
मेरो मुटु तिमीमा राखें
र नै एक भयौं।

तिमी र म
मृत्यु पछि के हुन्छ
म माग्छु जुनी-जुनी
अरु कोही नभए तिमी मात्र पाउँ
सधैँ साथ रहिरहुँ
भाकल राख्छु भगवान्लाई
तिम्रो खुशी मेरा लागि राखौं
तिम्रो दु:ख मैले लिएँ
बराबर रमायौं
अनि एक भयौं तिमी र म।

## मुक्तकहरू



● आनन्द होसन्ना राई,
सिम्ले धुरा, मङ्पू

१/ गरममा जोशियो उ
जाड़ोमा ओसियो उ।

२/ साहसी कुकुरहरू भुक्यो
टाडमुनि आएर लुक्यो।

३/ जब साया टाउकोमा बस्यो
शिरको टोपी भुइँमा खस्यो।

४/ घुस लिनु हुँदैन भन्दै थियो
लिफा खोलेर हाँस्दै गन्दै थियो।

५/ मदिरा नपिउनु, जनाइरहेको थियो
ह्वास-ह्वास गनाइरहेको थियो।

## मान्छेको मनमानी



● एन.के. खड्का

मासु मान्छेका लागि
माछा मान्छेका लागि
कुखुरा मान्छेका लागि
आँटा, दाल, चामल, सागसब्जी, फलफूल
वन्य सम्पदा सबै केवल मान्छेका लागि
हेर मान्छेको मनमानी!

जग्गा-जमीन मान्छेको
खनिज पदार्थ उसको
झर्ना-झोड़ानाला उसको
पहाड़-पर्वत ख्वापै काटेर
भित्रभित्रै टोड्का पार्‍यो
बग्दै गरेका नदीनालाहरू
बाँध कसेर प्रभुत्व जमायो
हेर मान्छेको मनमानी!

जलथलको माथि र मुनि
एउटा ठाउँदेखि अर्को
यहाँदेखि त्यहाँ जोडेर
अल्ट्रा सुपरसोनिक जेटमा
होश उड्ने द्रूत गति लिएर
कसलाई किन भेट्नु पर्‍यो?
कस्तो तत्परता र स्वाँगी?
हेर मान्छेको मनमानी!

धरती, समुद्र, आकाश धरि छोड़ेनौ
हावा, जल-थलका प्राणी
बन्दी राखेर रमायौ तिमी
मौरीको रस तिम्रै भयो
फूलको हारी पनि तिम्रै
भगवान्लाई वेदीमा राखेर
मनमानीको ठेकेदार तिमी
हेर मान्छेको मनमानी!

## एमजी मार्गमा चित्रकलासँगै वाकाथन प्रतियोगिता

**गान्तोक, १४ फरवरी (निसं):** गान्तोकको एमजी मार्गमा हिजो महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभागद्वारा अटल वयो अभ्युदय योजनाअन्तर्गत वाकाथन र चित्रकला प्रतियोगितासहित अन्तरपुस्तासम्बन्ध सुदृढीकरण कार्यक्रम सफलतापूर्वक आयोजना गरियो। कार्यक्रमलाई सम्बोधन गर्दै सामाजिक कल्याण विभागकी अधिकारी मनिकला गुरुङले उपस्थित सबैलाई स्वागत गर्दै ज्येष्ठ नागरिक र बालबालिकाबीच सम्बन्ध सुदृढ गर्नुपर्ने आवश्यकताबारे प्रकाश पारिन्। कार्यक्रममा ज्येष्ठ नागरिक, बालबालिका, सामाजिक कल्याण निरीक्षकहरू तथा गान्तोकस्थित महिला सशक्तीकरण केन्द्रका कर्मचारीहरूले सक्रिय रूपमा स्वयंसेवा गर्दै कार्यक्रम सफल बनाउनमा सहयोग पुऱ्याएको थियो। यसअन्तर्गत आयोजित विभिन्न प्रतियोगिताहरूमध्ये वाकाथन प्रतियोगितामा मनिराम राई प्रथम भए भने जीवन कृष्णनाथ दोस्रो र मनोज मौपर तेस्रो भएका थिए।

## आरिटारमा लाइभस्टक शो र काफ ऱ्याली

**गान्तोक, १४ फरवरी (निसं):** सिक्किम सरकार की पशुपालन तथा पशुचिकित्सा सेवा विभागले राष्ट्रिय पशुधन मिशनको सहकार्यमा रिनाकअन्तर्गत आरिटारमा लाइभस्टक शो कम काफ र्‍याटली आयोजन गऱ्यो। कार्यक्रममा क्षेत्रभरिका ७० जना प्रगतिशील कृषकहरूको सक्रिय सहभागिता रहेको थियो। जसले जिल्लाको पशुधन स्रोतको सुदृढता र विविधतालाई प्रतिबिम्बित गरेको भनाइ छ। कार्यक्रमअन्तर्गत गाई अनि भैंसी, बाख्रा, राँगो, सुँगुर तथा कुखुराको प्रतियोगितामा पनि राखेका थिए। आफ्नो विधामा उत्कृष्टता प्रदर्शन गर्ने विजेताहरूलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो। कार्यक्रमपश्चात् सहभागी कृषकहरूलाई पशुको स्वास्थ्य, उत्पादनशीलता तथा समग्र फार्म दक्षता अभिवृद्धिका लागि सामग्रीहरु वितरण गरियो। कार्यक्रममा सरस्वती विद्या निकेतनका अध्यक्ष एचपी प्रधान प्रमुख अतिथिका रूपमा उपस्थित थिए। आरिटार जीपीयूका पञ्चायत अध्यक्ष तुलसा प्रधान तथा सदस्यहरु, ज्येष्ठ नागरिक तथा स्थानीयवासीहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको मुख्य उद्देश्य पशुपालक कृषकहरूलाई प्रेरित गर्नु, स्थानीय तथा संकर जातका पशुधनको आनुवंशिक सुधार प्रवर्द्धन गर्नु तथा दिगो र एकीकृत पशुधन विकासमार्फत ग्रामीण जीविकोपार्जन सुदृढ बनाउनु रहेको थियो।

## कोही...

बलबुतामा उम्मेद्वार खड़ा गरे गोरामुमो, गोजमुमो जस्ता दलहरूले पनि चुनाउबारे कुनै अड़ान र निर्णय अवश्य लेलान्। कतिले क्षेत्रीयता बचाउनुपर्ने कुराहरू पनि गर्दै आइरहेका छन्। त्यसैले यसपालिको चुनाउमा क्षेत्रीय दलहरू क्षेत्रीयता बचाउन चुनाउमा जाने हुन् कि कुनै राष्ट्रिय राजनैतिक दलको शरणमा जाने हुन्? कलकत्ता र दिल्ली धाएर रित्तो हात फर्कने दलहरूले यसबारे सोच्न आवश्यक देखिन्छ।

## इलेक्टोरल...

८२.५२ प्रतिशत प्राप्त भएको छ भने कङ्ग्रेसलाई २९८.७८ करोड़ रुपियाँ अथवा ७.८१ प्रतिशत प्राप्त भएको छ। तेस्रो स्थानमा अल इण्डिया तृणमूल कङ्ग्रेसले १०२ करोड़ रुपियाँ (२.६७ प्रतिशत) प्राप्त गरेको छ। अन्य १९ वटा दलहरूले मिलेर २६७.९२ करोड़ रुपियाँ बाँडेका छन्। ट्रस्टहरूमध्ये प्रुडेण्ट इलेक्टोरल ट्रस्टले सबैभन्दा धेर २,६६८.४६ करोड़ रुपियाँ १५ वटा दललाई वितरण गरेको छ। त्यसैगरी प्रोग्रेसिप इलोक्टोरल ट्रस्टले ९१४.९७ करोड़ रुपियाँ १० वटा दललाई दिएको छ।

## एघार...

आगमनमा २-३ गुणा वृद्धि हुने र धेरैले रोजगार पाउने मानिसहरूले बताइरहेका छन्। यसै रोपवेमा कार्य गरिरहेका अनि वर्तमानमा बिना वेतन खटिरहेका कर्मचारीहरूको समस्या बुझ्नको निम्ति सामाजिक कार्यकर्ता तथा अधिवक्ता बन्दना राई शनिवार गिद्धे पहाड़को रोपवे निर्माणाधीन स्थल पुगेकी थिइन्। तिनले आफ्नो सामाजिक सञ्जाल पोष्टमा करोड़ौं रुपियाँ खर्च गरेर पनि यतिका वर्षसम्म रोपवेको निर्माण कार्य पूरा नभएकोमा कड़ा आलोचना गरिन्। कर्मचारीहरूले भोगेका अन्याय अनि रोपवे निर्माणमा भएको अनियमितताबारे आगामी दिनमा कलकत्ता उच्च न्यायलय जाने समेत बन्दना राईले आफ्नो सामाजिक सञ्चालन पोष्टमा बताइकी छिन्।

### गान्तोकमा होटल कर्मचारीको मृत्यु विवाद

# सहकर्मीहरूदेखि लिएर राजनीतिक पार्टीहरूद्वारा न्यायको माग

**गान्तोक, १४ फरवरी (निसं):** राजधानी गान्तोकको एउटा प्रमुख होटल रानीपुलस्थित मेफेयर-मा कार्यरत एक कर्मचारीको मृत्युको घटनालाई लिएर अहिले तीव्र विरोधको लहर छाएको छ। होटलमा कार्यरत कर्मचारीहरूदेखि लिएर विभिन्न राजनीतिक पार्टीसमेतले घटनाको प्रतिवाद जनाउँदै मृतकको निम्ति न्यायको माग गरेको छ।

घटनाक्रमअनुसार होटलको क्यासिनोमा कार्यरत कर्मचारी इन्द्रदीप प्रधान गत ९ फरवरीको दिन काम गर्दागर्दै सिकिस्त बिमार भएका थिए। विक्षुब्ध सहकर्मीहरूकाअनुसार बिरामी प्रधानलाई तुरुन्त अस्पताल लानको निम्ति होटलले वाहन दिन मानेन। वाहन मात्र नभएर तत्काल उपचारको निम्ति होटल प्रबन्धन पक्षले आर्थिक सहयोग पनि गर्न नचाहेको उनीहरूको भनाइ रहेको छ।

केही रकमको निम्ति विभिन्न कागजी औपचारिकतामा भुलिएपछि ढिलो गरेर ट्याक्सीमा बिरामीलाई अस्पताल लाने क्रममा बाटोमा नै उनको मृत्यु भएको जान्नमा आएको छ। मेफेयर होटलका कर्मचारीहरूकाअनुसार होटल प्रबन्धनपक्षको लापरवाही र आनाकानीको कारण इन्द्रदीप प्रधानको समयमा उपचार नपाउँदा मृत्यु भएको हो। यस घटनालाई लिएर उनीहरूले शान्तिपूर्ण विरोध प्रदर्शन पने गरे। विशेष गरेर होटल प्रबन्धन पक्षका दुई पदाधिकारी इन्द्रदीप प्रधानको मृत्युको निम्ति जिम्मेवार रहेको उनीहरूको भनाइ रहेको छ। ती अधिकारीहरूले अन्य समय पनि होटलका कर्मचारीहरूलाई प्रताड़ीत गर्नेगरेको उनीहरूको आरोप रहेको छ।

अर्कोतिर इन्द्रदीप प्रधानको निधनको घटनालाई लिएर राज्यका विपक्षी राजनीतिक पार्टीहरूले पनि आवाज उठाएको छ। सिटिजन एक्शन पार्टी सिक्किम (क्याप सिक्किम) ले प्रेस विज्ञप्ती जारी गरेर घटना सम्बन्धमा दुःख व्यक्त गरेको छ। यस घटनाले निजी प्रतिष्ठानहरूमा कर्मचारीको सुरक्षा, सम्मान तथा कार्यस्थलको अवस्थाबारे गम्भीर प्रश्न उठाएको पार्टीको भनाइ रहेको छ। घटनापछि क्यासिनो परिसरमा कर्मचारीहरूले शान्तिपूर्ण विरोध प्रदर्शन गर्दै कथित लापरवाही तथा लामो समयदेखि रहेका कार्यस्थलसम्बन्धी समस्याहरू उजागर गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ। सिटिजन एक्शन पार्टी, सिक्किमले राज्य सरकार र प्रशासनसँग शीघ्र, पारदर्शी र निष्पक्ष छानबिनको माग गरेको छ। यसको साथै पीड़ित परिवारलाई आर्थिक तथा कानुनी सहयोग उपलब्ध गराउनपर्ने पनि थप माग गरेको छ।

यसरी नै सिक्कि डेमोक्रेटिक फ्रण्ट पार्टीले पनि घटनाप्रति दुःख व्यक्त गर्नुको साथै कड़ा निन्दा पनि गरेको छ। पार्टीले घटनाको स्वतन्त्र जाँचको माग गरेको छ।

### विद्यार्थीहरूसित मुख्यमन्त्री तामाङको अन्तर्क्रिया

# दोहोऱ्याए शिक्षा सहयोग जारी रहने प्रतिबद्धता



**गान्तोक, १४ फरवरी (निसं):** मुख्यमन्त्री प्रेमसिंह तामाङले आज सम्मान भवनमा सिक्किम मणिपाल इन्स्टिच्युट अफ मेडिकल साइन्सेस, सिक्किम मणिपाल विश्वविद्यालय तथा अन्य विश्वविद्यालयमा अध्ययनरत एमबीबीएस, बीडीएस, बीपीटी, एमपीटी, इञ्जिनियरिङ लगायत विभिन्न सङ्कायका विद्यार्थीहरूसँग अन्तर्क्रिया गरे। कार्यक्रममा वर्ष २०२१ ब्याचका पहिलो प्रोफेसनल कोर्स पूरा गर्ने चरणमा रहेका एमबीबीएएस विद्यार्थीहरूसहित २०२२-२५ ब्याचका विद्यार्थी र अभिभावकहरूको सहभागिता रहेको थियो। मुख्यमन्त्री तामाङले सामाजिक सञ्जालमा विद्यार्थीसँगको भेटघाट प्रेरणादायी रहेको उल्लेख गर्दै मुख्यमन्त्री शिक्षा सहायता योजना मार्फत योग्य तथा मेधावी विद्यार्थीलाई आर्थिक तथा नैतिक सहयोग प्रदान गरिएको जानकारी गराए। यस योजनाले युवा पुस्तालाई आत्मविश्वास, सम्मान र दृढताका साथ आफ्ना लक्ष्य प्राप्तिमा अघि बढ्न सहयोग पुगेको उनको भनाइ रहेको छ।

अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले सबै विद्यार्थीलाई भविष्यका सेवामूलक तथा मानवीय पेशागत यात्राका लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेका छन्। साथै कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार प्रकट गर्दै मणिपाल अस्पतालका डा. सन्दीप कश्यपको विशेष योगदानको प्रशंसा गरेका छन्। यसको साथै मुख्यमन्त्री तामाङले आर्थिक अभावका कारण गुणस्तरीय शिक्षा तथा व्यावसायिक उत्कृष्टतामा बाधा नपरोस् भन्ने सरकारको प्रतिबद्धता निरन्तर रहने स्पष्ट पारेका छन्।

# सीमावर्ती क्षेत्रमा सार्वजनिक सेवा सुधारलाई प्रमुखता दिँदैछौं : मन्त्री लेप्चा

**मंगन, १४ फरवरी (निसं):** मंगन जिल्लाको ठेङ्मा सीमा क्षेत्र विकास कार्यक्रमअन्तर्गत निर्माण गरिएको क्याफेटेरिया एवं शौचालयको उदघाटन गरियो। यस परियोजनाको उदघाटन लाचेन-मंगन निर्वाचन क्षेत्रका विधायक एवं सामाजिक कल्याण विभागीय मन्त्री साम्डुप लेप्चाले गरे।



उदघाटन कार्यक्रममा चुङथाङका पञ्चायत अध्यक्षलगायत अन्य प्रतिनिधिहरूको पनि उपस्थिति रहेको थियो। उदघाटन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्रीले दुर्गम तथा सीमावर्ती क्षेत्रमा आधारभूत पूर्वाधार सुदृढीकरणको आवश्यकतामाथि जोड दिए। पर्यटनमुखी राज्यको रूपमा सिक्किमले आगन्तुकहरूको सुरक्षा, सुविधा र सहजतामा विशेष ध्यान दिनुपर्ने बताउँदै क्याफेटेरिया र शौचालयजस्ता स्वच्छ तथा पहुँचयोग्य सार्वजनिक सुविधाहरूको निर्माण स्थानीय बासिन्दाको हितका साथै सुरक्षित, दिगो र जिम्मेवार पर्यटन प्रवर्द्धनका लागि अत्यन्त आवश्यक रहेको उल्लेख गरे। मन्त्रीले उक्त परियोजना सम्पन्न गर्न योगदान पुर्याअउने सबै विभाग, अधिकारी तथा सरोकारवालाहरूको प्रयासको प्रशंसा गरे। उक्त सुविधा स्थानीय समुदाय र सिक्किम भ्रमण गर्ने पर्यटक दुवैका लागि लाभदायक हुने विश्वास व्यक्त गर्दै यसले सरसफाइ, स्वच्छता तथा समग्र सार्वजनिक सुविधामा सुधार ल्याउने बताए। उनले निर्वाचन क्षेत्रमा सन्तुलित विकास, पूर्वाधार विस्तार तथा सार्वजनिक सेवासुविधा अभिवृद्धिप्रति आफ्नो प्रतिबद्धता पुनः दोहोऱ्याउँदै विशेषगरी दुर्गम तथा सीमावर्ती क्षेत्रहरूमा प्राथमिकता दिइने उल्लेख गरे।

# खिचेपेरीमा भूकम्प एवं पैह्रो जोखिम नियन्त्रणमाथि तालिम




**गेजिङ, १४ फरवरी (निसं):** खिचेपेरीमा बाढी नियन्त्रण तथा पैह्रो व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न भयो। जनस्वास्थ्य प्रतिष्ठानले मानवस्रोत विकास कार्यक्रमअन्तरगत एचडीएफसी ब्यांकको सहकार्यमा तालिम सनम्पन्न गरियो। ७२औं सशस्त्र सीमा बलसँगको समन्वयमा भएको हो। स्थानीय सरकारी वरिष्ठ माध्यमिक विद्यालयमा आयोजित तालिम कार्यक्रममा पञ्चायत सभापति सोनाम वाङ्दी भोटिया मुख्य अतिथि थिए। साथमा पञ्चायत प्रतिनिधिहरु सुनीता राई र भीममाया लिम्बूको उपस्थिति रहेको थियो। विद्यालयका प्रधानाध्यापक रुद्रमणि शर्मा, शिक्षक-शिक्षिका विद्यार्थी तथा स्थानीय बासिन्दाहरूको बाक्लो सहभागिता रहेको थियो।

कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थी तथा स्थानीय समुदायमा विपद् प्रबन्धनसम्बन्धी सचेतना अभिवृद्धि गर्नु र जीवनरक्षासम्बन्धी आधारभूत सीप प्रदान गर्नु रहेको थियो। तालिमका क्रममा पैह्रो, भूकम्प, बाढी तथा भीरबाट खस्ने जस्ता आकस्मिक घटनामा गरिने उद्धार कार्यबारे विस्तृत जानकारी दिइयो। साथै व्यक्तिगत सुरक्षाका उपाय, उद्धार विधि, प्राथमिक उपचार, मुटु-फोक्सो पुनर्जीवन प्रक्रिया अभ्यास तथा घाइतेलाई सुरक्षित रूपमा अस्पतालसम्म पुऱ्याउने तरिकाबारे व्यवहारिक प्रदर्शनसमेत गरिएको थियो। कार्यक्रममा पञ्चायत सभापति भोटियाले आफ्नो सम्बोधनमा प्राकृतिक आपदाको उच्च जोखिममा रहेको क्षेत्रका लागि यस्ता तालिम कार्यक्रम अत्यन्तै महत्वपूर्ण रहेको उल्लेख गरे। उनले समयमै तयारी सामुदायिक समन्वय र जीवनरक्षक सीपसम्बन्धी ज्ञानले विपद्का बेला हुने जनधनको क्षतिलाई न्यून गर्न ठूलो भूमिका खेल्ने बताए।

वर्षायाममा उच्च जोखिमयुक्त समयमा सबैलाई सजग, सक्रिय र सक्षम रहन आग्रह गरे। उनले जनस्वास्थ्य प्रतिष्ठान, एचडीएफसी ब्यांकको परिवर्तन पहल तथा सशस्त्र सीमा बलको संयुक्त प्रयासको प्रशंसा गर्दै यस्ता कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन हुनुपर्ने धारणा व्यक्त गर्दै स्थानीय तहमा विपद् व्यवस्थापन क्षमतामा थप सुदृढता ल्याउने विश्वास व्यक्त गरे। जनस्वास्थ्य प्रतिष्ठानका तर्फबाट सहायक कार्यक्रम प्रबन्धक समर दास र अङ्कित कुमारको उपस्थिति रहेको थियो। ७२औं वाहिनी सशस्त्र सीमा बलका निरीक्षक सुरेशचन्द र विपद् व्यवस्थापन टोलीले व्यवहारिक अभ्यास तथा प्रदर्शनमार्फत तालिमलाई प्रभावकारी बनाएका थिए।

### लोकभवन पुगे प्रदेश भाजपा अध्यक्ष थापा

# राजधानीको पेयजल सङ्कटमाथि गराए राज्यपालको ध्यानाकर्षण

**गान्तोक, १४ फरवरी (निसं):** भारतीय जनता पार्टी, सिक्किमले हाल राजधानी गान्तोकमा सिर्जना भएको पेयजल सङ्कटमाथि राज्यपाल ओम प्रकाश माथुरको ध्यानाकर्षण गराएको छ। प्रदेश अध्यक्ष डीआर थापाले आज लोकभवनमा राज्यपाललाई भेटेर यस गम्भीर विषयबारे अवगत गराएका हुन्। भेटवार्ताको क्रममा पूर्व विधायक थापाले विशेष गरी राजधानी गान्तोकमा देखिएको गम्भीर खानेपानी समस्याबारे राज्यपालको ध्यानाकर्षण गराए। उनले अप्रेल-मई महिनाको



पर्यटकीय सिजनमा पानीको माग दिनहुँ बढ्दै जाने भएकाले स्थानीय बासिन्दा तथा पर्यटकको आवश्यकतापूर्ति चुनौतीपूर्ण बन्न सक्ने बताए। यस समस्याको दीर्घकालीन समाधानका लागि थापाले राज्य सरकारको सम्बन्धित विभाग तथा केन्द्र सरकारको मन्त्रालयसँग समन्वय गरी आवश्यक पहल गर्न राज्यपालसँग आग्रह गरेका छन्।

राज्यपाल ओम प्रकाश माथुरले यस गम्भीर समस्याप्रति गहिरो चासो व्यक्त गर्दै पानी सङ्कट समाधानका लागि सक्रिय पहल गर्ने र गान्तोकका नागरिकलाई दिगो समाधान दिलाउने प्रतिबद्धता व्यक्त गरेको सिक्किम प्रदेश भाजप-को भनाइ रहेको छ।

## मन्त्री ढुङ्गेलको अगुवाईमा तादोङ क्षेत्रको सफाई अभियान

**गान्तोक, १४ फरवरी (निसं):** अप्पर तादोङ ग्रीन स्कवायडको पहलमा आज सफाई कार्यक्रम आयोजना गरियो। क्षेत्र विधायक एवं स्वास्थ्य विभागीय मन्त्री जीटी ढुङ्गेलको नेतृत्वमा स्थानीय पानीहाउस शिव मन्दिरदेखि सफाई अभियान शुरू भएको थियो। पत्रकारहरूसँग कुराकानी गर्दै मन्त्री ढुङ्गेलले सरकारको क्लिन सिक्किम ग्रीन सिक्किम नारालाई आत्मसाथ गर्दै सफाई अभियान शुरू गरेको बताए। यस अभियानअन्तर्गत नालीहरूको सफाई गरिने जानकारी गराए। सिक्किम एक हरियाली राज्य भएको कारण अझ हरियाली बनाउन तादोङ निर्वाचन क्षेत्रले पहल शुरू गरेको बताउँदै गतवर्ष मात्र राष्ट्रिय राजमार्गको किनारमा विभिन्न प्रजातिको फूलहरु रोप्ने कार्य भएको बताए। उनले थप जानकारी गराएअनुसार सफाई अभियानले राष्ट्रिय राजमार्ग मात्र स्वच्छ र सफा नदेखेर यसले सिक्किमलाई नै स्वच्छ राज्यको रुपमा चिनाउने उल्लेख गरे। राज्यको सफाई गर्न आममानिसहरूको पनि कर्तव्य रहने बताउँदै तादोङ निर्वाचन क्षेत्रका एसकेएम पार्टीका कार्यकर्ताहरूले पनि सहभागिता जनाएको बताए।

## मन्त्री लेप्चाले गरे राङदाङ पैह्रो प्रभावित क्षेत्रको निरीक्षण

मंगन, १४ फरवरी (निसं): लाचेन-मंगन निर्वाचन क्षेत्रका विधायक एवं सामाजिक कल्याण विभागीय मन्त्री साम्डुप लेप्चाले आज सिङगिक सेङतान ग्राम पञ्चायत यूनिटअन्तर्गत लिङदिङ राङदाङमा पैह्रो प्रभावित क्षेत्रको भ्रमण गरे। भ्रमणको क्रममा जिल्ला पञ्चायतलगायत अन्य अधिकारीहरूको उपस्थिति रहेको थियो। भ्रमणका क्रममा मन्त्री लेप्चाले स्थानीय बासिन्दाहरूसँग अन्तर्क्रिया गर्दै पैह्रोका कारण भएको क्षतिबारे उनीहरूको गुनासो तथा समस्याहरू सुने। यसबीच उनले सम्बन्धित अधिकारीहरू र स्थानीय प्रतिनिधिहरूलाई प्रभावित अवस्थाबारे तत्काल आवश्यक पहल गर्नुपर्ने निर्देश गरे। मन्त्री लेप्चाले सरकारको तर्फबाट पूर्ण सहयोग तथा आवश्यक सहायता प्रदान गर्ने आश्वासन दिए। उनले प्रभावित नागरिकहरूको सुरक्षालाई प्राथमिकता दिँदै यथाशीघ्र आवश्यक पहल गरिने आश्वासन दिए।

## अड़कलबाजी दुई...

साकेत राज्यसभामा गएका थिए। जहर सरकारको स्थानमा २०२४ को दिसम्बरमा ऋतव्रत राज्यसभा गएका हुन्। राज्यसभामा दुवैको प्रदर्शन राम्रो छ। दुवैलाई फेरि राज्यसभा पठाइए त्यसमा अचम्म मान्नुपर्ने कुनै कारण हुनेछैन। यद्यपि यसबारे अन्तिम निर्णय ममता ब्यानर्जी र अभिषेक ब्यानर्जीले नै लिनेछन्। भाजपाबाट एउटा आसनमा कसलाई उम्मेद्वार बनाउने भन्ने विषयमा पनि पार्टीभित्र चर्चा जारी छ। पश्चिम बङ्गालबाट अहिले राज्यसभामा शमिक भट्टाचार्य र नगेन्द्र राय (अनन्त महाराज) छन्।

भाजपाभित्र अहिले विभिन्न नाम चर्चामा छन्- अभिनेता मिथुन चक्रवर्ती, राज्यका पूर्व भाजपा अध्यक्ष राहुल सिन्हा। बालुरघाटका विधायक तथा अर्थशास्त्री अशोक लाहिरीको नाम पनि चर्चामा छ। भाजपाका एकजना वरिष्ठ नेताले भनेअनुसार, यसबाहेक कुनै प्रभावशाली नेतालाई राज्यसभामा पठाइयो भने त्यसमा पनि आश्चर्य हुनपर्ने कुनै कुरा छैन।

## युवासाथीको आजदेखि...

१० बजीदेखि बेलुकी ५ बजीसम्म यी शिविरहरू सञ्चालन हुनेछन्। बीडीओ कार्यालय, नगरपालिका कार्यालय तथा जहाँ सर्वसाधारणको आवतजावत धेर हुन्छ, त्यही द्वारे सरकारको ढाँचामा यी शिविरहरू सञ्चालन हुनेछन्।

प्रत्येक शिविरमा चार महत्त्वपूर्ण विभाग, युवा कल्याण, कृषि, विद्युत तथा महिला एवम् बाल कल्याणका अधिकारीहरू उपस्थित रहनेछन्। यी शिविरमार्फत मुख्य रूपमा युवासाथी परियोजनाका आवेदक, लक्ष्मी भण्डारका लाभार्थी, भूमिहीन खेत मजदुर तथा सामान्य किसानहरूले सरकारी सुविधाको लागि आवेदन गर्न सक्नेछन्। आवेदकहरूले आधार कार्ड, जातीय प्रमाणपत्र, ब्याङ्क पासबुकको पहिलो पृष्ठको फोटोकपी, माध्यमिक अथवा समतुल्य परीक्षाको एडमिट कार्ट अथवा प्रमाणपत्र अनि दुइ प्रति पासपोर्ट साइज फोटो साथमा ल्याउनु पर्नेछ। प्रशासनिक निर्देशअनुसार कागजातहरू सही रूपमा जाँच गरेपछि मात्र स्वीकार गरी निर्धारित पोर्टलमा अपलोड गर्नु पर्नेछ।

प्रशासनले थप जानकारी दिँदै १ अप्रेलदेखि युवसाथी परियोजनासँगै भूमिहीन खेत मजदुर तथा किसानहरूका लागि सिँचाइ पानीको निर्धारण गरिएको जलकर पूर्ण रूपमा माफी गरिने जनाएको छ। सुरक्षाको दृष्टिले प्रत्येक शिविरमा स्थानीय पुलिस थानाको सहयोग लिन भनिएको छ र अधिकारीहरूलाई निर्धारित समयभन्दा अगाड़ि नै उपस्थित हुन मुख्य सचिवले निर्देश दिएकी छन्। युवासाथी योजनाअन्तर्गत आगामी अप्रेल महीनादेखि २१-देखि ४१ वर्षसम्मका बेरोजगार युवक-युवतीहरूलाई राज्य सरकारले मासिक १५०० रुपियाँ आर्थिक सहायता प्रदान गर्नेछ। यसपालि राज्यको अन्तरिम बजटमा यो योजनाको घोषणा गरिएको थियो। लक्ष्मीको भण्डार योजनाको पनि मासिक भत्ता १००० बाट बढ़ाएर १५०० रुपियाँ गरिएको। खेत-मजदुरहरूलाई आर्थिक सहायता योजनाअन्तर्गत भूमिहीन कृषि मजदुरहरूले वर्षमा दुईपल्ट २,००० रुपियाँको दरले आर्थिक सहायता प्राप्त गर्नेछन्।

## खेलमन्त्री बस्नेतद्वारा शारीरिक फिटनेसमा सामुदायिक जागरुकताको अपील

**गान्तोक, १४ फरवरी (निसं):** बुर्तुक निर्वाचन क्षेत्रअन्तर्गत रेशीथाङ खेलगाउँमा आज हाफ म्याराथन प्रतियोगिता आयोजन गरियो। यस अवसरमा मुख्य अतिथिकारूपमा रहेका राज्य सरकारका शिक्षा, खेलकुद तथा युवा मामिला तथा कानून विभागीय मन्त्री राजु बस्नेतले जीवनमा खेतको महत्वबारे प्रकास पारे।

यसबीच सिक्किम विधानसभाकी उपाध्यक्ष राजकुमारी थापा, विधायक आदित्य गोले, विधायक पामिन लेप्चालगायत अन्य अधिकारीहरू पनि सामेल थिए। मन्त्री बस्नेतले हाफ म्याराथनको उद्घाटन गर्दै प्रतियोगितामा सहभागिता जनाउने सहभागीहरुलाई खेलप्रति सधैँ जागरुक बन्ने अपील गरे। विभिन्न उमेर समूह र विभिन्न क्षेत्रबाट आएका धावकहरूको उत्साहजनक सहभागिताले फिटनेस र सामुदायिक सहभागिताको सशक्त भावना झल्काएको बताए। रांका स्पोर्टिङ क्लबद्वारा आयोजित उक्त म्याराथनको उद्देश्य युवाहरूमा शारीरिक तन्दुरुस्ती, मानसिक स्वास्थ्य र सकारात्मक जीवन मूल्यमान्यताहरू प्रवर्द्धन गर्नु थियो। कार्यक्रमलाई सम्बोधन गर्दै क्षेत्र विधायक कला राईले युवाहरुले प्रदर्शन गरेको एकता, अनुशासन र उत्साहको प्रशंसा गर्दै बुर्तुक हाफ म्याराथनको पहिलो संस्करण सफलतापूर्वक सम्पन्न भएकोमा खुशी व्यक्त गरिन्।




| | |
|---|---|
| मेष: | समयलाई आफ्नो अनुरूप बनाउनु सक्नु भए काममा सफल हुनुहुनेछ। तपाईंको अधिनमा सहकर्मीहरूले राम्रो काम गर्ने छन्। |
| वृष: | सोच ठीक राखेर कार्य गर्नु पर्नेछ। कुनैपनि काम हल्ला नगरि गोप्य ढङ्गमा गर्नु उचित हुनेछ। |
| मिथुन: | सबैले तपाईंको मान राख्ने छन्। आर्थिक प्रगतिले मन ढुक्क हुनेछ। |
| कर्कट: | लामो समयदेखि छुट्टिएको साथीसित पुनः भेट हुनेछ। नयाँ रोजगारको साटोमा पुरानै ठाउँमा बस्नु राम्रो होला। |
| सिंह: | जिम्मेवारीले तपाईंको विकास गराउनेछ। तनावबाट मुक्त हुनु हुनेछ। यात्रामा रमाउनु पर्ने समयको आगमन भएको छ। |
| कन्या: | धेरै दिनदेखि मन चञ्चल बनेको छ। कसैको भनाईमा लाग्नु आफ्नै क्षति निम्ताउनु हो। |
| तुला: | मन दुखाउने कार्य गरे आफै एकदिन दुखित बन्नु पर्नेछ। आर्थिक र सामाजिक रूपले बलियो बन्न स-सानो चेष्टा गरिरहनु पर्नेछ। |
| वृश्चिक: | नयाँ रोजगारको अफर आउन सक्छ। सोच विचार गरेर मात्र पाइला अघि बढ़ाउनु उचित हुनेछ। |
| धनु: | घर परिवारमा नयाँ कामको थाल्नी हुनेछ। स्वास्थ्यमा फेरि समस्या देखिए तत्कालै चिकित्सकलाई देखाउनु होस्। |
| मकर: | जसले परिश्रम गर्छ उसले मह चाख्न पाउनेछ। तपाईंको राम्रो दिन आइरहेको छ। |
| कुम्भ: | अध्यात्मले तपाईंलाई शान्ति दिनेछ। रूपियाँ पैसाको लेनदेनले सबैसित सम्बन्ध खराब हुने सम्भावना रहेको छ। |
| मीन: | उच्च अधिकारीवर्गको छेउ हुने प्रयासले धेरै कुरो गुमाउनु पर्नेछ। जोड़ गरेर कसैलाई निर्णय थोप्नु उचित नहोला। पानी सक्दो पिउने गर्नुहोस्। |

# भारत माता की जयबाट संविधान शुरु हुँदैन : ओवैसी


**नयाँ दिल्ली, १४ फरवरीः** तेलंगानामा भएको नगरपालिका चुनाउ र त्यसपछिको परिणामले राज्यभरको राजनीतिक वातावरणलाई तातो बनाएको छ। यसैबीच, एआईएमआईएम प्रमुख तथा सांसद असदुद्दीन ओवैसीले संसद, हिजाब र वन्दे मातरम लगायत धेरै मुद्दाहरूमा खुलेर आफ्नो विचार व्यक्त गरे। ओवैसीले यो वफादारीको परीक्षा हुनुहुँदैन भने। उनले भने,भारतीय संविधान भारत माता की जय बाट होइन, हामी जनता बाट शुरु हुन्छ।

ओवैसीले भने,संविधानको धारा २५ ले प्रत्येक नागरिकलाई धर्म स्वतन्त्रताको मौलिक अधिकार प्रदान गर्दछ। त्यसैले, कसैको देशभक्तिलाई नारासँग जोड्नु ठीक होइन। उनले प्रश्न गरे कि के राष्ट्रिय गीत खारेज गर्ने प्रयास भइरहेको छ।

ओवैसीले भने,उनलाई आफ्नो वफादारीको कुनै प्रमाणपत्र प्रदान गर्न आवश्यक छैन। उनले जोड दिए कि प्रत्येक नागरिकलाई आफ्नो धर्म र विश्वास अनुसार बाँच्ने स्वतन्त्रता छ, र यो संविधानको भावना हो।उनले तेलंगाना चुनाउको सम्बन्धमा भाजपाको कडा आलोचना गरे। ओवैसीले भने,तेलंगाना नगरपालिका चुनाउको क्रममा, भाजपा नेताहरूले प्रत्येक पाँच मिनेटमा तीन पटक उनको नाम प्रयोग गरे,जसले उनलाई मन पराउने संकेत गर्दछ। उनले आरएसएस प्रमुख मोहन भागवतले वीर सावरकरलाई भारत रत्न प्रदान गर्ने माग गरेको कुराको पनि जवाफ दिए। ओवैसीले भने, यदि उनीहरूले चाहे भने, उनीहरूले नाथुराम गोडसेलाई पनि भारत रत्न प्रदान गर्न सक्छन्।

ओवैसीले भने,उनको पार्टीले तेलंगानामा संरचनात्मक विपक्षीको भूमिका खेलिरहेको छ,जबकि संसद सञ्चालन नभएको बेला मात्र सरकारले फाइदा उठाउँछ। उनले यो पनि भने,विपक्षीले प्रस्तुत गरेको दस्तावेज सार्वजनिक दस्तावेज हो र सरकारले यसलाई अस्वीकार गरिरहेको छैन।मिडियासँगको अन्तर्वार्तामा ओवैसीले हिजाबको बारेमा आफ्नो अडान पनि स्पष्ट पारे। उनले भने, म देशमा विविधता र समावेशीताको प्रवर्द्धन गर्दैछु, र मेरो सपना यो छ कि हिजाब लगाउने महिला भारतको प्रधानमन्त्री बनोस्।

ओवैसीले उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको कयामत कहिल्यै आउने छैन र बाबरी मस्जिद कहिल्यै पुनर्निर्माण हुनेछैन भनी गरेको भनाइको पनि जवाफ दिए। उनले भने,कम्तिमा उनले उर्दू शब्द प्रयोग गरे, जबकि हिन्दीमा त्यस्तो कुनै शब्द छैन।ओवैसीले बाबरी मस्जिदको बारेमा सर्वोच्च अदालतको निर्णयमा पनि प्रतिक्रिया दिए। उनले भने, म अझै पनि सर्वोच्च अदालतको निर्णय गलत थियो भन्ने विश्वास गर्छु। आसामका मुख्यमन्त्री हिमन्त विस्वा सरमाको भिडियोको बारेमा उनले भने,भिडियोले जातीय भेदभाव र हिंसालाई उक्साएको छ। उनले प्रश्न गरे कि यदि ओवैसीले भिडियो बनाएको भए के हुन्थ्यो।



शनिवार असमको लाचित घाट (गुवाहाटी) मा विभिन्न परियोजनाहरूको उद्घाटन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदी।

# किसानको हित पूर्ण रूपमा सुरक्षित : पीयूष गोयल



**नयाँ दिल्ली, १४ फरवरीः** केन्द्रीय मन्त्री पियुष गोयलले कंग्रेस नेता राहुल गान्धीमाथि प्रहार गरे। उनले भने,राहुल गान्धीले फेरि एकपटक व्यवस्थित रूपमा पूर्ण रूपमा बनावटी र झूटा कथा रचेका छन्।गोयलले भने,राहुल गान्धीले किसान नेता भएको नाटक गर्ने केही कंग्रेस कार्यकर्ताहरूको इशारामा काम गरिरहेका छन्, जबकि यो पूर्ण रूपमा बनावटी र आधारहीन कुराकानी हो। अब म राहुल गान्धीको झूटा दाबीहरूको पछाडिको सत्यता उजागर गर्नेछु र उनी र उनका साथीहरूलाई पर्दाफास गर्नेछु जसले हाम्रा निर्दोष, मेहनती किसानहरूलाई भ्रमित गरिरहेका छन्। मन्त्रीले थप भने, भारत-अमेरिका व्यापार सम्झौतामा मोदी सरकारले किसानहरूको हितको पूर्ण रूपमा रक्षा गरेको छ। जब म भन्छु कि पूर्ण सुरक्षा प्रदान गरिएको छ, म यसलाई रेकर्डमा र पूर्ण जिम्मेवारीका साथ भन्छु।


उनले भने, हामीले सबै किसानहरूको हितको रक्षा गरेका छौं, र यो एउटा सम्झौता हो जसले हाम्रा किसानहरू, माझीहरू, मेहनती युवाहरू, एमएसएमईहरू र स्टार्टअपहरूलाई फाइदा पुर्‍याउनेछ। राहुल गान्धी, आज तपाईं नाटक गर्ने व्यक्ति र झूटा, आधारहीन आरोपहरू र बनावटी कथाहरूको निरन्तर प्रसारकको रूपमा पूर्ण रूपमा उदाङ्गो भएको छ।कंग्रेस नेता राहुल गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदीमाथि भारतका किसानहरूलाई धोका दिएको आरोप लगाए। उनले भने, भारत र अमेरिका बीचको अन्तरिम व्यापार सम्झौता किसानहरूको जीविकोपार्जनको लागि प्रत्यक्ष खतरा हो।रायबरेलीका सांसदले लेखे, नरेन्द्र आत्मसमर्पण मोदीले भारतका किसानहरूलाई धोका दिएका छन्, र उनीहरूले यो बुझेका छन्। यो केवल व्यापार सम्झौता मात्र होइन। यो हाम्रा खाद्य प्रदायकहरूको जीविकोपार्जनमाथि प्रत्यक्ष आक्रमण हो।

कंग्रेस नेताले संसदमा किसान संगठनका प्रतिनिधिहरूसँगको बैठकमा यो चिन्ता स्पष्ट रूपमा स्पष्ट भएको बताए। उनले लेखे, आज संसदमा किसान संगठनका प्रतिनिधिहरूसँगको बैठकमा उनीहरूको चिन्ता स्पष्ट भएको थियो। मुद्रास्फीति, बढ्दो लागत र एमएसपीमा अनिश्चिततासँग संघर्ष गरिरहेका किसानहरू अब ठूलो अनुदान र यान्त्रिक शक्तिको साथ आउने विदेशी बालीहरूको सामना गर्न तयार छैनन्।

# डिब्रुगढ़मा आपातकालीन अवतरण सुविधाको उद्घाटन

**डिब्रूगढ़, १४ फरवरीः** प्रधानमन्त्री नरेन्द्र मोदी आसाम आइपुगेका छन्। उत्तरपूर्वी भारतको विकासलाई तीव्र बनाउन उनको भ्रमण महत्वपूर्ण मानिन्छ। प्रधानमन्त्री मोदी बिहान १०:३० बजेतिर डिब्रुगढको मोरान बाइपासमा रहेको आपतकालीन अवतरण सुविधामा अवतरण गरे। यो उत्तरपूर्वी भारतको पहिलो आपतकालीन अवतरण सुविधा हो। यहाँ, उनले सुखोई, राफेल र तेजस जस्ता लडाकु विमानहरू, साथै यातायात विमान र हेलिकप्टरहरूको हवाई प्रदर्शन हेरे।

भारतीय वायुसेनासँग समन्वयमा विकसित, यो ईएलएफ आपतकालीन अवस्थामा सैन्य र नागरिक विमानहरू अवतरण र उडान गर्न सक्षम छ। प्राकृतिक प्रकोप वा रणनीतिक आवश्यकताहरूको समयमा राहत र उद्धार कार्यको लागि यो महत्त्वपूर्ण हुनेछ। यो संरचनाले ४० टनसम्मको लडाकु विमान र ७४ टनसम्मको अधिकतम टेकअफ तौल भएका ढुवानी विमानहरू ह्याण्डल गर्न सक्छ। पूर्वोत्तरमा राष्ट्रिय राजमार्गमा पहिलो विमान अवतरण पट्टी निर्माण गरिनेछ। एक



अधिकारीका अनुसार, प्रधानमन्त्री मोदी नयाँ दिल्लीबाट आसामको चाबुआ वायुसेना बेसको लागि उडान गरे। त्यहाँबाट, उनी मोरान ईएलएफमा अवतरण गरे। त्यसपछि प्रधानमन्त्री मोदीले लगभग १६ वटा भारतीय वायुसेना विमानद्वारा गरिएको एयर शो हेरे।

यो नयाँ ४.२ किलोमिटर लामो सुविधाले राष्ट्रिय आपतकालीन र मानवीय कार्यहरूमा सैन्य विमान, हेलिकप्टर र यातायात विमानहरूको लागि आपतकालीन अवतरण र उडान गर्न सक्षम वैकल्पिक धावनमार्गको रूपमा काम गर्नेछ।चीनको सीमा मोरानबाट लगभग ३०० किलोमिटर टाढा छ र म्यानमारको सीमा २०० किलोमिटर टाढा छ। एक अधिकारीका अनुसार, ईएलएफ रणनीतिक रूपमा महत्त्वपूर्ण स्थानमा अवस्थित छ। विमान अवतरण र उडान हेर्न ठूलो भीड जम्मा भएको थियो।मोरानका रञ्जन गोगोईले भने, चार लेनको राजमार्गको निर्माणले सजिलो यातायातलाई सहज बनाउनेछ। हामी लडाकु विमानहरू अवतरण गरेको देखेर गर्व गर्छौं। यो हवाई पट्टी देशका अन्य एक्सप्रेसवेहरूको लाइनमा बनाइएको छ, जहाँ यातायात विमान र लडाकु विमान दुवै अवतरण गर्न सक्छन्। नोभेम्बर २०२१ मा, प्रधानमन्त्री मोदीले उत्तर प्रदेशको सुल्तानपुर नजिकै पूर्वांचल एक्सप्रेसवेमा निर्मित हवाई पट्टीको उद्घाटन गरे।

# अविमुक्तेश्वरानन्द विवादमा मुख्यमन्त्री योगी आदित्यनाथको टिप्पणी

**यूपी, १४ फरवरीः** उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले शंकराचार्य अविमुक्तेश्वरानन्द वरपरको विवादमा पहिलो पटक विधानसभामा लामो भाषण दिए। सदनमा बोल्दै उनले परम्परा, शिष्टाचार र कानून व्यवस्थाको बारेमा स्पष्ट सन्देश दिए।मुख्यमन्त्री योगी आदित्यनाथले भने, आदि जगद्गुरु शंकराचार्यले यसलाई अनिवार्य बनाएका छन्।

पीठ (आसन) को लागि योग्य उम्मेदवारको मन्त्र र टिप्पणी, थेसिस, विद्वत परिषदद्वारा अनुमोदित हुन्छ। यसपछि अभिषेक गरिन्छ, र त्यसपछि त्यो परम्पराद्वारा मान्यता प्राप्त हुन्छ। सबैजना शंकराचार्य बन्न सक्दैनन्। सबैजना प्रत्येक पीठको आचार्यको रूपमा घुम्न र वातावरण बिगार्न



सक्दैनन्। सबैले ती शिष्टाचारहरूको पालना गर्नुपर्छ।

विपक्षीलाई निशाना बनाउँदै मुख्यमन्त्रीले भने, यदि उहाँ शंकराचार्य हुनुहुन्थ्यो भने, वाराणसीमा किन उहाँमाथि लाठीचार्ज गर्नुभयो ? तपाईंले किन एफआईआर दर्ता गर्नुभयो ? तपाईं नैतिकताको कुरा गर्नुहुन्छ !मुख्यमन्त्रीले भने, जहाँ ४.५ करोड भक्तहरू भेला भएका छन्, त्यहाँबाट निकास द्वार त्यो हो जहाँ भक्तहरू स्नान गरेर बाहिर निस्कन्छन्। कसैलाई पनि त्यो गेट, त्यो पोन्टुन, त्यो बाटोबाट प्रवेश गर्न दिनु हुँदैन। किनभने यदि कसैले त्यहाँबाट प्रवेश गर्ने प्रयास गर्‍यो भने, यसले नयाँ भागदौड निम्त्याउँछ।

तिनीहरूले भक्तहरूको जीवनलाई खतरामा पार्छन्।उनले कडा स्वरमा भने, एक जिम्मेवार र सम्मानित व्यक्तिले कहिल्यै यस्तो व्यवहार गर्न सक्दैन। कहिल्यै सक्दैन। यदि तपाईं सोध्न चाहनुहुन्छ भने, सभामा रहेका मानिसहरूले सोध्न सक्छन्। तर हामी सम्मानित मानिसहरू हौं। हामी कानूनको शासनमा विश्वास गर्छौं। हामीलाई कानूनको शासन कसरी पालना गर्ने र यसलाई कसरी लागू गर्ने भनेर पनि थाहा छ। हामीलाई दुबै कुरा एकैसाथ लागू गर्ने थाहा छ, तर यसको नाममा मानिसहरूलाई भ्रमित गर्ने काम बन्द गर्नुहोस्।सदनमा यो भनाइ पछि, शंकराचार्य विवादलाई घेरेर राजनीति अझ तातो हुने संकेतहरू छन्।

# भारत चीन सम्बन्धमा सीडीएसको बयान

**नयाँ दिल्ली, १४ फरवरीः** भारतका रक्षा प्रमुख जनरल अनिल चौहानले भारत-चीन सम्बन्धको बारेमा एक बयान दिए। उनले देशका प्रथम प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरू किन चीनसँग १९५४ को पञ्चशील सम्झौता चाहन्थे भन्ने कुरा व्याख्या गरे, जसमा भारतले तिब्बतलाई चीनको भागको रूपमा मान्यता दिनु समावेश थियो।सीडीएस अनिल चौहानले भने,भारतको स्वतन्त्रता पछि, ब्रिटिशहरू गए, र सीमा कहाँ छ भनेर निर्णय गर्ने भारतको हातमा थियो। जनरल चौहानले भने, नेहरूलाई शायद थाहा थियो कि विगतमा म्याकमोहन रेखाको रूपमा हाम्रो केही दाबीहरू थिए र लद्दाख क्षेत्रमा पनि हाम्रो केही दाबीहरू थिए, तर यहाँ होइन। त्यसैले शायद उनी पञ्चशील सम्झौतासँग अगाडि बढ्न चाहन्थे।चिनियाँहरूले तिब्बतलाई लगभग मुक्त गरे, तिनीहरू ल्हासामा प्रवेश गरे। तिनीहरू सिनजियाङमा प्रवेश गरे। यो विशेष क्षेत्र दुवै तर्फ अत्यन्तै भयावहन थियो।जनरल चौहानले भने, त्यसैले, यस क्षेत्रलाई कुनै न कुनै रूपमा प्राथमिकता दिइएको थियो। उनीहरू सम्भवतः यस विशेष क्षेत्रमा स्थिरता चाहन्थे। स्वतन्त्र भारत चीनसँग राम्रो सम्बन्ध निर्माण गर्न उत्सुक थियो। १९५४ मा भारतले तिब्बतलाई चीनको भागको रूपमा मान्यता दियो। दुवै देशले पञ्चशील सम्झौतामा हस्ताक्षर गरे।सीडीएस चौहानले भने, यससँगै, भारतले आफ्नो सीमा, उत्तरी सिमाना, एक मात्र क्षेत्र जुन हामीले औपचारिक सन्धि मार्फत समाधान गर्न सकेका थिएनौं, समाधान गरिसकेको ठाने।सीडीएस देहरादुनको लोक भवनमा आयोजित भारत हिमालय रणनीति मञ्चमा भाषण दिँदै थिए, जहाँ उनले सीमा, सिमाना र मध्य क्षेत्रको ऐतिहासिक जडानमा ध्यान केन्द्रित गरे। जनरल चौहानले सीमा र सिमाना बीचको भिन्नता स्पष्ट पार्दै भने,सीमाहरू देशहरू बीचको राजनीतिक र कानुनी सीमाहरू स्पष्ट रूपमा परिभाषित भए पनि, सीमाहरू असहज छन्, सभ्यताहरू बीचको चलन-परम्परागत क्षेत्रहरू छन्।उनले भने, सिमानाहरू विशेष नक्सामा र जमिनमा पनि रेखाद्वारा छुट्याइन्छ, जबकि सिमाना भनेको एउटा क्षेत्र हो जुन प्रकृतिमा फराकिलो र व्यापक हुन्छ। सिमाना भनेको दुई राष्ट्र-राज्यहरूलाई छुटयाउने अवधारणा हो, जबकि सिमाना दुई सभ्यताहरू बीचको मिलन बिन्दु हो। सिमानाहरूले राष्ट्रको राजनीतिक र कानुनी सीमा परिभाषित गर्दछ।जनरल चौहानले भने, उत्तराखण्ड एक सीमावर्ती राज्य हो। कहिलेकाहीं हामी यो पक्ष बिर्सन्छौं किनभने यहाँको सिमाना लद्दाख, सिक्किम वा अरुणाचल प्रदेशको तुलनामा बढी शान्तिपूर्ण छ। तर मलाई लाग्छ हामीमध्ये धेरैले बिर्सन्छौं कि हामी र चीन बीचको प्रारम्भिक सीमा विवादको जरा यहाँ थियो। यो पञ्चशील सम्झौतामा हस्ताक्षर हुनुभन्दा पहिले र तुरुन्तै पछि थियो। त्यसैले, यो सिमाना अन्य कुनै पनि सीमा जत्तिकै महत्त्वपूर्ण छ।



शनिवार नयाँ दिल्लीको विज्ञान भवनमा बाल विकास मन्त्रालयद्वारा आयोजित महिला सुरक्षा सम्बन्धी राष्ट्रिय सम्मेलन (शी-बक्स) मा दीप प्रज्वलन गर्दै केन्द्रीय बाल विकास मन्त्री अन्नपूर्णा देवी।

# भारत, जापान र इण्डोनेसियाका नौसेनाहरूको संयुक्त अभ्यास

**नयाँ दिल्ली, १४ फरवरीः** भारत, जापान र इण्डोनेसियाका नौसेनाहरूले अण्डमान सागरमा त्रिपक्षीय अभ्यास गरे। यस अभ्यासको उद्देश्य तीन नौसेनाहरू बीचको संयुक्त तयारी, परिचालन क्षमता र सहयोग बढाउनु थियो। भारतीय नौसेनाका प्रवक्ताले सामाजिक सञ्जाल प्लेटफर्म द मा एक पोस्टमा यो घोषणा गरे। उनले भने, यो अभ्यासले सुरक्षित, स्थिर र बलियो समुद्री क्षेत्र कायम राख्न मद्दत गर्नेछ।यसअघि,भारतीय नौसेनालाई संयुक्त समुद्री सेना अन्तर्गत सञ्चालन हुने बहु-राष्ट्रिय प्रशिक्षण कार्यदल, संयुक्त कार्यदल १५४ को कमाण्ड ग्रहण गरिएको थियो। कमाण्ड परिवर्तन समारोह बहराइनको मनामामा भएको थियो, जसमा सीएमएफ कमाण्डर भीएडीएम कर्ट ए. रेनशा र अन्य वरिष्ठ सैन्य अधिकारीहरूको उपस्थिति थियो।भारतीय नौसेनाका कमोडोर मिलिंद मोकाशी, शौर्य चक्रले औपचारिक रूपमा इटालियन नौसेनाका पूर्व कमाण्डरबाट सीटीएफ १५४ को कमान्ड ग्रहण गरे। सीटीएफ १५४ को प्राथमिक उद्देश्य सदस्य देशहरूको लागि प्रशिक्षण र क्षमता निर्माण हो। यो कार्यदलले अवैध तस्करी, डकैती र असामान्य बसाइँसराइ जस्ता सामान्य समुद्री चुनौतीहरूलाई सम्बोधन गर्न प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्दछ।यो उल्लेखनीय छ कि सीटीएफ१५४ ले सीटीएफ१५० (समुद्री सुरक्षा), सीटीएफ १५१ (समुद्री चोरी विरोधी), सीटीएफ१५२ (अरब सागरमा सुरक्षा), र सीटीएफ१५३ (लाल सागरमा सुरक्षा) जस्ता अन्य सीएमएफ कार्यदलहरूसँग मिलेर काम गर्दछ। यस बलको सञ्चालनले भारतको व्यावसायिक क्षमता, अनुभव र सुरक्षा सहयोगमा विश्वासलाई अझ बलियो बनाएको छ।

# असम भ्रमणमा कंग्रेसको आक्रमण

**नयाँ दिल्ली, १४ फरवरीः** पीएम मोदीको आसाम भ्रमणलाई लिएर कंग्रेस पार्टीले कडा आक्रमण गरेको छ। कंग्रेस नेता पवन खेडाले सामाजिक सञ्जाल प्लेटफर्म 'द' मा पोस्ट गर्दै हिंसाग्रस्त मणिपुरको भ्रमण गर्न माग गरेका छन्। उनको पोस्टले राजनीतिक वातावरणलाई तातो बनाएको छ। आफ्नो पोस्टमा पवन खेडाले लेखेका छन् कि चुनाउ हुने राज्यहरू सरकारको सर्वोच्च प्राथमिकता बन्छन्, तर मणिपुरलाई बेवास्ता गर्नु हुँदैन। उनले भने,मणिपुरले २०२३ देखि हिंसा भोगिरहेको छ, र स्थिति अझै पूर्ण रूपमा सामान्यमा फर्किएको छैन। उनले यो पनि लेखे कि प्रधानमन्त्री हाल आसाममा छन्, र मणिपुर त्यहाँबाट धेरै टाढा छैन। त्यसैले, उनले त्यहाँका मानिसहरूलाई भेटेर उनीहरूसँग भेट्नुपर्छ। उनको विश्वास छ कि प्रधानमन्त्रीको उपस्थितिले मणिपुरका मानिसहरूलाई आश्वासन दिन सक्छ। कंग्रेस नेताले आफ्नो पोस्टसँग गुवाहाटीबाट इम्फालको उडान टिकटको फोटो साझा गर्नुभयो। उनले लेखे कि टिकट प्रधानमन्त्रीको सुविधाको लागि बुक गरिएको हो, र उनी केवल विमान चढ्न आवश्यक छ। उनले आफूसँग प्रधानमन्त्रीको नम्बर नभएको पनि बताए, त्यसैले उनले सामाजिक सञ्जालमा टिकट शेयर गरिरहेका थिए। केन्द्र सरकारको 'पीएम केयर्स' कोषलाई उल्लेख गर्दै खेडाले भने, प्रधानमन्त्रीले राज्यको साँच्चै ख्याल राख्छन् भनेर देखाउन मणिपुरको भ्रमण गर्नुपर्छ।

# बिहारमा राजनीतिक हड़कम्प

**पटना, १४ फरवरीः** पटनामा, जनशक्ति जनता दल (जेडी) का राष्ट्रिय अध्यक्ष तेजप्रताप यादवले एक बयान दिएर राजनीतिक वृत्तमा हडकम्प मच्चाएका छन्। उनले भने,उनलाई पनि मार्ने षड्यन्त्र भइरहेको छ। सांसद पप्पू यादव विरुद्धको ज्यान मार्ने धम्कीसँग सम्बन्धित मुद्दाको जवाफ दिँदै उनले यो बयान दिएका हुन्।मिडियासँग कुरा गर्दै तेजप्रताप यादवले भने, पप्पू यादवलाई जमानत दिइएको छ र उनी जेलबाट बाहिर छन्, यो राम्रो कुरा हो। उनले भने,अब उनी विवादबाट टाढा रहनुपर्छ र सार्वजनिक काममा ध्यान केन्द्रित गर्नुपर्छ र जनतासँग प्रत्यक्ष सम्पर्क गर्नुपर्छ।पप्पू यादवलाई 'मार्न षड्यन्त्र' गर्ने भनिएको बयानको बारेमा, तेजप्रताप यादवले भने, राजनीतिमा षड्यन्त्रहरू सामान्य छन्। राजनीतिज्ञहरू विरुद्ध विभिन्न प्रकारका षड्यन्त्रहरू रचिन्छन्। उनले भने,उनको विरुद्ध पनि षड्यन्त्रहरू रचिन्छन्, र उनलाई मार्ने कुरा पनि भइरहेको छ। राजनीतिमा रहेकाहरूले यो सबैको सामना गर्नुपर्छ। पूर्व आईपीएस अधिकारी अमिताभ दासको गिरफ्तारीप्रति प्रतिक्रिया जनाउँदै तेज प्रताप यादवले उनी प्रायः आधारहीन बयान दिने गरेको बताए। उनले औंल्याए कि अमिताभ दासले पहिले पनि उनी विरुद्ध झूटा र भ्रामक बयान दिएका थिए, जुन अप्रमाणित थिए। अब, उनी निशान्त विरुद्ध आरोप लगाइरहेका छन्, तर यी पनि आधारहीन छन्। उनले स्पष्ट रूपमा भने, उनी त्यस्ता आरोपहरूलाई पूर्ण रूपमा अस्वीकार गर्छन् र सरकारको कारबाही सही छ।उपमुख्यमन्त्री सम्राट चौधरीको राजीनामाको लागि आरजेडी नेता राबडी देवीको मागप्रति प्रतिक्रिया जनाउँदै तेज प्रताप यादवले भने,बिहारमा कानून व्यवस्थाको स्थिति अझ सुधार गर्न आवश्यक छ। उनले भने,सम्राट चौधरी एक युवा नेता हुन् र सकारात्मक प्रयास गरिरहेका छन्, तर राज्यको स्थिति सुधार गर्न ठोस कदम चाल्नु आवश्यक छ। तेज प्रताप यादवको बयानले राजनीतिक वातावरणलाई अझ तातो बनाएको छ र सुरक्षा, षड्यन्त्र र कानून व्यवस्था जस्ता मुद्दाहरूलाई फेरि एक पटक बिहारको राजनीतिमा छलफलको अग्रपंक्तिमा ल्याएको छ।

## कालेबुङ जिल्लाको ९औं स्थापना दिवस

# दुई दिने फूल प्रदर्शनीसहित पालन



**कालेबुङ, १४ फरवरी (निसं):** कालेबुङ जिल्ला प्रशासनको आयोजनामा कालेबुङ जिल्लाको ९औँ स्थापना दिवस पालन गरेको छ। यस अवसरमा दुई दिने भव्य फूल प्रदर्शनी आयोजना गर्दै उत्साह र जनसहभागितासहित कार्यक्रम सम्पन्न गरेको छ। मेला ग्राउण्डमा आयोजित उक्त समारोहमा स्थानीय बासिन्दा, सरकारी अधिकारी तथा आगन्तुकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

उल्लेखनीय छ, कि सन् २०१७ मा कालेबुङ जिल्ला पश्चिम बंगालको २१ औँ जिल्लाको रूपमा औपचारिक रूपमा गठन भएको हो। ऐतिहासिक पहाडी सहर कालेबुङ मुख्यालय रहेको यो क्षेत्र ब्रिटिश शासनकालमा भारत–तिब्बत व्यापारको प्रमुख केन्द्रका रूपमा परिचित थियो। जिल्लाको रूपमा मान्यता पाएपछि कालेबुङले प्रशासनिक तथा विकासात्मक क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ।

कार्यक्रममा जिल्लापाल कुहुक भूषण प्रमुख अतिथिका रूपमा उपस्थित थिइन्। विशिष्ट अतिथिहरूमा कालेबुङका विधायक रूदेन सादा लेप्चा, सभासद् सिनोरा नाम्चु र सुमन गुरुङ, एडीएम (विकास) सुदीप्ता दास, एडीएम (एलआर) शुभम कुण्डल, एडीएम (जी) अञ्जन घोष, एडीएम (पी) मैत्री चक्रवर्ती, एसडीओ सौम्यो घोष, कालेबुङ–१ ब्लक विकास अधिकारी समिरूल इस्लाम, पञ्चायत समिति सभापति ममता गुरुङ तथा कालेबुङ नगरपालिकाका उप–प्रशासक भीम अग्रवाललगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको मुख्य आकर्षणका रूपमा आयोजित फूल प्रदर्शनीमा विभिन्न स्वयं सहायता समूह (एसएचजी) हरूले विविध प्रजातिका फूलहरू प्रदर्शन गरेका थिए।

कालेबुङ लामो समयदेखि पुष्पखेतीका लागि प्रसिद्ध रहँदै आएको सन्दर्भमा यस प्रदर्शनीले जिल्लाको पहिचानलाई थप उजागर गर्नुका साथै स्थानीय एसएचजीहरूलाई प्रवर्द्धन गर्ने उद्देश्य लिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै विधायक रूदेन सादा लेप्चाले कालेबुङ अलग जिल्ला बनेपछि अब प्रशासनिक कामका लागि दार्जीलिङ जानुपर्ने बाध्यता हटेको उल्लेख गरे। उनले जिल्ला गठनले प्रशासनिक सहजता र विकासलाई तीव्रता दिएको बताउँदै राज्य सरकारबाट विकासका लागि अनुदान प्राप्त गर्ने प्रक्रिया अघिल्लो समयभन्दा सहज भएको धारणा राखे। स्थापना दिवस कालेबुङवासीका लागि गौरव र खुशीको क्षण भएको उनले बताए्।

जिल्लापाल कुहुक भुषणले कालेबुङको पुष्पखेतीसम्बन्धी दीर्घकालीन प्रतिष्ठालाई उल्लेख गर्दै ९ औँ स्थापना दिवस फूल प्रदर्शनीमार्फत मनाउनु उपयुक्त रहेको बताइन्। कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण विभाग, एसएचजी तथा व्यक्तिहरूप्रतिले आभार व्यक्त गरिन्। खण्ड विकास अधिकारी समिरूल इस्लामले जिल्लापालको नेतृत्वमा जिल्लाभरिका एसएचजीहरूलाई प्रवर्द्धन गर्न तथा उनीहरूलाई व्यापक पहिचान दिलाउने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको जानकारी गराए।

कार्यक्रमका क्रममा खेलकुद तथा अन्य विभिन्न क्षेत्रमा उत्कृष्ट उपलब्धि हासिल गर्ने व्यक्तिहरूलाई सम्मान गरिएको थियो। उत्कृष्ट कार्यसम्पादन गर्ने ग्राम पञ्चायतहरूलाई पनि स्थानीय सुशासनमा योगदानका लागि सम्मान प्रदान गरिएको थियो। साथै, रंगीन सांस्कृतिक प्रस्तुतीहरूले समारोहलाई थप जीवन्त र आकर्षक बनाएको थियो।

पहिलो दिनदेखि नै प्रदर्शनी अवलोकनका लागि सर्वसाधारणको उल्लेखनीय भीड देखिएको थियो। फूलहरूको मनमोहक सजावट अवलोकन गर्दै नागरिकहरूले उत्साहपूर्वक सहभागिता जनाएका थिए, जसले कालेबुङ जिल्लाप्रतिको बढ्दो गर्व र एकताको भावनालाई प्रतिबिम्बित गरेको छ।

# घिस खोलामा पुल निर्माणको माग

**सिञ्जी, १४ फरवरी (निसं):** ४१ समष्टि अन्तर्गत रहेको घिस खोलामा पुल निर्माण हुन पर्ने आम क्षेत्रवासीले दीर्घ समयदेखि माग गर्दै आइरहेका छन्। वर्षाकालमा ४१ समष्टि क्षेत्रबाट खण्ड ३ अन्तर्गत रहेका गाउँहरू अनि समतल तर्फ यातायात गर्न खुबै असुविधा बन्दछ। ४१ समष्टि अन्तर्गतका गाउँहरूबाट पोख्रेबुङ उच्चतर माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू घिस खोलाबाट यातायात गर्दछन्। घरबाट नानीहरू विद्यालय निस्किएपछि बेलुकी घर नफर्केसम्म अभिभावक वर्गलाई ठुलो चिन्ता हुने गर्दछ। विगतका समयहरूमा यस्ता धेरै घटनाहरू उक्त स्थानमा हुन गएको स्थानीयहरू बताउँदछन्। घिस खोलामाथि पुल निर्माण हुन सके यातायातको सुविधा ४१ समष्टि क्षेत्रका गाउँहरूमा मात्र नभएर यस वरिपरिका छिमेकी गाउँहरू खण्ड ३ अनि समतलका सबै आम मानिसहरूलाई यसले यातायात सुविधा दिन सक्दछ अनि ग्रामीण पर्यटन जस्ता विषयहरू फस्टाउन सक्दछन्। वर्तमानमा ग्रामीण पर्यटन युवा वर्गको निम्ति आय स्रोतको



माध्यम बनिरहेको छ। यसबाट नै परिवारको पालन पोषण अनि आय आर्जन गर्ने एउटा व्यवसाय माध्य बन्दै गइरहेको छ भनि स्थानीय विशाल छेत्री, बीरे राई, दिपेन छेत्री आदि बताउँदछन्। घिस खोलामा पुल निर्माण हुन पर्छ भन्ने माग वर्षौं पहिले देखिको माग रहेको छ। चुनाउको समयमा धेरैपल्ट घिस खोलामा पुल निर्माण हुने अनि पक्की सड़क निर्माण हुने आश्वासनहरू मानिसहरूले धेरै पाइसकेका छन्। तर पनि यस समस्याको समाधान हुन सकेको छैन भनि उनीहरू बताउँदछन्। आजसम्म संकटपूर्ण स्थितिहरू झेल्दै वर्षाकालमा खोला वारपार गरिरहेका छन्। कहिले बासको फड्के अनि खोला तर्ने विभिन्न माध्यहरूद्वारा वारपार गरिरहेका छन्। वर्तमान समयको माग अनि वर्तमान परिप्रेक्षमा यस्ता समस्याहरूले गाउँको विकासमा वाधक बनिरहेको छ। यस विषयलाई मध्यनजर गरि अनि ग्रामवासीले वर्षाकालमा झेल्न परिरहेको संकट पूर्ण स्थितिलाई मध्यनजर गरि सम्बन्धित निकायद्वारा घिस खोलामाथि पुल निर्माण गरिन पर्ने उनीहरूले माग राखे। यस विषयमा विभिन्न समयमा सम्बन्धित पक्ष अनि नेतृत्व वर्गलाई विकट परिस्थितिबारे जानकारी गराउँदै आइरहेपनि आजसम्म यस समस्याको समाधान हुन नसकेको गुनासो उनीहरूले पोखेका छन्।

## भ्यालेण्टाइन्स डे–मा ममताको शुभकामना

# भाजपाले भन्यो महत्त्वहीन

**कलकत्ता, १४ फरवरी (निसं):** पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता ब्यानर्जीले शनिवार, १४ फरवरी प्रेम दिवसको अवसरमा एक्स ह्याण्डलमा पोस्ट गर्दै शुभकामना व्यक्त गरिन्। तिनले लेखिन्, ह्याप्पी भ्यालेण्टान्स डे, प्रेम दीर्घायु होस्। विगतमा राजनीतिविद् तथा मुख्यमन्त्री ममता ब्यानर्जीले भ्यालेण्टाइन्स डे–मा यसरी शुभकामनासहित पोस्ट गरेको देखिएको थिएन। त्यसैले प्रेम दिवसमा तिनको यो सन्देशलाई अभूतपूर्व मानिएको छ। यही कारणले विषयबारे कौतुहल र जिज्ञासा पनि बढ़ेको छ। धेरैको मतमा यसमा शुद्ध मायाको आड़मा राजनीति नै लुकेको छ। विशेष गरेर जब विधानसभा चुनाउ संघारमा नै छ। वास्तवमा ममताको पोस्ट ध्यानपूर्वक पढ़्दा त्यो पक्ष प्रस्ट हुन्छ।

एक्स पोस्टमा ममताले शुरुमै लेखेकी छन्, तिमीलाई नै माया गरेको छु सयौंरूपले सयौंपल्ट, जनम–जनम युगौं युग अनिवार्य रूपमा। त्यसपछि तिनले व्याख्या गरेकी छन्, प्रेम र मायाले सधैं जात, धर्म र वर्णका सीमाहरू पार गर्छ। तिनले जनताको लागि काम गरिरहनुको पछाड़ि पनि निष्कपट प्रेम र माया नै रहेको उल्लेख गरेकी छन्।

सामान्यतया भ्यालेण्टाइन्स डे–लाई जोड़ीहरूबीचको प्रेम दिवसको रूपमा चिनिन्छ। शनिवार पनि कलकत्ता शहरमा प्रेमी–प्रेमिकाहरूको भीड़ लागेको थियो। मध्याह्न प्रायः १२ बजी हाउड़ा मेट्रो स्टेशनमा जोड़ीहरूको भीड़को कारण कार्यालय जाने यात्रुहरूलाई असुविधा भएको थियो। तर ममताले उक्त दिनलाई सामाजिक दृष्टिले व्याख्या गर्दै पोस्ट गरेकी छन्। मुख्यमन्त्रीको यस्तो पोस्टपछि राजनीतिक दलहरूले स्वाभाविक रूपमा प्रतिक्रिया दिएका छन्।

भाजपाका प्रवक्ता प्रणय रायले भने, हामी भारतीयहरूको लागि माया र प्रेम वर्षको ३६५ दिन नै हुन्छ। १४ फरवरीको अलग महत्त्व छैन। तिनले व्यङ्ग्य गर्दै थपे, तिमीलाई नै माया गरेको छु भन्दै मुख्यमन्त्रीले कुनै निश्चित व्यक्तिलाई उल्लेख गर्न खोजेकी हुन्–होइनन् भन्न गाह्रो छ। माकपा नेता सुजन चक्रवर्ती मुख्यमन्त्रीको पोस्ट सुनेर पहिले हाँसे। त्यसपछि भने, हाम्रो विद्यार्थी सङ्गठन एसएफआईले मुख्यमन्त्रीको घर नजिकै (रासबिहारीमा) प्रेमको विज्ञापन नामक प्रगतिशील साहित्यको स्टल राखेको छ। मुख्यमन्त्री त्यहाँ एकपल्ट घमेर आउन सक्छिन्।

ममता यस्ता दिवस अथवा उत्सवबारे व्यक्तिगत रूपमा अवगत छिन्।

# समाजद्वारा मन्दिर अनि सड़कको सर–सफाई

**कालेबुङ, १४ फरवरी (निसं): गाउँलेहरूद्वारा मन्दिर, पानीको मुहान अनि सड़कको आज सर-सफाई कार्यक्रम सम्पन्न गरे। कालेबुङको एक मात्र बाइपास रोडको जीरो नजिक पैह्रोदेखि नर्सरी गाउँ सम्मको सड़कको सफाई गाउँलेहरूले गरे। ८ माइल नर्सरी गाउँ समाजको संयोजकतामा आयोजित उक्त सफाई कार्यक्रममा यहाँको खलखेलस्थित नाग- शिव मन्दिरको सर-सफाई, पानीको मुहान अनि सड़कको को सर-सफाई गाउँलेहरूले गरे। समाजका अध्यक्ष उर्गेन थापाको अगुवाईमा समाजका सदस्यहरूले उक्त सफाई कार्यक्रममा अंश ग्रहण गरे। प्रत्येक वर्ष नै तीन चारपल्ट समाजका सदस्यहरूले उक्त क्षेत्रको सर-सफाई गर्ने गर्छन्। भोलि शिवरात्री भएकोले शिव मन्दिरको सर-सफाई पनि गरियो। प्रत्येक वर्ष नै यहाँ भव्य रूपमा शिवरात्री पूजा अर्चना गर्ने परम्परा रहेको कोषाध्यक्ष टुकेन्द्र शर्माले बताए। यसको अतिरिक्त खलखले धाराको मुहानको सर-सफाई पनि भयो। यसपल्ट हिउँदमा पानी नपरेकोले कालेबुङमा पानीको निक्कै हाहाकार हुने सम्भावना देखा पर्दैछ। यस्तो अवस्था बीच खलखले धाराको मुहानलाई सुरक्षित राख्न गाउँलेहरूले विगत लामो समयदेखि पहल गर्दै आइरहेका छन्। तसर्थ अहिलेको खड़ेरीलाई ध्यानमा राखेक गाउँलेहरूले उक्त धाराको मुहानलाई सुरक्षित राख्न सर-सफाई गरेको समाजकी सचिव लक्ष्मी छेत्रीले बताइन्। आज धेरै संख्यामा समाजका सदस्यहरू उक्त सर-सफाई अनि भोलिको शिवरात्री पुजा आयोजनाको तयारीमा जुटेको उनले बताइन्।**

# लोवर लङ्कुमा सड़क निर्माण कार्य प्रगतिमा

**रम्बी, १४ फरवरी (निसं): एकातिर विभिन्न समष्टिहरुमा सडक निर्माण बारे विभिन्न समस्याहरू सुन्नमा आइरहेका छन्,जहाँ सडकको कमीले गर्दा मानिसहरु समस्याको सम्मुखीन बन्न परिरहेका छन्। जिटिए क्षेत्रमा यस्ता ठाउँहरुको कमी छैन जहाँ गाडी कुद्ने सड़कको समेत ब्यवस्था छैन। ती ठाउँका मानिसहरू कतै जान पर्दा पैदल नहिँडी हुँदैन। यस्तै सड़क नभएका ठाउँहरू तिर समय समयमा अनि विशेष गरेर चुनाउको समयमा नो रोड नो भोटको मुद्दा सुनिन्छ।**

**तर,जिटिए प्रमुख कार्यपाल अनित थापाको समष्टिमा अन्य समष्टि भन्दा विकासका कामहरू अधिक भएको मानिसहरू भन्छन्। उदाहरणको निम्ति अनित थापाको समष्टि सिटोङ- लाटपञ्चरमा पर्ने लङ्कु भ्यालीमा नै दुइवटा ठूलाठूला सडकहरु निर्माणाधीन छन्। लङ्कु भ्यालीको तल्लो लङ्कु अनि माथिल्लो लङ्कु पुग्ने दुइवटा सडकहरू निर्माणको प्रगतिमा छन्। उपरोक्त दुवै गाउँमा पुग्नको लागि मानिसहरूले पैदल हिँड्ने बाध्यता थियो भने अब दुवैवटा गाउँ पुग्नलाई सडक निर्माण शुरू गरिएको छ। तल्लो लङ्कुको सडक अर्को सड़क भन्दा अधिक लामो छ जसको लम्बाई दस किलोमिटर बताइएको छ भने लागत खर्च मात्र प्रथम चरणको निम्ति एक करोड अधिक रहेको छ। सो सड़क लङ्कुको मूल सडकदेखि तल्लो लङ्कुको गैरी गाउँ अनि डाँड़ा गाउँ हुँदै लोहापुल निस्कने बताइएको छ।**

**सो सड़क लोहापुल निस्किने भए पछि हाइवे १० को विभिन्न ठाउँबाट खरसाङ जान सजिलो अनि छिटो हुने मानिसहरुको भनाइ छ। लङ्कु भ्यालीमा निर्माणाधीन उक्त सडकहरूले मानिसहरूलाई यातायातको क्षेत्रमा धेरै सुविधा हुने देखिएको छ। सिटोङ तीन ग्राम पञ्चायतका उप- प्रधान लाडुप लेप्चाले अनित थापाको आफ्नो समष्टिमा विकासका विभिन्न कार्यहरु भइरहेको जनाएका छन्।**

## बाल अधिकार तथा संरक्षण सम्बन्धी

# ज्वलन्त समस्याहरूबारे बैठक

**कालेबुङ, १४ फरवरी (निसं):** नर्थ बंगाल एन्टी–ट्राफिकिङ एन्ड चायल्ड राइट्स एनजीओ नेटवर्कले कालेबुङको ९ माइलस्थित एक होटलमा आयोजित बैठकका क्रममा पश्चिम बंगाल कमिसन फर प्रोटेक्सन अफ चायल्ट राइट्स समक्ष औपचारिक रूपमा आफ्ना माग तथा सरोकारहरू प्रस्तुत गरेको छ।

उक्त बैठकमा डब्ल्यूबीसीपीसीआरकी अध्यक्ष तुलिका दास, सल्लाहकार अनाया चक्रवर्ती तथा परामर्शदाता महुया संत्रा उपस्थिति रहेको थियो। छलफललाई व्यापक, रचनात्मक र परिणाममुखी बताइएको छ, जसमा उत्तर बंगाल क्षेत्रमा देखिएका बाल अधिकार तथा संरक्षणसम्बन्धी ज्वलन्त समस्याहरूमा विशेष ध्यान केन्द्रित गरिएको थियो।



छलफलका क्रममा विद्यालय छाड्ने दरमा वृद्धि, बालविवाह तथा भागी विवाहका घटना, किशोरी गर्भधारण, महिला तथा बालबालिकामा लागुऔषध दुरुपयोग, बाल यौन हिंसा, अपाङ्गता भएका बालबालिकाका लागि अपर्याप्त सहयोग प्रणालीजस्ता गम्भीर विषयहरू उठाइएको थियो। साथै महिला तथा बालबालिकालाई यौन व्यापारमा बाध्य बनाइने अवस्थाप्रति चिन्ता व्यक्त गर्दै बालबालिकाको पुनः स्वदेश फिर्ता (रिप्याट्रिएसन) प्रक्रियामा देखिएका जटिल चुनौतीहरूको पनि चर्चा गरिएको थियो।

विशेषगरी कालेबुङ तथा आसपासका पर्यटनमुखी पहाडी क्षेत्रहरूमा होटल तथा होमस्टे उद्योगभित्र बाल संरक्षणका सुदृढ उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकतामा जोड दिइएको थियो। एनबिएटीसीआरएनले पर्यटनको वृद्धि बाल सुरक्षासँग सम्झौता नहोस् भन्ने सुनिश्चित गर्न अन्तर–विभागीय समन्वय सुदृढ पार्ने, प्रभावकारी निगरानी प्रणाली विकास गर्ने, रोकथाममुखी संयन्त्र लागू गर्ने तथा समुदायस्तरमा सचेतना अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिएको छ।

विदेशी नागरिकता भएका बालबालिकाको शीघ्र पुनः स्वदेश फिर्ताका लागि मानक कार्यविधि (एसओपी) लाई अझ सुदृढ बनाउने विषयमा पनि विस्तृत छलफल गरिएको थियो। प्रभावित बालबालिकालाई सम्पूर्ण प्रक्रियाभर सम्मान, संवेदनशीलता र कानुनी मान्यताअनुसार बालमैत्री तथा अधिकारमा आधारित व्यवहार सुनिश्चित गर्नुपर्नेमा नेटवर्कले वकालत गरेको छ।

यसैगरी, पश्चिम बंगाल पर्यटन नीतिभित्र बलियो बाल संरक्षण व्यवस्था समावेश गर्नुपर्ने आवश्यकता औँल्याइएको छ्। पर्यटन तथा आतिथ्य क्षेत्रभित्र बालबालिकाको सुरक्षा, मर्यादा र अधिकारलाई प्राथमिकता दिने बालमैत्री ढाँचा निर्माण गर्न नेटवर्कले आग्रह गरेको छ।

बैठकमा बालविवाह विरुद्ध क्षेत्रव्यापी तथा दीर्घकालीन अभियान सञ्चालन गर्नुपर्ने आवश्यकतामा पनि सशक्त रूपमा जोड दिइएको थियो। समुदाय र अभिभावकको सक्रिय सहभागिता, जनचेतना अभिवृद्धि, विद्यालयस्तरीय हस्तक्षेप तथा संस्थागत सहकार्य सुदृढ गरी जोखिममा रहेका किशोर–किशोरीहरूको संरक्षण गर्नुपर्नेमा सहभागीहरूले सहमति जनाएका छन्।

बैठक अन्त्यमा नागरिक समाज संस्थाहरू र आयोगबीच सहकार्यलाई अझ गहिरो बनाउने, संस्थागत प्रतिक्रिया प्रणाली सुदृढ गर्ने तथा उत्तर बंगालभर बालमैत्री, सुरक्षित र अधिकारमा आधारित वातावरण निर्माणका लागि संयुक्त रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

# एम्समा फेस ट्रान्सप्लाण्टको तयारी

**नयाँ दिल्ली, १४ फरवरी (निसं):** अल इण्डिया इन्स्टिच्यूट अफ मेडिकल साइन्स दिल्ली (एम्स दिल्ली) छिट्टै अनुहार प्रत्यारोपण (फेस ट्रान्सप्लाण्ट) गर्ने देशको पहिलो सरकारी अस्पताल बन्ने तयारीमा छ। विशेष तालिम र मृत शरीरमा अभ्यास शुरु भइसकेको छ र ६ देखि ९ महीनाभित्रमा सबै तयारी पूरा हुने बताइएको छ। विभाग प्रमुख मनीष सिङ्घलले उपयुक्त बिरामी भेटिएपछि शल्यक्रिया शुरु गर्न सकिने बताएका छन्। अस्पतालले यस्ता बिरामीहरूलाई सम्पर्कमा आउन आग्रह पनि गरेको छ। एसिड आक्रमण, गोली वा गम्भीर दुर्घटनाबाट अनुहार बिग्रिएका र धेरै सर्जरीपछि पनि सुधार नभएका बिरामीका लागि यो अन्तिम विकल्प हुनसक्छ। तर मानसिक रूपमा अस्थिर, सक्रिय संक्रमण अथवा क्यान्सर भएका बिरामीलाई उपयुक्त हुँदैनन्। यो शल्यक्रिया निकै जटिल छ र ठूलो विशेषज्ञ टोली चाहिन्छ। शल्यक्रियापछि बिरामीले जीवनभरि शरीरले नयाँ अनुहार स्वीकार गरोस् भनेर विशेष औषधि खानुपर्छ। जब अरू व्यक्तिको अनुहारको भाग प्रत्यारोपण गरिन्छ, शरीरको प्रतिरक्षा प्रणालीले त्यसलाई पराइ वस्तु भनेर अस्वीकार गर्न सक्छ। त्यसैले शरीरले त्यो नयाँ अनुहारलाई स्वीकार गरिरहोस् भनेर विशेष औषधि खानुपर्छ। विश्वभरि हालसम्म ५० भन्दा कम सफल फेस ट्रान्सप्लाण्ट भएका छन्।



# भागोप्रमोको जीत निश्चित रहेको सभासद् थापाको ठोकुवा

**मिरिक, १४ फरवरी (निसं)** : पश्चिम बंगाल राज्यमा हुने आगामी विधानसभा चुनाउमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको जीत निश्चित रहेको ठोकुवा पार्टीका केन्द्रीय सांगठनिक सचिव एवं सभासद् रतन थापाले गरेका छन्। तिनले मिरिकमा पत्रकारहरूसित कुरो गर्दै भागोप्रमो जीटीएको सत्तामा बसेको पार्टी हो। पार्टीको विभिन्न संगठन सबै ठाउँमा नै दह्रिलो छ। पहाड़को ग्राम पञ्चायत, पञ्चायत समिति अनि नगरपालिकाहरूमा भागोप्रमोको नै जनप्रतिनिधिहरू अधिक छन्।

जसको कारण भागोप्रमोको चुनाउ जित्ने आधार बलियो रहेको जानकारी गराउँदै चुनाउलाई केन्द्र गरेर पार्टीले हाल विभिन्न शाखा–प्रशाखामा सांगठनिक सभाहरू गरिरहेको छ भने। तिनले पार्टीले कुन मुद्दालाई अघि लगाएर चुनाउमा जाने हो पार्टीको केन्द्रीय समितिको सभा बसेर सार्वजनिक गर्नेछ भन्दै हाल हामी सांगठनिक गतिविधिमा सक्रिय रहेका छौं भने। तिनले चुनाउमा भाजपाले विगतमा गरेको विजयीबारे पनि पार्टीले गम्भीरतापूर्वक चिन्तन गरिरहेको जानकारी गराउँदै आगामी चुनाउमा भाजपालाई विगतमा जस्तो चुनाउमा विजयी बन्न सहज हुनेछैन।

भाजपाले बीस वर्षको अवधि एउटा सिन्का नभाँचेको कुरो जनता अघि स्पष्ट छ भने। तिनले भाजपाले पहाड़वासीलाई केवल भोटको बेला सम्झने गरेको मन्तव्य पोख्दै विगतमा जसरी भाजपाले आश्वसनको भरमा चुनाउ जिते त्यही आश्वसन दिने कार्य हाल पनि गरिरहेको छ जसलाई जनताले बुझ्न आवश्यक रहेको छ भने।

# भागोप्रमोको सांगठनिक सभा




**मिरिक, १४ फरवरी (निसं)** : भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा सियोक गोपालधारा ओकेटी समष्टिको एउटा सांगठनिक सभा शनिवार पार्टीको समष्टि कार्यालयमा समष्टि सभासद् ध्रुव बम्जनको अध्यक्षतामा भयो। समष्टिका प्रतिनिधिहरूलाई लिएर गरिएको सभामा आगामी २२ फरवरीको दिन पार्टी अध्यक्ष एवं जीटीए प्रमुख अनित थापा मिरिक आउने अनि समष्टिका पार्टी कार्यकर्ताहरूलाई आगामी विधानसभा चुनाउ विषय लिएर भेटघाटलगायत दिशानिर्देश दिने कार्यक्रमबारे व्यापक छलफल भएको समष्टि पार्टी अध्यक्ष समीर राईले बताए। दिन मिरिक आउने कुरो लिएर एक जरूरी छलफल सभा सम्पन्न गरियो। सभामा समष्टि अध्यक्ष समीर राई, सचिव कृष्णवीर प्रधान, सभासद् ध्रुव बम्जन, पीआरओ विवेक गोले, युवा शक्ति महकुमा अध्यक्ष उमेश तोलांगी, नारी शक्ति अध्यक्ष सम्झौता राई, मिरिक पञ्चायत समितिका सदस्याहरू, ग्राम पञ्चायत प्रधान, सदस्यहरूलगायत विभिन्न क्षेत्रका पार्टीका पदाधिकारीहरूको उपस्थिति थियो। उक्त सभामा समष्टि क्षेत्रका जनतालाई पार्टी अध्यक्षसित सिधा भेटघाट गराई जनताको समस्या समाधान गर्ने विषयमा चर्चा भएको समीर राईले जानकारी गराउँदै समष्टिवासीले कुनै पनि समस्या समाधानका लागि भेट गर्न चाहे उक्त वातावरण सृजना गर्ने विषयमा पनि छलफल भएको बताए। सभाले आगामी विधानसभा चुनाउबारे पनि छलफल गर्दै समष्टिले यसपालि एकजना योग्य उम्मेद्वार पाउने र यो मौका गुमाउन नहुने विचार व्यक्त गर्दै २३ नम्बर समष्टिले उम्मेद्वारलाई भारी मतले विजयी गराउन कम्मर कसेर अघि बडने प्रतिबद्धता जनायो। भागोप्रमोले जहिले चुनाउलाई एक पर्वको रूपमा पालना गर्ने हुनाले यसलाई एक पर्वको रूपमा लिएर जीत हासिल गर्ने सबैले संकल्प लिने आह्वान वक्ताहरूले गरे।

# मिरिकमा प्रेम दिवसको रौनक



**मिरिक, १४ फरवरी (निसं)** : सुन्दर पर्यटकीय स्थल मिरिकमा शनिबार प्रेम दिवस (भ्यालेन्टाइन डे)–को अवसरमा विशेष चहलपहल देखियो। अन्य सामान्य दिनहरूको तुलनामा शनिवार यहाँ मानिसहरूको उपस्थिति र उत्साह निकै अधिक रहेको पाइएको छ। मिरिक पर्यटन केन्द्रको मुख्य आकर्षण मिरिक झील र यसको वरिपरि रहेको धुप्पीको जंगल प्रेमिल जोड़ीहरूले भरिभराउ देखिन्थ्यो। बिहानैदेखि मिरिकका विभिन्न स्थानमा मानिसहरूको आगमन शुरू भएको थियो। झीलमा नौका विहार गर्नेहरूको लामो लाइन देखिन्थ्यो भने झीलमा रहेको इन्द्रेणी पुलमा तस्बिर खिचाउनेहरूको भीड़ थियो। प्रेम दिवसको कारण मिरिकका रेस्टुरेण्ट, क्याफे र स–साना पसलहरूमा पनि व्यापार राम्रो भएको स्थानीय व्यापारीहरूले बताएका छन्। विशेष गरी रातो गुलाब र विभिन्न उपहार सामग्रीको बिक्री उच्च थियो। यहाँका कतिपय रेस्टुरेण्टहरूमा संगीत र विशेष सजावटका साथ प्रेम जोड़ीहरूलाई स्वागत गरिएको थियो। पर्यटकहरूले मिरिकको शान्त वातावरण र चिसो मौसमको आनन्द लिँदै प्रेम दिवस मनाए। मिरिक सधैं नै सुन्दर छ, तर प्रेम दिवसको माहोल अझै विशेष र रंगीन देखियो। मानिसहरूको यो उत्साहले मिरिकको पर्यटनलाई अझै उचाइमा पुऱ्याउने आशा गरिएको एक स्थानीय पर्यटन व्यवसायीले बताए।

# बंगालर युवा साथीको फारम भर्ने अनुरोध



**मिरिक, १४ फरवरी (निसं)** : मिरिक नगरपालिका अध्यक्ष एलबी राईले एक जरूरी जानकारी सार्वजनिक गर्दै आगामी १५ देखि २६ फरवरीसम्म मिरिक नगरपालिकाअन्तर्गतका सबै वार्डमा बसोवास गर्ने बेरोजगार युवाहरूलाई बंगालर युवा साथी प्रकल्पअन्तर्गत आवेदन दिन अनुरोध गरेका छन्। तिनले उक्त योजनाका लागि आवेदन प्रक्रिया मिरिक महकुमा शासक कार्यालयमा सञ्चालन गरिने जानकारी गराउँदै इच्छुक युवाहरूले आवश्यक कागजातसहित सम्बन्धित कार्यालयमा उपस्थित भई फारम भर्न सक्नेछन् भने। तिनले इच्छुक बेरोजगारहरूले उक्त फारम भर्नका लागि आधार कार्ड (मोबाइल नम्बर लिंक भएको अनिवार्य),माध्यमिक उत्तीर्णको रिजल्ट, सर्टिफिकेट र एडमिट कार्ड, ब्यांक खाताको पहिलो पृष्ठको फोटोकपी, मतदाता परिचय–पत्र (भोटर कार्ड),राशन कार्ड तथा डोमिसाइल प्रमाण–पत्र, पासपोर्ट साइज फोटो दुईप्रति, मोबाइल नम्बर (अनिवार्य) आवश्यक रहेको बताए। मिरिक नगरपालिका अध्यक्ष एलबी राईले तोकिएको मितिभित्र सबै योग्य बेरोजगार युवालाई आवश्यक कागजातसहित उपस्थित भइ आवेदन दिन आग्रह गरेका छन्।

# आजदेखि बंगालेर युवा साथी योजनाको निम्ति आवेदन

**सिटोङ, १४ फरवरी (निसं)** : पश्चिम बगांल सरकारद्वारा घोषणा गरिएको नयाँ योजना बंगालेर युवा साथीको निम्ति भोलिदेखि सिटोङ तिनैवटा ग्राम पञ्चायत क्षेत्रलाई समेटेर सिटोङ–१ स्थित सार्वजनिक भवनमा आवेदन फारम भर्ने कार्य शुरू हुनेछ। उक्त योजनाअन्तर्गत २१ वर्षदेखि ४० वर्षसम्मका युवावर्गले उक्त योजनाको निम्ति भोलि १५ फरवरीदेखि २६ फरवरीसम्म आवेदन गर्न सक्नेछन् भनी सिटोङ–३ ग्राम पञ्चायत कार्यालयले जानकारी गराएको छ। शिविरमा आउँदा कृपया आधार कार्ड, ब्यांक पासबुकको पहिलो पृष्ठ, प्रवेश–पत्र र माध्यमिक वा सो सरहको परीक्षाको अंक–पत्र, जेरोक्स प्रतिलिपि र पासपोर्ट साइजको २ प्रति फोटो ल्याउन पर्नेछ। साथै आजसम्म २५ वर्ष पुगिसकेका दिदी–बहिनीहरू जसको लक्ष्मी भण्डारको लाभ लिन सकेका छैनन्, तिनीहरूले पनि घलेटार सार्वजनिक भवनमा नै यसको फारम पनि भर्न सक्ने पनि पञ्चायत कार्यालयमार्फत अवगत गराइएको छ।

# गंगा दुतराजको निधनप्रति शोक समवेदना

**पानीघट्टा,१४ फरवरी (निसं)** : इबरा साहित्य प्रतिष्ठानका सदस्य डालिम दुतराजको धर्मपत्नी गंगा दुतराजको असामयिक एवं दुखद निधनप्रति प्रतिष्ठानले शोक समवेदना प्रकट गरेको छ। यस शोकको घडीमा प्रतिष्ठानका पदाधिकारी तथा सदस्यहरूले मृतकको निजी निवासमै पुगेर एक विशेष श्रद्धाञ्जलि कार्यक्रमको आयोजना गरी शोक सन्तप्त परिवारप्रति ढाडस दिएका छन्। प्रतिष्ठानका सचिव मनोहर शर्माद्वारा व्यवस्थित एवं सञ्चालित उक्त शोक सभामा संस्थाको तर्फबाट आधिकारिक श्रद्धाञ्जलि–पत्र कोषाध्यक्ष रञ्जन राईले वाचन गरेका थिए। पत्र वाचनका क्रममा मृतकको व्यक्तित्व र समाजमा पुऱ्याएको योगदानको स्मरण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरिएको थियो।शोक सभालाई सम्बोधन गर्दै प्रतिष्ठानका अध्यक्ष डा. जेम्स विश्वले मानव जीवनको यो अपूरणीय क्षतिप्रति गहराइबाट दुःख व्यक्त गरे।


# धजे सात माइलमा रामकथा आरम्भ



**मिरिक, १४ फरवरी (निसं)** : ओकेटी धजे सात महापुरण आयोजक समितिको आयोजनामा सात माइलस्थित गुरुङ फाटकमा संगीतमय श्रीमद्भागवत महापुराण ज्ञान महायज्ञ तथा रामकथा पुराण आरम्भ भएको छ। धार्मिक तथा आध्यात्मिक जागरणका उद्देश्यले आयोजना गरिएको उक्त महापुराणको समापन आगामी १८ को दिन हुने आयोजक समितिले जनाएको छ। पुराणको पहिलो दिन भव्य कलश यात्रासहित विधिवत् शुभारम्भ गरिएको थियो। स्थानीय भक्तजन, श्रद्धालु तथा विभिन्न क्षेत्रका व्यक्तिको उल्लेखनीय सहभागितामा कलश यात्रा सम्पन्न भएको थियो। मञ्चलाई आकर्षकरूपमा सजाइएको छ भने दैनिकरूपमा कथा वाचन, भजनकीर्तन तथा अन्य धार्मिक गतिविधिहरू सञ्चालन गरिने जानकारी दिइएको छ। आयोजकका अनुसार यस महायज्ञ तथा रामकथा पुराणले समाजमा धार्मिक चेतना अभिवृद्धि गर्नुका साथै आपसी सद्भाव र एकता सुदृढ बनाउने अपेक्षा गरिएको छ।

## डुवर्स दर्पण

# मेचपाड़ा चियाबारीमा प्री-लकआउट नोटिसले खैलाबैला



**कालचिनी, १४ फरवरी (निसं)**: दार्जीलिङ डुवर्स प्लान्टेसन (टी) लिमिटेड अन्तर्गतको मेचपाडा टी गार्डेनमा श्रमिकप्रबन्धन विवाद चर्किएपछि 'प्रिलकआउट' नोटिस जारी गरिएको छ। शुक्रबार साँझ जारी सूचनाअनुसार नयाँ सिजनको पहिलो दिनमै फर्स्ट फ्लसको पत्ती टिप्ने श्रमिकहरूले पूर्ण कार्यघण्टा पुरा नगरी दिउँसो लगभग १ बजे नै आफ्नो कार्यस्थल छाडेका थिए। श्रमिकहरूले अन्तिम तौल तत्काल गर्नुपर्ने माग राख्दै साँझ ३:३० बजेसम्म काम जारी राख्न अस्वीकार गरेको व्यवस्थापनको दाबी छ। कमान व्यवस्थापनका अनुसार २१ जनवरी २०२५ मा भएको त्रिपक्षीय सम्झौताअनुसार हरेक वर्ष पत्ती टिपाइ सुरु भएदेखि नै 'फुल बेला' अर्थात् पुरा कार्यसमय लागू हुने सहमति गरिएको थियो, जुन गत वर्षदेखि नै कार्यान्वयनमा आएको छ। तर, चियाबारीका श्रमिक पक्षका नेताप्रतिनिधिहरू, विशेष गरी टीसीबीएसयू र बीटीडब्ल्यूयू सम्बद्ध समूहले सालको बिदापछि होलीसम्म एक बेला मात्र काम गर्ने सहमति भएको दाबी गर्दै आएका थिए। यही विषयमा विवाद बढ्दै जाँदा कमान प्रबन्धन पक्षले दुई बेला काम गर्नुपर्ने आदेश जारी गरेको थियो। सोही आदेशप्रति असन्तुष्टि जनाउँदै श्रमिकहरूले समयअगावै काम छाडेपछि प्रबन्धनले यसलाई सम्झौता उल्लंघन र अनुशासनहीन गतिविधि ठहर गर्दै 'प्रिलकआउट' नोटिस जारी गरेको हो। सूचनामा कार्यस्थल छाड्दा तोकिएको समयमा अन्तिम तौल गर्न नसकिएको र केही मूल्यवान पहिलो फ्लस पातसमेत बगानमै फालिएको उल्लेख गर्दै बगानलाई आर्थिक क्षति पुगेको दाबी गरिएको छ। व्यवस्थापनले समयमै ज्याला, बोनस, भविष्यनिधि, वार्षिक बिदा ज्याला, उपदान लगायतका सबै दायित्व पुरा गरिएको पनि जनाएको छ। यसैबीच, प्रबन्धनले सबै श्रमिक, कर्मचारी र ट्रेड युनियनलाई त्रिपक्षीय सम्झौता पालना गर्दै बगानको शान्तिपूर्ण सञ्चालनमा सहयोग गर्न आग्रह गरेको छ। यदि पूर्ण कार्यसमय कायम नगरिएमा बगानको सञ्चालन आंशिक वा पूर्ण रूपमा बन्द गर्न बाध्य हुने चेतावनी दिँदै उक्त सूचनालाई 'प्रिलकआउट नोटिस' का रूपमा लिन अनुरोध गरिएको छ। उक्त नोटिसको प्रतिलिपि जिल्ला प्रशासन, पुलिस प्रशासन, श्रम विभाग तथा सम्बन्धित ट्रेड युनियनहरूलाई समेत पठाइएको जनाइएको छ। तर कमानका सञ्चालित ट्रेड यूनियनहरू तृणमूल समर्थित टीसीबीएसयू र भाजपा समर्थित बीबीडब्ल्यूयूका नेताहरू क्रमैले हिमाल लामा र श्यामल लामाले कमान प्रबन्धनपक्षले चुक्तिलाई मध्यनजर गर्दै कमान हितको लागि आदेश जारी गर्ने कुरामा आफूहरू आश्वस्त रहेको जनाएका छन्।

# किशोरी सशक्तिकरणका लागि 'कबड्डी फर चेञ्ज' प्रतियोगिता

**बानरहाट, १४ फरवरी (निसं)**: किशोरीहरूको सशक्तिकरण तथा सामाजिक परिवर्तनलाई लक्ष्य गर्दै 'कबड्डी फर चेञ्ज' पहलअन्तर्गत शनिबार जलपाइगढ़ी जिल्लामा विशेष कबड्डी प्रतियोगिता आयोजना गरिएको थियो। कार्यक्रम डुवर्स जागरण, कोलकात्तास्थित गैरसरकारी संस्था क्राई(चाइल्ड राइट्स एन्ड यु)अनि कापरी नामक संस्थाको संयुक्त आयोजनामा सम्पन्न भएको थियो। कार्यक्रमको सुरुआत स्वागत मन्तव्य तथा अतिथिहरूको अभिनन्दनसँगै गरिएको थियो।



आयोजकहरूले जानकारी दिएअनुसार यस पहलको मुख्य उद्देश्य किशोरी सशक्तिकरण, लैङ्गिक विभेदको अन्त्य, बालविवाह तथा बाल श्रम नियन्त्रण गर्नुका साथै बालअधिकारबारे जनचेतना अभिवृद्धि गर्नु हो। खेल केवल मनोरञ्जनको माध्यम मात्र नभई सामाजिक परिवर्तनको सशक्त साधन भएको उनीहरूको भनाइ थियो।

'कबड्डी फर चेन्ज' अभियानमार्फत किशोरीहरूमा आत्मविश्वास, नेतृत्व क्षमता तथा टिम भावना विकास गर्ने प्रयास गरिएको जनाइएको छ। प्रतियोगितामा १२ देखि १८ वर्ष उमेर समूहका किशोरीहरूले उत्साहपूर्वक सहभागिता जनाएका थिए। कुल पाँच टोली सहभागी भएका थिए, जसमा १८ वर्षमुनि समूहका तीन टोली र १४ वर्षमुनि समूहका दुई टोली रहेका थिए। १८ वर्ष उमेर समूहमा टोली उडान र टोली युनिकर्नलाई पराजित गर्दै टोली फिनिक्स विजेता बनेको थियो। उक्त समूहमा टोली फिनिक्सकी खेलाडी श्रमिष्ठा बरुवाले उत्कृष्ट प्रदर्शन गर्दै सबैको ध्यान आकर्षित गरेकी थिइन्। यसैगरी १४ वर्ष उमेर समूहमा टोली पन्खुडीले टोली भार्गवीलाई पराजित गर्दै उपाधि जितेको छ। खेल अवधिभर खेलाडीहरूमा उच्च उत्साह र खेल भावना देखिएको थियो। कार्यक्रममा समाजसेवी अनुप लाकडा, सन्तोष लाकडा, सन्तोष भुजेल, पिटी बस्ती एमएसके विद्यालयका शिक्षक दिलीप नायक, क्राई की फिल्ड एनीमेटर शबनम बेगमलगायत अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।

# गाउँका छोरालाई गौरवपूर्ण विदाइ

**नगरकट्टा, १४ फरवरी (निसं)**: नगरकट्टा खण्डअन्तर्गत ग्रासमोड चियाबारी, एक नम्बर लाइनमा शुक्रबार गर्व, भावुकता र प्रेरणाले भरिएको विशेष कार्यक्रम सम्पन्न भयो। सन् २०१९ को पुलवामा हमलामा शहीद भएका वीर जवानहरूलाई श्रद्धाञ्जली अर्पण गर्दै गाउँका छोराका रूपमा परिचित अभिषेक उराँवलाई राष्ट्रिय सेवाका लागि सम्मानपूर्वक विदाइ गरिएको थियो। ढोलनगाढासहित अभिषेकलाई फूलमाला, मिठाई र शुभकामनासहित बिदाइ गरिँदा गाउँलेहरूको आँखा रसाएका थिए भने मन गर्वले भरिएको थियो। साधारण चिया श्रमिक परिवारबाट राष्ट्रिय सुरक्षाबलमा चयन हुनु अभिषेकको व्यक्तिगत सफलता मात्र नभई सम्पूर्ण गाउँका लागि ऐतिहासिक उपलब्धि बनेको छ। तिनी गाउँका पहिलो युवक



हुन्, जसको चयन सीआईएसएफमा भएको हो। अभिषेकका पिता लामो समयदेखि अस्वस्थ छन् भने उनकी आमा चियाबारीमा श्रमिकका रूपमा कार्यरत छन्। सीमित स्रोतसाधनका बीच उनले कडा मेहनत, लगनशीलता र दृढ संकल्पका साथ यो सफलता हासिल गरेका हुन्। तिनले माध्यमिक र उच्च माध्यमिक शिक्षा चम्पागढ़ीस्थित सेन्ट मेरीज बोर्डिङ स्कुलबाट पुरा गरेका थिए भने स्नातक तहको अध्ययन मालबजारस्थित परिमल मित्र स्मृति महाविद्यालयबाट सम्पन्न गरेका हुन्। परिवारका जेठा सन्तानका रूपमा जिम्मेवारी बहन गर्दै उनले अध्ययनलाई निरन्तरता दिएका थिए। उनका भाइहरू हाल अध्ययनरत छन्। कार्यक्रमको प्रारम्भमा पुलवामा हमलाका शहीद जवानहरूलाई श्रद्धाञ्जली अर्पण गरिएको थियो। त्यसपछि अभिषेकलाई सम्मानपूर्वक विदाइ गरिएको हो। कार्यक्रमको नेतृत्व लुकसान ग्राम पञ्चायतका उपप्रधान तथा स्थानीय बासिन्दा सुरेश मिञ्जले गरेका थिए।

उपप्रधान मिञ्जले ग्रासमोड चियाबारीको एक नम्बर लाइन क्षेत्र शैक्षिक रूपमा पछाडि परेको भए पनि अभिषेकले कडा परिश्रमका कारण देशको सिपाही बन्न सफल भएको बताए। उनका अनुसार अभिषेकको सफलता गाउँका अन्य विद्यार्थीका लागि प्रेरणाको स्रोत बनेको छ। गाउँलेहरूको भनाइ थियो, हाम्रो छोरा देशको सेवामा जाँदैछ, यो हाम्रो लागि सबैभन्दा ठूलो सम्मान हो।

# ट्र्याक्टरसहित चालक पक्राउ

**बानरहाट,१४ फरवरी (निसं)**: प्रशासनिक नियम उल्लंघन गर्दै बानरहाट ब्लकअन्तर्गत डायना नदीबाट अवैध रूपमा ढुंगा उत्खनन गरी ओसारपसार गर्ने क्रममा बानरहाट पुलिसले एक ट्र्याक्टर नियन्त्रणमा लिएको छ। प्राप्त जानकारीअनुसार डायना नदीबाट ढुंगा लोड गरी लैजाँदै गरेको अवस्थामा पुलिसले ट्र्याक्टर रोकेर जाँच गरेको थियो।

चालकसँग वैध कागजात माग्दा आवश्यक कागजात देखाउन नसकेपछि ट्र्याक्टरलाई तत्काल नियन्त्रणमा लिइएको बताइएको छ। घटनाको आधारमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको पुलिसले जनाएको छ। यस सम्बन्धमा बानरहाट पुलिस सुत्रले नियम विपरीत अवैध रूपमा बालुवा तथा ढुंगा उत्खनन र तस्करी गर्नेहरू विरुद्ध निरन्तर अभियान सञ्चालन गरिने चेतावनी दिएका छन्। पुलिसका अनुसार नदी क्षेत्रबाट अवैध उत्खनन रोक्न कडा निगरानी बढाइएको छ।

# जयन्ती महाकाल भण्डारामा स्व. पासाङ लामा




**कालचिनी, १४ फरवरी**: महाशिवरात्रीको अवसरमा जयन्ती महाकाल मन्दिर परिसरमा लाग्ने भव्य महोत्सव यस वर्ष पनि श्रद्धालुहरूको भीडसँगै विशेष भावनात्मक क्षणले भरिएको देखिएको छ। जयन्ती नदीको तटमा विभिन्न स्थानबाट आएका भक्तजन तथा समितिहरूद्वारा सञ्चालन गरिएका अनेकौं भण्डारामध्ये सिलगढीबाट आएका एक भण्डाराले भने सबैको ध्यान विशेष रूपमा तानेको छ। सो भण्डारामा स्वर्गीय पासाङ लामाको तस्वीर राखिएको देखेपछि धेरै श्रद्धालुहरू र स्थानीयवासीहरू भावुक बनेका छन्। तस्वीर किन राखिएको भन्ने जिज्ञासा बढेपछि भण्डारा व्यवस्थापन समितिका अध्यक्ष लोकनाथ साहाले यसको पृष्ठभूमिबारे जानकारी दिएका छन्।

उनका अनुसार पासाङ लामा जीवित रहँदा यस स्थानमा भण्डारा सञ्चालन गर्न अनुमति दिएका थिए र त्यही सम्झनालाई सम्मान गर्दै विगत तीन वर्षदेखि यही ठाउँमा निरन्तर रूपमा भण्डारा लगाउँदै आइएको हो। जयन्ती नदी किनारमा बसेका धेरै भण्डारामध्ये यस भण्डारामा राखिएको तस्वीरले त्यहाँ पुग्ने श्रद्धालुहरूको ध्यान तानेको मात्र होइन, पासाङ लामाका परिवारजन तथा शुभचिन्तकहरूलाई पनि भावुक बनाएको छ। मन्दिरतर्फ जाने बाटोमै रहेको उक्त भण्डारामा तस्वीर देख्ने जो कोहीले तिनलाई सम्झँदै श्रद्धाञ्जली अर्पण गरिरहेको दृश्य देखिन्छ। महाशिवरात्रीको पावन अवसरमा आयोजित भण्डाराले जहाँ भक्तजनलाई प्रसाद वितरण गर्दै सेवा भाव झल्काएको छ, त्यहीं स्व. पासाङ लामाको सम्झनालाई जगेर्ना गर्दै उनको योगदानप्रति सम्मान प्रकट गर्ने माध्यम पनि बनेको स्थानीयहरूले बताएका छन्।

**NOTICE INVITING e-TENDER**
The Directorate of Cinchona & Other Medicinal Plants invites e-Tender for the Supply of materials for operation of Mushroom Spawn Production Lab and Other allied works of the Directorate vide NIT No. 01/DCOMP/TEN/2026 dated 12/02/2026 for which all interested Agencies/ Companies/Individuals are requested to go through the website https://wbtenders.gov.in
Sd/-

# जीतको खाता खोल्न सफल आयरल्याण्ड



**कोलम्बो, १४ फरवरीः** कप्तान लोर्कन टकर र गेरेथ डेलानीको विध्वंशी ब्याटिंगको दममा आयरल्याण्डले अन्तमा गएर आईसीसी टी२० विश्व कपमा जीतको खाता खोल्यो। शनिवार खेलिएको ग्रुप बी-को म्याचमा आयरल्याण्डले ओमानलाई सजिलैसँग ९६ रनले पराजित गर्‍यो। म्याचमा टस हारेर पहिला ब्याटिंग गर्दै आयरल्याण्डले २० ओभरमा ५ विकेटको नोक्सानमा २३५ रनको मजबूत स्कोर बनायो। टी२० विश्व कपको जारी संस्करणमा कुनै पनि टोलीले बनाएको सबैभन्दा ठूलो स्कोर हो। त्यसपछि ओमानले १८ ओभरमा १३९ रन बनाएर झिटीमिटी कस्यो। म्याचमा पहिला ब्याटिंग गर्दै आयरल्याण्डको शुरुवात खराब रह्यो अनि ६४ रनमै ४ विकेटको पतन भइसकेको थियो। मुश्किल परिस्थितिहरूबीच कप्तान लोर्कन टकरले टोलीलाई सम्हाले। टकरले ५१ बलमा दशवटा चौका र चारवटा छक्काको साथ अविजित ९४ रन बनाए। यसबाहेक गेरेथ डेलानीले ५६ र जर्ज डकरेलले अविजित ३५ रन बनाए। यसमा डेलानीले ३० बल खेलेर चारवटा छक्का र तीनवटा चौका लगाए। यसरी डकरेलले ९ बल खेलेर पाँचवटा गगनचुम्बी छक्का लगाए।

**कप्तान टकर र डेलानीको विध्वंशी ब्याटिंग**

टकरले डेलानीसँग पाँचौं विकेटको निम्ति १०१ अनि डकरेलसँग मिलेर छैटौं विकेटको निम्ति ७० रनको अटूट साझेदारी गरे। आयरल्याण्डले अन्तिम ५ ओभरमा ओमानका बलरहरूलाई पिट्नसम्म पिटेर ९३ रन बनायो। ओमानका बलरहरूमा शकील अहमदले सर्वाधिक ३ विकेट लिए। विशाल लक्ष्यलाई पीछा गर्दै ओमानले लगातार विकेट गुमायो। ओपनर आमिर कलीम र चौथो नम्बरमा ब्याटिंग गर्ने हमद मिर्जालाई छोड़ेर अन्य कसैले उल्लेखनीय ईनिंग्स खेल्न सकेनन्। कलीमले २९ बलमा पाँचवटा चौका र जोड़ी छक्काको सहायताले ५० रन बनाए। यसरी मिर्जाले ३७ बलमा आधा दर्जन चौका र एउटा छक्काको सहायताले ४६ रन बनाए। केवल २४ रनमा २ विकेट गुमाएपछि कलीम र मिर्जाले मिलेर स्कोर ९७ रनसम्म पुर्‍याए तर यी दुईबीचको साझेदारी तोड़िनको साथै ओमानको पतन शुरु भयो। आयरल्याण्डका बलरहरूमा जोश लिटलले सर्वाधिक ३ विकेट लिए। यसबाहेक म्याथ्यू हम्फ्रेयिश र बेरी म्याकर्थीले पनि २-२ विकेट बाँड़े।

### कुलदीप यादवले अन्तिम एकादशमा मौका पाउने सम्भावना

# स्पिनरहरूका स्वर्गमा चीरप्रतिद्वन्द्वी पाकिस्तानको चुनौती स्वीकार्न तयार टीम इण्डिया

**कोलम्बो, १४ फरवरीः** आईसीसी टी२० विश्व कपमा भारत र पाकिस्तानबीच बहुप्रतीक्षित म्याच आइतवार कोलम्बोमा खेलिनेछ। क्रिकेटप्रेमीहरूले यस म्याचमा लामो समयदेखि प्रतीक्षा गरिरहेका थिए। म्याच आर प्रेमादासा स्टेडियममा खेलिनेछ। सूर्यकुमार यादवको कप्तानीमा रहने भारत र सलमान अली आगाको कप्तानीमा रहने पाकिस्तानले आ-आफ्नो पहिलो २-२ वटा म्याच जितिसकेको छ। ग्रुप ए-मा भारत असल नेट रन रेटको आधारमा शीर्ष स्थानमा रहेको छ। म्याचको आयोजन स्थल आर प्रेमादासा स्टेडियमको पीचलाई स्पिनरहरूका स्वर्ग मानिने हुनाले आइतवार दुवै टोलीका स्पिनरहरूको महत्त्वपूर्ण भूमिका रहनेछ। भारतले पहिलो दुईवटा म्याचमा वरुण चक्रवर्ती र अक्षर पटेलको रूपमा दुईजना स्पिनर खेलाएको थियो तर पाकिस्तानविरुद्ध म्याचमा तेस्रो स्पिनरको रूपमा कुलदीप यादवले मौका पाउने प्रबल सम्भावना रहेको छ। कुलदीपले म्याच खेल्ने मौका पाए अर्शदीप सिंह बाहिर बस्नु पर्नेछ। जसप्रीत बुमराह र हार्दिक पाण्ड्याले पेस आक्रमण सम्हाल्नेछन्। पाकिस्तानी बलिंग आक्रमणको मुख्य स्तम्भ पनि स्पिन आक्रमण नै हुनेछ, जसमा अबरार अहमद र उस्मान तारिक रहेका छन्। विशेषगरी अफ् स्पिनर तारिकको बलिंग एक्शन अहिले चर्चाको विषय बनेको छ। पेटको संक्रमणले गर्दा दोस्रो म्याच खेल्नदेखि चुक्ने



अभिषेक शर्माले पाकिस्तानविरुद्ध म्याचमा खेल्ने कप्तान सूर्यकुमारले संकेत दिएका छन्। अस्पतालबाट छुट्टी पाएर टोलीमा सामेल भए पनि अभिषेकले म्याच खेल्ने सम्भावना कम्ती नै रहेको छ अनि यस्तो भए सञ्जु सेमसनले अझ एउटा मौका पाउनेछन्। भारतका दोस्रो ओपनर ईशान किशन अहिले विध्वंशी लयमा छन्। टी२० वर्ल्ड कप शुरु हुन अघि निकै मजबूत देखिएको भारतीय ब्याटिंग क्रमको गत दुईवटा म्याचमा प्रदर्शन सन्तोषजनक रहेन। अमेरिकाविरुद्ध पनि ७७ रनमा ६ विकेटको पतन भइसकेको थियो। यसरी नामीबियाविरुद्ध भारतले डेथ ओभर्समा केवल १ रनमा ४ विकेट गुमाएको थियो। दुवै म्याचमा सूर्यकुमार, ईशान र हार्दिक पाण्ड्याले संकटमोचकको भूमिका निर्वाह गरेका थिए। टोलीलाई तिलक वर्मा र शिवम दुबेबाट पनि असल ईनिंग्सको आशा रहनेछ। यसबाहेक रिंकू सिंहले पनि आफ्नो उपयोगिता साबित गर्ने समय आएको छ।

कोलम्बोमा मौसम विभागले आइतवार ५०-देखि ७० प्रतिशतसम्म वर्षाको सम्भावना व्यक्त गरेको छ। यस्तो भए म्याच छोटो या रद्द हुने प्रबल सम्भावना छ। भारत र पाकिस्तानबीच अहिलेसम्म टी२० विश्व कपमा आठवटा म्याच खेलिएको छ। यसमा भारतले सातवटा म्याच जितेको छ। इतिहास भारतको पक्षमा रहे पनि पाकिस्तानको टोली आत्मविश्वासी छ। पाकिस्तानले आफ्नो सबै म्याच कोलम्बोमा खेल्ने हुनाले सलमान आगाको टोलीसँग परिस्थितिहरूको असल जानकारी रहेको छ। यसबाहेक पाकिस्तानका ओपनर साहिबजादा फरहानलाई रोक्नु भारतीय बलरहरूका निम्ति ठूलो चुनौती हुनेछ, जो अहिले असाधारण लयमा रहेका छन्। यसबाहेक सईम अयूब र कप्तान सलमान आगा पनि पाकिस्तानी ब्याटिंग क्रमको मुख्य स्तम्भ हुनेछन्। म्याच भारतीय समयानुसार राति ७ बजीदेखि शुरु हुनेछ।

# भारत-पाक म्याचमा खलनायक बन्न सक्छ वर्षा



**कोलम्बो, १४ फरवरीः** भारत र पाकिस्तानबीच आईसीसी टी२० विश्व कपको म्याच खेलिन अब केवल एक दिन बाँचेको छ। लामो समयसम्म चलेको विवादपछि अन्तमा गएर आइतवार यी दुई चीरप्रतिद्वन्द्वी टोलीबीच जम्काभेट हुनेछ। गत वर्ष एशिया कपको फाइनलपछि यी दुई टोलीबीच पहिलोपल्ट भिड़न्त हुनेछ। म्याच कोलम्बोको आर प्रेमादासा स्टेडियममा खेलिनेछ तर म्याचको दिन कोलम्बोमा भारी वर्षाको चेताउनी जारी गरिएको हुनाले प्रशंसकहरूको चिन्ता बढ़ेको छ। श्रीलंकाको मौसम विभागले आइतवार भारी वर्षाको अनुमान व्यक्त गरेको छ। मौसम विभागले बताएअनुसार, बंगालको खाड़ीमाथि निम्न चाप रहेको छ अनि त्यसले गर्दा भारत र पाकिस्तानबीच म्याचको दिन भारी वर्षा हुन सक्छ।

मौसम विभागको पूर्वानुमान अनुसार, कोलम्बोमा दिनको शुरुवातमा चरम आद्रता रहनेछ अनि तापमान ३०-देखि ३१ डिग्री सेल्सियसबीच रहनेछ। यसरी दिउँसो आँधीको साथ भारी वर्षा हुने ५०-देखि ७० प्रतिशत सम्भावना रहेको छ। भारत र पाकिस्तानबीच म्याच राति ७ बजीदेखि शुरु हुनेछ अनि म्याच अघि नै वर्षा हुने सम्भावना छ। म्याच अघि नै वर्षा भए टस ढिलो गरी हुने या ओभरहरूको संख्यामा कटौती हुने सम्भावना छ। म्याच अघि वर्षा हुने सम्भावना भए पनि राति ८ बजीदेखि मौसम सफा रहने पनि अनुमान छ। बीच-बीचमा हल्का-हल्का वर्षा हुनसक्छ। आर प्रेमादासा स्टेडियमको ड्रेनेज सिस्टम असल रहेको हुनाले वर्षाको स्थितिमा पनि मैदानकर्मीहरूले चाँड़ै मैदान तयार गर्न सक्नेछन्। स्टेडियममा पीच मात्र नभएर पूरा मैदानलाई नै कभर्सले छोप्ने सुविधा रहेको छ। भारत-पाक म्याचलाई लिएर स्थानीय प्रशासनद्वारा कठोर सुरक्षा बन्दोबस्त गरिएको छ।

# स्पिनरहरूका धलिमलिबीच ब्याटरहरूका निम्ति रन बनाउनु ठूलो चुनौती

**कोलम्बो, १४ फरवरीः** आईसीसी टी२० विश्व कपअन्तर्गत भारत र पाकिस्तानबीच हाई भोल्टेज म्याच आइतवार कोलम्बोमा खेलिनेछ। म्याच आर प्रेमादासा स्टेडियममा खेलिनेछ, जहाँको पीचले साधारणत स्पिन बलरहरूलाई अतिरिक्त सहायता पुर्‍याउँछ। भारतीय टोलीमा मिस्ट्री स्पिनर वरुण चक्रवर्तीको साथमा अक्षर पटेल रहेका छन् तर पाकिस्तानको पनि स्पिन आक्रमण मजबूत रहेको छ। पाकिस्तानी टोलीमा पनि अबरार अहमद र उस्मान तारिक जस्ता स्पिनर छन्, जसले भारतीय ब्याटरहरूलाई चुनौती दिन सक्छन्। भारतीय टोली शुरुवाती दुईवटा म्याचमा दुईजना स्पिनरको साथ खेलेको छ।





अहिले कोलम्बोको पीचलाई ध्यानमा राखेर भारतले पाकिस्तानविरुद्ध तीनजना विशेषज्ञ स्पिनर खेलाउने सम्भावनालाई पनि खारेज गर्न सकिँदैन। भारतका महान क्रिकेटर सुनिल गावस्करले पनि पेस बलर अर्शदीप सिंहको स्थानमा कुलदीप यादवलाई खेलाउने सल्लाह दिएका छन्।

म्याचको अघिल्लो दिन अभ्यास सत्रको अवधि कप्तान सूर्यकुमार यादव र प्रशिक्षक गौतम गम्भीरले पीचको निरीक्षण अवश्यै गर्नेछन्। शुक्रवार यसै मैदानमा जिम्बाब्वेले अष्ट्रेलियालाई उलटफेरको शिकार बनाएको थियो। यसबाहेक मिस्ट्री स्पिनर चक्रवर्ती, अहमद र तारिकले पीचबाट कति अतिरिक्त सहायता पाउनेछन् भन्ने त म्याचको दिन नै थाहा लाग्नेछ। गत वर्ष आईपीएलको अवधि चक्रवर्तीको साइडस्पिनदेखि ओभरस्पिन गर्ने क्षमतामा सुधार आएको छ। कोणमा हल्का बद्लाउको साथ चक्रवर्तीले अन्य स्पिनरहरूका तुलनामा अधिक तेजीको साथ (औसत ९६ किमी प्रति घण्टा) बलिंग गर्छन् तर आर प्रेमादासा स्टेडियमको पीचले उनलाई धीमा बलिंग गर्न वाध्य गर्नसक्छ। यो बाबर आजम जस्ता ब्याटरहरूको निम्ति राम्रो संकेत होइन, जो चौथो नम्बरमा ब्याटिंग गर्छन् अनि चक्रवर्तीको बलिंगमा संघर्ष गर्दै आएका छन्। पाकिस्तानका पूर्व कप्तान बाबर अहिले पनि शुरुदेखि संघर्ष गरिरहेका छन् अनि अमेरिकाविरुद्ध गत म्याचमा पनि आधुनिक क्रिकेटको हिसाबले खेल्ने उनको हिच्किचाहटको नमूना देख्न पाइयो। चक्रवर्तीको जवाफ दिन पाकिस्तानसँग पनि तारिकको रूपमा लयमा रहने बलर रहेको छ। उनको साइड आर्म एक्शन र बल छोड़नअघि क्रीजमा सामान्य रोकिने तरिकाको क्रिकेट जगतमा निकै चर्चा भइरहेको छ। अब आइतवार यस अफ् स्पिनर समक्ष भारतको मजबूत ब्याटिंग लाइन अप-लाई रोक्ने चुनौती रहनेछ। अबरार अहिले आफ्नो सर्वश्रेष्ठ लयमा नरहे पनि उनीसँग भारतीय टोलीसँग खेल्ने पर्याप्त अनुभव रहेको छ।

# उद्‌घाटन म्याचमा मोहन बगानको जीत

**कलकत्ता, १४ फरवरीः** लामो प्रतीक्षापछि इण्डियन सुपर लीग (आईएसएल)-को नयाँ सत्र अन्तमा गएर शनिवार एउटा नयाँ अनि छोटो प्रारूपमा शुरु भयो। शनिवार सल्ट लेक स्टेडियममा खेलिएको टुर्नामेण्टको उद्‌घाटन म्याचमा गत संस्करणको च्याम्पियन मोहन बगानले केरला ब्लास्टर्सलाई २-०-ले पराजित गर्‍यो। आफ्नो घरेलु मैदानमा ६५ प्रतिशत पोजेशनको साथ खेल्ने मरिनर्सको निम्ति जेमी म्याकलरेनले ३६औं मिनटमा गोलको खाता खोले। त्यसपचि टम अल्ड्रेडले म्याचको अन्तिम समय (इञ्ज्युरी टाइमको सातौं मिनट)-मा अझ एक गोल गरी मोहन बगानको जीतमा मोहर लगाए। आईएसएलको जारी सत्र चार महिना ढिलो गरी शुरु भएको हुनाले अब लीगलाई १४ वटा टोलीबीच एउटा छोटो प्रारूपमा खेलिनेछ। हरेक टोलीले तीन महिनाको लीगमा १३ वटा गरेर म्याच खेल्नेछ अनि अंक तालिकाको शीर्षमा रहने टोली च्याम्पियन बन्नेछ। यसरी जम्मा ९१ वटा म्याच खेलिनेछ अनि निरन्तर असल प्रदर्शन गर्ने टोली नै च्याम्पियन बन्नेछ।

# पराग बने राजस्थान रोयल्सको कप्तान

**नयाँ दिल्ली, १४ फरवरीः** इण्डियन प्रीमियर लीग (आईपीएल) २०२६ सत्र अघि राजस्थान रोयल्सलाई नयाँ कप्तान प्राप्त भयो। राजस्थान फ्रेञ्चाइजीले रियान परागलाई टोलीको कप्तान नियुक्त गरेको छ। उनले टोलीमा सञ्जु सेमसनको स्थान लिनेछन्। सेमसनले यस सत्रदेखि चेन्नई सुपर किंग्स (सीएसके)-को प्रतिनिधित्व गर्नेछन्। राजस्थान रोयल्सले सोशल मीडियाको माध्यमले नयाँ कप्तानको घोषणा गरेको छ। राजस्थानले आईपीएल २०२६-को निम्ति भएको मिनी लिलामी अघि सेमसनलाई सीएसके-सँग ट्रेड गरेको थियो। राजस्थानले सेमसनको स्थानमा सीएसके-का दुईजना अलराउण्डर सेम कुरेन र रविन्द्र जडेजाललाई टोलीमा सामेल गरेको थियो। राजस्थानसँग कप्तानको रूपमा जडेजाको पनि विकल्प थियो तर फ्रेञ्चाइजीले कोर ग्रुपबाट नै कप्तान चयन गरेको छ।



परागले गत केही सालदेखि लगातार राजस्थानको प्रतिनिधित्व गरिरहेका छन् अनि गत सत्रमा चोटले गर्दा सेमसन केही म्याचमा बाहिर रहँदा परागले नै टोलीको कप्तानी सम्हालेका थिए। गत सत्रमा सेमसनले चोटले गर्दा आठवटा म्याच खेल्न सकेका थिएनन्। उनको अनुपस्थितिमा परागले टोलीको अगुवाई गरेका थिए। परागको कप्तानको रूपमा चाहिँ रेकर्ड त्यति राम्रो रहेको छैन अनि उनको कप्तानीमा टोलीले आठमा केवल दुईवटा म्याच जितेको थियो। राजस्थानको निम्ति आईपीएल २०२६-को सत्र अलग हुनेछ कारण टोली नयाँ कप्तान अनि नयाँ मुख्य प्रशिक्षकको मार्गदर्शनमा मैदानमा ओर्लिनेछ। राहुल द्रविड़को स्थानमा यसपाली श्रीलंकाका कुमार संगकारालाई मुख्य प्रशिक्षकको भूमिकामा देखिनेछ। राजस्थानको निम्ति गत सत्र असल रहेको थिएन अनि टोलीले १४-मा केवल चारवटा म्याच जित्न सक्को थियो। यसरी टोलीले अंक तालिकामा नवौं स्थानमा रहेर अभियान समाप्त गरेको थियो। परागले २०१९-मा आईपीएल पदार्पण गरेका थिए अनि उनले अहिलेसम्म ८४ वटा म्याच खेलिसकेका छन्। २०२४-को सत्रमा उनी असाधारण लयमा थिए अनि उनले १५०-को स्ट्राईक रेटले ५७३ रन बनाएका थिए। टोलीलाई यस सत्रमा कप्तानबाट त्यस्तै प्रदर्शनको आशा रहनेछ।

### राशिदको उत्कृष्ट बलिंगपछि बेण्टनको म्याच जिताउने अर्द्धशतक

# जीतको गोरेटोमा फर्किन सफल ईंग्ल्याण्ड

**ईडन गार्डन्स, १४ फरवरीः** अनुभवी स्पिनर आदिल राशिदको अगुवाईमा बलरहरूका उत्कृष्ट प्रदर्शनपछि टम बेण्टन (अविजित ६३)-को अर्द्धशतकीय ईनिंग्सको दममा ईंग्ल्याण्डले आईसीसी टी२० विश्व कपको म्याचमा स्कटल्याण्डलाई ५ विकेटले पराजित गर्‍यो। गत म्याचमा वेष्ट इण्डिजविरुद्ध निराशाजनक हारलाई भुलेर ईंग्ल्याण्डले आज ब्याट र बल दुवैको साथ असाधारण प्रदर्शन गर्‍यो।

यस जीतको साथ ईंग्ल्याण्ड तीनवटा म्याचमा ४ अंकको साथ दोस्रो स्थानमा रहन पुग्यो। ग्रुपमा वेष्ट इण्डिज दुईवटा म्याचमा त्यति नै अंकको साथ नेट रन रेटको आधारमा शीर्ष स्थानमा रहेको छ। यसरी तेस्रो स्थानमा रहने स्कटल्याण्डसँग २ अंक रहेको छ। म्याचमा टस हारेर पहिला ब्याटिंग गर्दै स्कटल्याण्डले १९.४ ओभरमा १५२ रन बटुलेर झिटीमिटी कस्यो। जवाफमा ईंग्ल्याण्डले १० बल



आईसीसी टी२० विश्व कप

**आजका म्याचहरू**

वेष्ट इण्डिज बनाम नेपाल
दिउँसो ११:०० बजीदेखि

अमेरिका बनाम नामीबिया
दिउँसो ०३:०० बजीदेखि

भारत बनाम पाकिस्तान
राति ०७:०० बजीदेखि

बाँकी रहँदै ५ विकेटको नोक्सानमा १५५ रन बनाएर म्याच जित्यो। अविजित अर्द्धशतकको साथ जोड़ी क्याच लिने टम बेण्टनलाई प्लेयर अव् द म्याच चयन गरियो।

लक्ष्यलाई खेदो गर्दै ईंग्ल्याण्डको शुरुवात असल रहेन। ओपनरद्वय फिल सल्ट (२) र जोस बटलर (३ रन) आउट हुँदा स्कोर केवल १३ रन रहेको थियो। शुरुवाती धक्कापछि बेण्टनले मोर्चा सम्हाले। उनले पहिला जेकब बेथेलसँग मिलेर तेस्रो विकेटको निम्ति ६६ रनको साझेदारी गरे। ईंग्ल्याण्डले पछिबाट बेथेल र कप्तान ह्यारी ब्रूक (४)-को विकेट लगातार अन्तरालमा गुमाए पनि बेण्टनले रन बनाउन जारी राखे। बेथेलले २८ बलमा ३२ रन बनाए। चौथो विकेटको पतनपछि बेण्टनले अलराउण्डर सेम कुरेनबाट असल साथ पाए। यी दुईजनाले मिलेर स्कोरलाई १३२ रनसम्म पुर्‍याए। लयमा देखिएका कुरेन जोड़ी छक्का र एउटा चौकाको साथ २० बलमा २८ रन बनाएर १७औं ओभरमा आउट भए। त्यसपछि बेण्टनले विल ज्याक्ससँग मिलेर टोलीलाई सजिलै जीत दिलाए। ज्याक्स १६ रनमा अविजित रहे।

यसअघि ईडन गार्डन्समा पहिला ब्याटिंग गर्दै स्कटल्याण्डको पनि शुरुवात निराशाजक रह्यो अनि १८ रनमै २ विकेटको पतन भइसकेको थियो। त्यहाँबाट कप्तान रिची बेरिंगटनले ओपनर माइकल जोन्ससँग मिलेर स्कोर ४२ रनसम्म पुर्‍याए। जोन्स २० बलमा पाँचवटा चौका र एउटा छक्काको साथ ३३ रन बनाएर आउट भए। जोन्स आउट भएपछि बेरिंगटनले टम ब्रूस (२४ रन)-बाट असल साथ पाए अनि यी दुईजनाले मिलेर चौथो विकेटको निम्ति ७१ रनको साझेदारी गरे। कप्तान बेरिंगटनले टोलीको निम्ति सर्वाधिक ५९ रन बनाए। उनले ३२ बल खेलेर पाँचवटा चौका र जोड़ी छक्का लगाए। स्कटल्याण्डको निम्ति तल्लो क्रममा कसैले पनि उल्लेखनीय योगदान दिन सकेनन्। ओलिवर डेविडसन २० रनमा अविजित रहे। ईंग्ल्याण्डका बलरहरूमा राशिदले ३६ रन खर्च गरी सर्वाधिक ३ विकेट लिए। यसरी जोफ्रा आर्चर र लियाम लिविंगस्टोनले २-२ विकेट बाँड़े।

ADVT

₹१ डियर साप्ताहिक लटरीको करोड़का विजयी बने पुरूलियाका एक निवासी



पश्चिम बंगाल, पुरूलियाका निवासी शिवास महतोले दिनांक 24.11.2025 मा ड्र भएको डियर साप्ताहिक लटरीको टिकट नम्बर **78L 48627** मा एक करोड़ रुपियाँको प्रथम पुरस्कार जितेका छन्। तिनले कोलकातामा अवस्थित नागाल्याण्ड राज्य लटरीको नोडल अफिसरकहाँ पुरस्कारको मागको फारमसहित आफ्नो विजयी टिकट जमा गरेका छन्। विजेताले भने, जीवनमा कुनै प्रकारले आर्थिक स्थिति दह्लिलो भयो भने कुनै पनि व्यक्तिको लागि त्यो एउटा महत्त्वपूर्ण मोड़ हुनेछ। डियर लटरीको विशाल पुरस्कारको रकमले हाम्रो जीवनलाई सुन्दर बनाउनका लागि एउटा राम्रो अवसर दिएको छ। यो जीवनकालीन उपहारको लागि डियर लटरी एवम् नागाल्याण्ड राज्य लटरीप्रति म कृतज्ञता व्यक्त गर्न चाहन्छु। डियर लटरीको प्रत्येक खेला सोझै अनलाइन देखाइन्छ।

*विजेताको तथ्य सरकारी वेबसाइटबाट सङ्ग्रहित।

Printed by Sandip Kumar Choudhary and printed at Darpan Times Private Limited, Telanipara, Opp. Goyal Ware House, Sahudangihat-735135, District: Jalpaiguri; and published by Shibu Chhetri and published at 'Galaxy House', 2nd Floor,Sevoke Road, Siliguri - 734001 on behalf of Tidings Media & Communications Private Limited (Siddha Esplanade, 9th Floor, 6 Jawaharlal Nehru Road, Kolkata - 700013); Editor Shibu Chhetri RNI Regn. No.: WBNEP/2000/07953

सन्दीप कुमार चौधरीद्वारा मुद्रित अनि दर्पण टाइम्स प्राइभेट लिमिटेड, तेलानीपाड़ा, गोयल वेयर हाउसको विपरीत, साहुडाँगीहाट-735135, जलपाइगढ़ी-मा मुद्रित अनि शिबु छेत्रीद्वारा प्रकाशित अनि टाइडिंग्स मिडिया एण्ड कम्युनिकेशन्स प्राइभेट लिमिटेड (सिद्धा एस्प्लानेड, नवौं तला, 6 जवाहरलाल नेहरू रोड, कोलकाता-700013)-को पक्षमा ग्यालेक्सी हाउस, दोस्रो तला, सेभोक रोड, सिलगढ़ी-734001-बाट प्रकाशित; सम्पादक शिबु छेत्री। RNI, Regn No: WBNEP/2000/07953